# परिच्छेद : एक

# शोध परिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **"साहित्यकार राजेन्द्र थापाको द्रौपदी उपन्यासको औपन्यासिक तत्त्वका आधारमा अध्ययन"** रहेको छ ।

## १.२ शोधार्थी

नरेशकुमार गुरुङ, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, महेन्द्ररत्न वहुमुखी क्याम्पस इलाम, नेपाली विभाग, स्नात्तकोत्तरतह द्वितीय वर्ष ।

## १.३ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अर्न्तगत महेन्द्ररत्न वहुमुखी क्याम्पस इलाम, नेपाली विभागको स्नात्तकोत्तर तह द्वितीय वर्षको दशौँ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.४ शोध परिचय

प्रस्तुत शोधपत्रको शीर्षक **"साहित्यकार राजेन्द्र थापाको द्रौपदी उपन्यासको औपन्यासिक तत्त्वका आधारमा अध्ययन"** रहेको छ । राजेन्द्र थापाको जन्म काठमाडौँको डिल्लीबजारमा वि.सं. २००८ भाद्र १७ गते भएको हो । उनले वि.सं. २०२२ सालमा पद्मोदय हाइस्कुलबाट १४ वर्षको उमेरमा एस.एस.सी. उत्तीण गरेका थिए । वि.सं. २०२५ सालमा त्रिचन्द्र कलेजबाट आई.ए. उत्तीर्ण गरेका थापाले त्रिचन्द्र कलेजमा वि.ए. पढ्दै गर्दा वि.सं. २०२६ सालमा शाही नेपाली सेनाको अधिकृत क्याडेटमा छनौट भएपछि स्नातक तहको पढाइलाई अघि बढाउन सकेनन् (जोशी:२०६५) । वि.सं. २०२६ सालबाट नेपाली साहित्यमा देखापरेका थापाका हालसम्म एक गीत सङ्ग्रह **"यस पाली त मनै फाट्यो"** (

२०५३), तीन वटा गजल सङ्ग्रह **"सूर्जे पनि अस्ताउन मात्रै"** (२०६२), **"सहनेकै छात्ती अचानो"** (२०६२), **"भुई मान्छे एक भुईमान्छे दुई"** (२०६५), कविता सङ्ग्रह **"तेस्रो व्यक्ति"** (२०६९), उपन्यासमा **"खेलौना उपन्यास"** (२०६९), **"द्रौपदी उपन्यास"** (२०७०), जस्ता कृतिहरु प्रकाशन भएका छन् (पोखरेल **:** २०७०)।

थापाको पहिलो उपन्यास "खेलौना"मा उनले नेपाली समाजमा व्याप्त रहेको यौन मनोविज्ञानमा आधारित भई विषेशतः नेपाली नारीहरुले आफ्ना लोग्ने, घर परिवार तथा समाजको लागि खटिरहनु पर्ने पूरातनवादी सोच तथा विचारलाई अहिलेको आधुनिक नारीहरुले कसरी प्रतिवाद तथा विद्रोहको आवाज प्रकट गर्न खोज्छन् तथा कतिसम्म आफ्ना विद्रोही स्वरहरु निकाली पूरातनवादी, रुढिवादी अन्धविश्वासलाई तोडेर अगाडि बढ्न सक्छन् भन्ने कुरा उपन्यासकी मुख्य पात्र स्मिता मार्फत् देखाउन खोजेका छन्। (पोखरेल **:** २०७०) खेलौना उपन्यासको तात्विक विश्लेषण र नारीवादी चिन्तन शीर्षकमा अध्ययन भएको छ।

**"द्रौपदी"** थापाको दोस्रो औपन्यासिक कृति हो। यस उपन्यासमा थापाले पितृसत्तात्मक समाजमा नारी कति पीडित छन् ? नारीले आफ्नो अस्तित्व पहिचानका लागि कसरी सङ्घर्ष गर्नु पर्दछ ? भन्ने कुरा स्पष्ट पारेका छन्। महिलाका लागि आफ्नै घर आफ्नै परिवारका पुरुषबाट यो समाज कति असुरक्षित छ ? भन्ने कुरा देखाईएको छ। हालसम्म यस कृतिकोऔपन्यासिक तत्वका आधारमा अध्ययन नभएको हुँदा विधा तात्विक अध्ययन विधिलाई आत्मसाथ गरी यस कृतिको अध्ययन गर्न लागिएको छ।

## १.५ समस्याकथन

**द्रौपदी** (राजेन्द्र थापा २०७०), नेपाली साहित्यमा यौन जन्य हिंसामा आधारित भएर लेखिएको उत्कृष्ट कृति हो। यस कृतिको औपन्यासिक तत्वका आधारमा अध्ययन गर्दा मुख्य रुपमा निम्नलिखित समस्यालाई केन्द्रबिन्दु बनाएर अध्ययन गरिएको छ।

क) उपन्यासका तत्वहरू के कस्ता छन् ?

ख) यस उपन्यासमा राजेन्द्र थापाले विषयवस्तुलाई कसरी अभिव्यक्त गरेका छन ?

ग) राजेन्द्र थापाको औपन्यासिक यात्रा र प्रवृत्तिहरु के कस्ता रहेका छन् ?

घ) औपन्यासिक तत्वका आधारमा **द्रौपदी** उपन्यास के कस्तो छ ?

ङ) नेपाली औपन्यासिक जगतमा थापाको औपन्यासिक शिल्पलाई कसरी मुल्याङ्कन गर्न सकिन्छ ?

## १.६ शोधको उद्देश्य

कुनै पनि शोधकार्यको उद्देश्य सम्वद्ध शोध समस्याहरुको प्रभाविक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोध समस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने काम गर्छ । उद्देश्यले ती समस्याहरुलाई सामाधान गर्ने बाटो देखाउँछ । त्यसैले शोध शीर्षकमा केन्द्रित हुन्छ भने उद्देश्य समस्यामा केन्द्रित हुन्छ । कुनैपनि अध्ययन अनुसन्धान कार्य आफैंमा समस्याको पोको हो । त्यही समस्याको पोकोबाट उपयुक्त समस्याको पहिचान गर्न सके मात्र अनुसन्धानलाई निश्चित गन्तव्यमा पुऱ्याउन सकिन्छ । तसर्थ प्रस्तुत शोधको समस्या कथनमा उठेका समस्याहरुको समाधानार्थ **द्रौपदी** उपन्यासको विस्तृत रुपमा अध्ययन गर्नका लागि निम्नानुसार उद्देश्यहरुमा केन्द्रित रहेको छ ।

क) उपन्यासका तत्वहरु निरुपण गर्नु ।

ख) राजेन्द्र थापाका औपन्यासिक यात्रा र प्रवृत्तिहरु केलाउनु ।

ग) औपन्यासिक विधा तत्वको आधारमा **द्रौपदी** उपन्यासको अध्ययन गर्नु ।

## १.७ पूर्वकार्यको समीक्षा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअधि सम्पन्न गरिएका कार्यहरु (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रुपममा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । शोधार्थीले शोधकार्यको आरम्भ गर्दा वा त्यसका निम्ति शोधपत्र तयार गर्दा आफूले शोध गर्न चाहेको विषयमा त्यसपूर्व के कति अध्ययन,खोज,अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नु पर्ने हुन्छ, जसलाई पूर्वकार्यको खोज भनिन्छ । यसले सम्बन्धित विषयमा त्यस पूर्व के कति अध्ययन अनुसन्धान भएका छन् के कति काम बाँकि छन्

भन्ने कुराको जानकारी प्रदान गर्दछ । पूर्वकार्यको पुनरावलोकनमा पूर्वकार्य गर्ने व्यक्तिले आफुले चयन गरेको शोध शीर्षकसँग सम्बन्धित विषयमा कुन प्रयोजनले कुन पद्धति वा विधि अपनाएर के कति काम गरेको छ, उक्त कार्य आफ्नो शोध कार्यको प्रयोजन र प्रकृतिसँग मिल्दछ । त्यस विषयमा गर्न बाँकि चुनौतीपूर्ण कामहरु के कति छन् त्यस क्षेत्रमा अब कुन-कुन प्रश्न र समस्याहरु विद्यमान छन् भन्ने कुराको निर्क्यौल पूर्वकार्यको पुनरावलोकनबाट गर्न सकिन्छ । पूर्वकार्यको अवलोकनले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न,सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न अवधारणा स्पष्ट पारी परिभाषीकरण गर्न प्राक्कल्पना निर्माण गर्न पुनरावृत्तिका सम्भावनालाई हटाउन,सम्भावित त्रुटिहरुबाट जोगिन,नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, समस्याको सान्दर्भिकता स्थापित गर्न, विश्लेषणको आधार खोज्न, शोधका आवश्यकता बोध गराउन सहयोग पुऱ्याउँछ । जसले अनुसन्धान कार्यलाई निर्धारित लक्ष्यमा पुऱ्याउन सहयोग गर्दछ ।

यस कृतिका बारेमा उपलब्ध केही पूर्वकार्यको विवरण तल प्रस्तुत गरीएको छ । लक्ष्मी थापाले बि.सं. (२०७१) मा पृथ्वीनारायण क्याम्पस पोखराबाट **"नारीवादी कोणबाट द्रौपदी उपन्यासको विश्लेषण"** शीर्षकमा शोध भएको छ । यो शोधले नारीवादिका सैद्धान्तिक मान्यताहरु, नारीवादी उपन्यासको विकासक्रम राजेन्द्र थापाका साहित्यिक यात्राक्रम नारीवादी कोणबाट **द्रौपदी** उपन्यासको विश्लेषण गरिएको छ ।

साहित्यकार पूण्यप्रसाद प्रसाइँले **द्रौपदी** उपन्यासको भूमिकामा "महिलालाई सशक्त र सामर्थ्यवान बनाउनु, **द्रौपदी** भन्ने शीर्षकमा नारी जातिले जन्मदेखि मृत्युसम्मभोग्नु परेका सानोदेखि सानोसम्मका कुरा यस उपन्यासमा रहेको छ, भन्नु भएको छ ।" आफ्नो घरभित्र आफ्नै घरका पुरुष सदस्यबाट एउटी नारीले भोगेका अनेक यातना, पीडा र समस्या नै उनीहरुको नियति बनेर आएको छ भनी चर्चा प्रस्तुत गरेका छन् । (प्रसाई, भूमिका खण्ड, पृष्ठ १९) उपन्यासकार रोजन्द्र थापाले नयाँ पत्रिकामा **"राजेन्द्र थापासँग स्त्री सम्वाद"** शीर्षक लेखमा **द्रौपदी** पुरुष मनोग्रन्थीलाई आधार बनाएर लेखिएको उपन्यासको हो भन्नु भएको छ । यस उपन्यासमा पुरुष मनोग्रन्थीलाई व्यापक रुपमा चिरफार गरिएको छ भनेर लेखक स्वयम्ले भनेका छन् ।

थापाद्वारा लिखित दोस्रो उपन्यासका रुपमा रहेको **द्रौपदी** उपन्यासको कथावस्तुलाई हाम्रै समाजमा घटेको सत्य घटना हो र यसमा रहेका चरित्र र कथावस्तु पनि आधाजति सत्य हुन् । नाम र ठाउँको परिवेश मात्र फेरबदल गरिएको भनेर उपन्यासकार स्वंयम्ले बताएका छन् । यस 'द्रौपदी' उपन्यासका बारेमा विभिन्न टीका टिप्पणी गरेतापनि यस कृतिको बारेमा विधा तात्विक अध्ययन गरिने हुँदा यसै आधारमा केन्द्रित रही यस कृति **द्रौपदी**को अध्ययन गरिएको छ ।

## १.८ शोधको औचित्य र महत्त्व

**द्रौपदी** उपन्यासको विभिन्न पत्रिकामा सामान्य चर्चा र नारीवादी दृष्टिकोणको विश्लेषण गरे तापनि यस कृतिको विधा तात्विक अध्ययन गरिएको छैन । विभिन्न साहित्यकारहरुले विभिन्न खाले टिका टिप्पणी गरेका भएतापनि औपन्यासिक तत्वका आधारमा अध्ययन गर्नु आवश्यक देखिन्छ । त्यसैले यसको अध्ययन सार्थक देखिन्छ ।

## १.९ शोध कार्यको सीमाङ्कन

उपन्यासकार राजेन्द्र थापाले नेपाली साहित्यका क्षेत्रमा ठूलो योगदान पुऱ्याएका छन् । उनको लेखनको प्रमुख विधा, गीत र गजल भए पनि त्यस पछिको विधा उपन्यास नै देखिन्छ । प्रस्तुत शोधकार्यमा थापाको औपन्यासिक यात्रा र मुलभूत प्रवृत्रिहरुको चर्चा गर्दै **द्रौपदी** उपन्यासको विविध कोणबाट अध्ययन गरिएको छ । औपन्यासिक तत्वको आधारमा यस उपन्यासको अध्ययन गर्नु नै यस शोध कार्यको सीमा रहेको छ ।

## १.१० सामग्री सङ्कलन विधि

यस शोध कार्यमा सामाग्री सङ्कलनको लागि पुस्तकालयीय पद्धतिलाई मूल आधार बनाईएको छ । सम्बन्धित विषयका पाठ्यपुस्तकहरु र पत्रिका तथा विभिन्न सम्बन्धित अप्रकाशित शोध पत्रहरुको समेत सङ्कलन गरिएका सामाग्रीको प्रयोग गरीएको छ साथै शोध-निर्देशकको सल्लाह बमोजिम शोध कार्यलाई अन्तिम रुप दिएको छ र प्रस्तुत शोध कार्य **द्रौपदी** उपन्यासको अध्ययन गरिएको हुँदा अध्ययन पद्धति अंगालिएको छ ।

## १.११ शोध विधि

यो शोधपत्र तयार गर्ने क्रममा उपन्यासकारका कृतिलाई सङ्कलन गरी तिनको तुलनात्मक, व्याख्यात्मक एवम् वर्णनात्मक विधिको आवश्यकता अनुसार उपयोग गरिएको छ ।

## १.१२ शोध कार्यको रुपरेखा

शोधपत्रको संरचनालाई सुसंगठित र सुव्यवस्थित रुपमा प्रस्तुत गर्नका लागि आवश्यकता अनुसार विभिन्न परिच्छेद वा अध्याय र त्यस अन्तरगत विभिन्न शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ । शोध कार्यको संरचनालाई पूर्णता दिन, व्यवस्थित बनाउन र मर्यादित तुल्याउनको लागि उक्त शोधकार्यलाई पाँच अध्यायमा विभाजन गरी निम्नलिखित ढाँचामा प्रस्तुत गरिएको छ ।

१. परिच्छेद : एक : शोध परिचय

२.परिच्छेद : दुई : उपन्यास सिद्धान्त

३.परिच्छेद : तीन : राजेन्द्र थापाले औपन्यासिक यात्रा तथा प्रवृत्ति

४.परिच्छेद : चार : **द्रौपदी** उपन्यासको औपन्यासिक तत्वका आधारमा अध्ययन

५.परिच्छेद : पाँच : उपसंहार तथा निष्कर्ष

सन्दर्भग्रन्थ सूची

*

# परिच्छेद : दुई

# उपन्यास सिद्धान्त

## २.१ उपन्यासको ऐतिहासिक पृष्ठभूमि

साहित्यलाई समाजको दपर्ण मान्ने हो भने त्यो कुरा उपन्यासले जति पूर्णता र समग्रताका साथ प्रमाणित गर्दछ, त्यति अरु कुनै साहित्यिक विधाले गर्दैन । महाकाव्य र नाटक उपन्यासको समकक्ष हुन्छन्, तर ती बैधानिक बन्धनमा कसिएका हुन्छन् । उपन्यासलाई अभिव्यक्तिको पूर्ण स्वतन्त्रता हुन्छ । फलस्वरुप समाजको वास्तविक स्वरुप र चरित्रलाई पत्यार लाग्दो किसिमले कुनै अतिरञ्जना बिना स्वभाविक रुपमा चित्रण गर्नु यस विधाको धर्म हो । यो कुरा विश्वका उत्तमकोटिका सफल उपन्यासहरुले प्रमाणित गरेका छन् । उपन्यासको अर्को विशेषता के छ, भने नाटकीय गुण र ठाउँमा वर्णन गरिने प्राकृतिक दृश्य भावुकतापूर्ण रागात्मक अभिव्यक्तिले गर्दा यसले एक्लै नाटक र महाकाव्य दुवै विधाको आनन्द प्रदान गर्दछ । त्यसैले मरियन क्राफोर्डले उपन्यासलाई 'पाकेट थिएटर' भनेका छन् (उपाध्याय, २०४९ : १२९) । उपन्यास तत्सम शब्द हो । 'उप' उपसर्गबाची पद पूर्वमा हुने व्यास शब्दको संयोजनबाट निर्मित उपन्यास शब्दको समीपमा बित्यास गरिने भन्ने अर्थ व्यक्त गर्दछ । यसको शाब्दिक व्युत्पति केलाउने हो, भने 'अस' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'घञ्' (अ) प्रत्यय लागेर बनेको देखिन्छ । उपन्यास शब्द नेपाली साहित्यको ललित गद्यकाव्यको आख्यानात्मक प्रविधालाई सङकेत गर्नमा प्रवृत्त छ । आख्यान तत्व प्रबल भएको र जीवन जगतको सत्य तथ्य विम्वलाई ग्रहनीय र मननीय र अनुकरणीय बनाएर प्रस्तुत भएको रचना विधालाई उपन्यास नामाकरण गरियो । (बराल र एटम, २०६६ : ३) । उप + नि + अस् + अञ् (अ) उपन्यास 'अस्' धातुबाट राख्नु भन्ने अर्थबोध हुन्छ, भने उपन्यास शब्दबाट 'नजिक राख्नु' अर्थ हुन आउँछ । संस्कृति भाषामा उपन्यास शब्दको प्रयोग 'अर्थको व्यक्तिपूर्ण प्रस्तुतीकरण' 'प्रतिमुख सन्धिको एउटा भेद', 'स्थापना गर्नु', 'प्रदर्शक वाक्य' आनन्द गराउने वाक्य, का अर्थमा गरिएको पाइन्छ । आजको साहित्यिक परिसरमा लोकप्रिय तथा जीवनलाई सर्वोत्कृष्ट रुपमा आत्सात् गर्न सक्ने विधाको रुपमा उपन्यास चर्चित रहेको छ र यो अङ्गेजी शब्द 'novel' को नेपाली रुपान्तरण हो । उपन्यासलाई अङ्ग्रेजी शब्द 'novel को पयार्यवाचीका रुपमा गरिएको सर्वप्रथम 'novel'

को पुर्ख्यौली खोज्नु आवश्यक हुन्छ । 'novel' शब्द इटालेली भाषाको 'novella बाट बनेको हो, जसको अर्थ 'अलिकति नयाँ वस्तु' अर्थात 'a little new thing' भन्ने हुन्छ । त्यस्तै 'novella शब्द चाहिँ ग्रिसेली भाषाका 'नयाँ' अर्थ दिने 'novus' शब्दबाट निर्माण भएको हो । केही मात्रामा यथार्थको प्रयोग गरिएको तथा रमाइला छोटा रुपमा लेखिएका गद्यरचनाहरु लाई इटालेली भाषामा 'novella भनिन्थ्यो, भने यसैको प्रभावमा फ्रान्सेली भाषामा त्यस्तै प्रकारका रचनालाई 'nouvelle' पनि भनियो । इटालेली 'novella हरु गद्य आख्यानका केही नयाँ रुपसहित आएका रचना थिए, जसलाई 'pomance' (स्वच्छन्द कल्पना प्रयोग भएको आख्यान) का रुपमा प्रयोग गरिन्थ्यो (बराल र एटम, २०६६ : १२) ।

## २.२ उपन्यासको परिभाषा

उपन्यासको लेखन तथा प्रकाशन हुन थालेपछि यसको व्याख्या विश्लेषण तथा समालोचना पनि हुन थाल्यो भने यिनमा निहित विशेषताहरुलाई आधार बनाएर परिचय तथा परिभाषा दिने क्रम पनि प्रारम्भ भयो । विभिन्न विद्वनहरुले आफू भन्दा अगाडिका र आफ्ना समयावधिका प्रकाशित उपन्यासका आधारमा यस विधालाई चिनाउने महत्वपूर्ण प्रयासहरु गरेका छन् र साहित्यिक विधाहरुलाई परिभाषाभित्र बाध्नु ज्यादै कठिन कार्य हो तापनि विद्वानहरुले साहित्यका अनेक विधाहरुलाई परिभाषित गरेका छन् । यी मध्ये केही परिभाषाहरु निम्नलिखित छन ।

न्यु इङ्लिस डिक्सनरीमा उपन्यासको परिभाषा - 'उपन्यास त्यो विस्तृत गद्यात्मक प्रकथन प्रधान रचना हो, जसमा वास्तविक जीवनको अनुकरण गर्ने घटनाहरु र पात्रहरुको एक व्यवस्थित कथावस्तुको रुपमा वर्णन रहन्छ ।' (बराल र एटम, २०६६ : ६–७) । फिलिडङ अनुसार 'उपन्यास भनेको वास्तविक जीवन, चालचलन र आफ्नो समयको तस्विर हो ।'

प्रोफेसर वारेन 'उपन्यास कथात्मक वर्णन हो, जसमा कथानक हुन्छ ।'

'विस्तारित गद्याख्यानको साझा विशेषता भएका सबै खाले कृतिहरुलाई उपन्यास भनिन्छ ।'

-M.H. Abram, A Glossaray literary terms

'युक्तिपूर्ण ढंगले आफ्नो अभिप्रायलाई प्रस्तुत गर्नु उपन्यास हो ।'

–भरतमुनि

'उपन्यासको अर्थ कसैलाई प्रसन्न गराउनु हो ।'

–विश्वनाथ

'उपन्यास मानव जीवनकै सम्पूर्णताको अभिव्यक्ति हो ।'

–कृष्णचन्द्रसिंह प्रधान

'यर्थातसँग परिचयन, सत्यको सन्धान, मूल्यको संरक्षण, जीवनवैविध्यमाथि एक रुपता प्रदान, जीवन शिक्षण व्यक्तित्वको पुनरन्वेषण र मानवताको प्राप्ति उपन्यासका प्रमुख दायित्व हुन् ।'

–इन्द्रबहादुर राइ

'कुनै श्वाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान बनाउँदछ ।

–वासुदेव त्रिपाठी

'बहुविधा संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा श्रृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिको समय र स्थानभित्र विस्तारित भएको कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।'

–दयाराम श्रेष्ठ 'सम्भव'

'पूर्वाधार तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।

–राजेन्द्र सुवेदी

## २.३ नेपाली उपन्यासको विकासक्रम

नेपाली उपन्यास दशकुमार चरित (वि.सं. १८७५) स्वस्थानी ब्रतकथा (वि.सं. १८७८), अध्यात्मरामायण (वि.सं. १८९६), जस्ता संस्कृति मूलका आख्यानात्मक कृतिहरुबाट विकसित हुँदै माध्यामिक कालमा हरिकृष्णद्वारा रचित शिवदत्त शर्माद्वारा नेपालीमा अनुदित **वीरसिक्का** (वि.सं.१९४६) सम्म आइपुगेर विकसित भएर हिन्दीका जासुसी उपन्यास र त्यसपछि हिन्दी र बङ्गालीका सामाजिक उपन्यास एंव अङ्ग्रेजी एसियाली र फ्रान्सेली भाषामा रचित उपन्यासहरुका प्रेरणा र प्रभावबाट वास्तविक औपन्यासिक स्वरुप प्राप्त गर्न सफल भएको देखिन्छ । प्राचीन आख्यान र आधुनिक उपन्यासका विचको सङ्क्रमणकालीन अवस्थामा जे जस्तो उपन्यास कृतिको जन्म सम्भव थियो **वीरसिक्का** त्यसकै उदाहरण हो । अनुवादकै रुपमा देखा परे पनि आख्यान र उपन्यासको मध्यवर्ती रचनाका रुपमा यसको निकै महत्व छ र आधुनिक उपन्यासको स्वरुपमा स्मरणयोग्य छ । यसपछि पहिलो उपन्यास **तरङ्गिणी** (वि.सं. १९५९)

मा धाराबाहिक रुपमा र पछि छुट्टै पुस्तकको रुपमा वि.सं. १९५९ मा प्रकाशमा आएको सदाशिव शर्माको **महेन्द्रप्रभा** नाम आउँछ । यो नेपाली साहित्यमा पहिलो मौलिक उपन्यास हो । हिन्दीका जासुसी उपन्यासका प्रेरणामा नै भए पनि सचेत रुपले नेपाली उपन्यास विधाका प्रथम प्रणेता बनेका सदाशिव शर्माका योगदानको ऐतिहाँसिक महत्व रहेको छ । तर यस क्रममा गिरीबल्लभ जोशीको **वीरचरित्रको** अपेक्षा गर्न सकिदैन् । यो वि.सं. १९६० मा प्रकाशित भएकोले **महेन्द्रप्रभा** भन्दा कान्छो देखिएपनि वि.सं. १९५६ मा नै लेखिसकिएकोले लेखनका दृष्टिले त्यसभन्दा जेठो छ । जेठा हुनु मात्र यसको विशेषता होइन । जासुसी भए पनि पूर्ण मौलिक छ र त्यसमा पश्चिमी नेपालको पहाडी जीवनको चित्रणका माध्यमबाट तत्कालीन राजनैतिक सामाजिक अवस्था व्यङ्ग्यात्मक रुपमा प्रतिबिम्बित छ । यर्थाथ र स्वैरकल्पनाको समुचित मिश्रण भएको **वीरचरित्र** एक विशिष्ट उपलब्धि हो । वि.सं. १९९१ मा प्रकाशित सरदार रुद्रराज पाण्डेको **रुपमतीका** साथै नेपाली उपन्यासको आधुनिक युगमा प्रवेश गर्दछ र विभिन्न धाराका उपन्यास लेखिदै गएको पाइन्छ (उपाध्याय, २०४९ : ३३) ।

## २.३.१ आदर्शोन्मुख यथार्थवादी धारा

जासुसी र तिलस्मी जगत्बाट झिकेर उपन्यासलाई सामाजिक धरातलमा प्रतिष्ठित गरी सामाजिक उपन्यास लेखनको कार्य रुद्रराज पाण्डेले गरेका हुन् । उनले **रुपमती**का अतिरिक्त **प्रायश्चित र चप्पाकाजी** लेखेर सामाजिक उपन्यासको जगलाई बलियो पारेपछि अन्य उपन्यासकारहरुले सामाजिक उपन्यास लेखे र नेपालीमा सामाजिक उपन्यास नै धेरै संख्यामा लेखिएका छन् । पाण्डेले सामाजिक यथार्थलाई पृष्ठभूमिका रुपमा उपयोग गर्दै समाज सुधारका लागि समय सापेक्ष भए पनि आफ्नो साँस्कृतिक मूल्य र मान्यताको प्राचीन आदर्शलाई स्थापित गर्न खोजेका हुनाले उनको मार्ग अनुसरण गर्नेहरुको औपन्यासिक प्रवृत्तिलाई आदर्शोन्मुद यथार्थवादी प्रवृत्ति भनिन्छ । पश्चिमी साहित्यका परिपेक्ष्यमा यस प्रवृत्तिलाई आलोचनात्मक यथार्थवाद भन्न सकिन्छ जसमा सामाजिक परिवर्तनको चाहनाका साथै आदर्शात्मक मानवीय मूल्य मान्यता रहेको पाइन्छ । नेपालीमा यस धाराका अन्य प्रमुख उपन्यासकारहरुमा **भ्रमर** (वि.सं.१९९३) का लेखक रुपनारायण सिहं, **उषा** (वि.सं.१९९५) र **वचन** ( वि.सं.२००१) का लेखक काशीबहादुर श्रेष्ठ, **लगन** (वि.सं.२००५) का लेखक अच्छाबहादुर राई रसिक,

**उजेली छाया** (वि.सं.२००८), **समयको हुरी** (वि.सं.२०१५) आदिका लेखक मोहन बहादुर मल्ल **रने** (वि.सं.२०१५) का लेखक तुलसीराम कुँवर आदि छन् (उपाध्याय, २०५९ : १३३) ।

## २.३.२ यथार्थवादी धारा

नेपाली उपन्यासमा पश्चिमी यथार्थवादको प्रयोग सर्वप्रथम लैनसिंह वाङ्देलको **मुलुकबाहिर** (वि.सं.२००४) मा भएको हुनाले यथार्थवादी धाराका प्रवर्तक वाङ्देल मानिन्छन् । यो यथार्थवादी धारा एकातिर आलोचनात्मक यथार्थवाद र सामाजिक वा समाजवादी यथार्थवाद (प्रगतिवाद) का रुपमा र अर्कातिर प्रकृतवादका रुपमा विकसित भएको देखिन्छ (उपाध्याय, २०५९ : १३४) ।

## २.३.३ आलोचनात्मक यथार्थवाद

आलोचनात्मक यथार्थवादमा परम्परागत अवैज्ञानिक र अहितकर मूल्य र मान्यता त्याग्ने सन्देश दिइएको हुन्छ र उच्चतम मानवीय आदर्शप्रति आस्था जनाइएको हुन्छ । वाङ्देलको मुलुकबाहिरमा प्रकृतवाद हुँदा हुँदै पनि आलोचनात्मक यथार्थवाद प्रवृत्ति प्रबल छ । तसर्थ यसमा मानवतावादको आदर्श प्रस्तुत छ । उनको **माइतीघर** र **लङ्गडाको साथी**आलोचनात्मक यथार्थवादका उदाहरण हुन् । **लङ्गडाको साथीमा** शिल्पको नौलो प्रस्तुति हुनाले यसलाई यथार्थवादी भनिए पनि यसको आदर्शवाद नै हो । लीलबहादुर क्षेत्रीको बसाई (वि.सं.२०१४), लीलाध्वज थापाको **मन** (वि.सं.२०१५) इन्द्र सुन्दासको **मङ्गली** (वि.सं.२०१५), भवानी भिक्षुको **आगत**, शिवकुमार राईको **डाक बङ्गला** (वि.सं.२०२०) धनुषचन्द्र गौतमको घामका **पाइलाहरु**आदि यस धाराका प्रमुख उपन्यास हुन् (बराल र एटम, २०६६ : ५६) ।

## २.३.४ सामाजिक यथार्थवादी

माक्सवादी मान्यतालाई आधार मानेर स्थापित यथार्थवाद सामाजिक वा समाजवादी यथार्थवाद भनिन्छ र यसैलाई प्रगतिवादी यथार्थवाद पनि भनिन्छ । यस धाराका प्रथम उपन्यासकार हृदयचन्द्र सिंह प्रधान मानिन्छन् । **स्वास्नीमान्छे** (वि.सं.२०११) बाट प्रधानले यस धाराको प्रर्वतन गरेका हुन् र उनले अर्को उपन्यास **एक चिहान** (वि.सं.२०१७) पनि यस धाराको प्रमुख उपन्यास हो । डी.पी. अधिकारीको **आशामाया** (वि.सं.२०२५) र **धरती अझै बोल्दैछ** (वि.सं.२०२६), खगेन्द्र सङ्ग्रौलाको **चेतनाको पहिलो**

**डाक** (वि.सं.२०२७), पारिजातको **पर्खालबाहिर पर्खालभित्र**, रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** आदि यस धाराका प्रमुख हुन् । यस धारामा प्रगतिशील आदर्श प्रस्तुत गरिएको पाइन्छ (उपाध्याय,, २०५९ : १३४) ।

### २.३.५ प्रकृतवादी

मनिसलाई जैविक प्राणी वा पशुका रुपमा चित्रित गर्नु प्रकृतवादीहरुको मूल उद्देश्य हो । यस धारामा आर्दश मानवीय मूल्य अस्वीकृत छ र फ्रायडवादलाई मूल मन्त्रका रुपमा लिइन्छ । यसमा अध्यात्म अस्वीकृत छ र देहवादलाई प्रमुखतामा राखिएको छ । यस धाराका प्रर्वतक फ्रान्सेली लेखक जोला हुन् र नेपालीमा यस धाराको प्रर्वतकको रुपमा गोविन्दबहादुर गोठालेको **पल्लो घरको झ्याल** ( वि.सं.२०१६) बाट भएको हो । विजय मल्लले असामान्य मनस्थितिका विकृत वा मनोरोगी पात्रहरुलाई लिएर **अनुराधा** (वि.सं.२०१८) लेखि प्रकृतवादी यथार्थवादी वा फ्रायडवादी धारामा नौलो आयाम थपेको पाइन्छ । दौलत विक्रम विष्ट, शङ्कर कोइराला विश्वेश्वर प्रसाद कोइराला, तारिणी प्रसाद कोइराला, वानीरा गिरी आदि यस धाराका उपन्यासकार हुन् (बराल र एटम, २०६६ : ५७) ।

### २.३.६ प्रयोगवादी धारा

वि.सं. २०२० को दशक देखि नेपालीमा कुनै एकलवाद विशेष वा धारा विशेषमा बाँध्न नमिल्ने परम्परागत उपन्यासकला भन्दा भिन्न प्रकृतिका उपन्यासलेखन आरम्भ भयो । यति खेर सम्ममा नेपालीका लेखकहरु यथार्थवादलाई (फ्रायडवादलाई पनि) ज्यादै पछाडि छाडी पश्चिमी साहित्यमा प्रयुक्त अतियथार्थवाद र अभिव्यञ्जनावादका साथै बिसौ शताब्दीको प्रमुख वा विशिष्ट चिन्तनका रुपमा स्थापित र चर्चित अस्तिववाद एंव विसङ्गतिवादसँग परिचित भइसकेका थिए, भने उपन्यासकलामा गरिन थालेका अनेक थरी शैल्पिक प्रयोगसँग पनि उनीहरु अभिज्ञ भइसकेका थिए । यसका फलस्वरुप नेपालीमा पनि औपन्यासिक नवप्रयोग हुन थाल्यो । क्रमशः यो बढ्दै गयो र वि.सं. २०३० का दशकदेखि प्रयोगका नयाँ नयाँ रुप देखिदै गए । त्यसैले तीसको दशक देखिको औपन्यासिक धारालाई सुविधाका दृष्टिले प्रयोगवादी धारा भन्नु उचित देखिन्छ । प्रयोगवादी उपन्यासको आरम्भ इन्द्रबहादुर राईको **आज रमिता छ** (वि.सं.२०२१) देखि नै भएको हो, भन्न सकिन्छ । पारिजातको शिरीषको फूल (वि.सं.२०२४) र **महत्ताहीन**

(वि.सं.२०२५), ध्रुवचन्द्र गौतमका अन्त्य पछि (वि.सं.२०२४), **बालुवामाथि** (वि.सं.२०२८), **डीपी कट्टेलसरको चोटपटक**, **अलिखित**, **निमित्त नायक**, **स्वर्गीय हिरादेवीको खोज** आदि, दौलतविक्रम विष्टको **चपाइएका अनुहार,** पीटर जे. कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छे** (वि.सं.२०३४) आदि प्रयोगवादी उपन्यासका उदाहरण  हुन् । प्रयोगवादी उपन्यासकार एउटै दर्शन वा विचारधारामा बाँधिएका छैनन् । यिनमा अध्यात्मवादी र भौतिकवादी अथवा आस्थिक वा नास्तिक दुवै थरी छन् भने, शून्यवादी वा नकारवादी र आशावादी वा भविष्यवादी पनि छन् । कोही अस्तित्ववादी छन्, भने कोही विसङ्गतिवादी पनि छन् । प्रयोगका क्रममा व्यक्तिले मात्र नव प्रयोग नगरी केही व्यक्तिहरु मिलेर सामूहिक रुपमा उपन्यास लेख्न सफल भएको पनि पाइन्छ । त्यसको पहिलो उदाहरण आकाश विभाजित छ (वि.सं.२०३२) हो, भने दोस्रो उदाहरण देहमुक्त हो । सामूहिक लेखनका सन्दर्भमा विचार गर्दा आधुनिक युगको आरम्भ तिरै दाजुभाइका संयुक्त नामबाट **रजबन्धकी** (वि.सं.१९९६) लेख्ने टुकराज पद्मराज मिश्रको सम्झना गर्नु आवश्यक मानिन्छ (उपाध्याय, २०४९ : १२५) ।

## २.४ उपन्यासको स्वरुप

उपन्यास मनोरञ्जक कथात्मकताले गर्दा अरुभन्दा रोचक, विस्तृत परिवेशले गर्दा अझ व्यापक बन्धनहीन स्वरुपले गर्दा सधै परिवर्त्य जीवनको निकटतम चित्र हुनाले बढी यथार्थ प्रयोगधर्मी सम्भावनाले गर्दा सधै नवीन र मासिक रहस्यको उद्घाटन गर्ने भएकाले यो अति गहन तथा सुक्ष्म हुन्छ । यो धेरै कुराको संयोग सङ्गठनबाट पूर्ण हुन्छ । जस्तै :- दृश्य, पात्र, घटना, चरित्र, उद्देश्य इत्यादि । पर्वतारोहीले एउटा पहाडको फेदीमा पुगेर हेर्दा त्यस पहाडको चुली देखिएजस्तै उपन्यासको उद्देश्यको धुरी पनि स्पष्टै देखिनु पर्दछ र जुनसुकै खोचबाट हेरे पनि छर्लङ्ग देखिनु पर्दछ । यसरी हेर्दा उपन्यास पिरामिडी शिल्पमा निर्मित भएको हुन्छ । उपन्यास चरम सीमामा पुगेपछि प्रतिचरमोत्कर्षतिर गिर्दछ । यसरी पर्वतारोही पर्वत आरोहण पछि अवतरण हुन्छ । स्रष्टाको अनुभूतिको यजस्र स्रासतका आधारमा प्रस्तुतिकरणका अनेकौं सम्भावनाहरु हुन्छन् । उपन्यासको स्वरुपलाई निर्धारण गर्दछ । यस्ता केही पक्षहरुको परिचय निम्न बमोजिम प्रस्तुत गरिएको छ (सुवेदी, २०६४ : १२) ।

**क) उपन्यासमा विविधता हुनु**

उपन्यास निबन्धित गति उन्मुक्त प्रवाह, स्वच्छन्द र विस्तारमय चरित्रको सुगठन हो । यसको आकारमा प्रशस्त विविधता पाइन्छ । उपन्यासको स्वरुप निर्धारण गर्न कठिनाइ परेको मात्र होइन, मतभेदको विजय पनि भयो । यी विविधताको कारण उपन्यासको कोमलतम स्वरुप नै हो तर निर्धारित नियममा नबाँधिनुको अर्थ उपन्यास नियमरहित हुन्छ भन्ने होइन । स्वरुपहीनता नै त्यसको स्वरुप हो, जसको अर्थ व्यवहारिक होइन । कला एउटा आधार हो जसमा दृश्यादि विभिन्न तत्वहरु पृथक्तामा अङ्कित भएर पनि कुनै वृहत् जीवनको रहस्योद्‌घाटनमा समग्रतया तल्लीन चित्रले जीवनको समग्रतालाई नै समाहित गरेको हुन्छ । भिन्न तत्वहरुको छुट्टाछुट्टै अस्तित्व र भूमिका रहेपनि एउटा यस्तो संयोजना वा अन्वयमा तिनीहरु अन्तर्निहित भएका हुन्छन् जसको सम्पूर्णतामा उपन्यासले आकार धारण गर्दछ । उपन्यासमा सनातन नियम बाहिर पनि संयोजित हुन सक्छ । यसरी कलाले कुनै नयाँ रुप लिनासाथ उपन्यासको आयाम बढ्ने मात्र होइन, यो एक किसिमको विधिमै प्रेषित हुन्छ । विषयले नयाँ परिप्रेक्ष्य र परिभाषा पाउनासाथ कला अर्कै सीपमा सिंगारिएर प्रस्तुत हुन्छ । दुवैको प्रयोग र प्रयोजन विविधतामा उपन्यासले धारण गर्ने स्वरुपको सम्भावित ढोका सधैं उघ्रेको हुन्छ तिनीहरुलाई कुनै निश्चित शैलीद्वारा श्रृङ्खलाबद्ध गरी कुनै एउटा स्वरुप ढालेर समग्रतामा चित्रण गर्नु नै उपन्यासको स्वरुप हो, भनिन्छ (पोखरेल, २०७०) ।

**ख) उपन्यासमा जीवनको प्रक्षेपण हुन्छ**

उपन्यासको मुख्य विषय हो जीवन । जीवन व्यक्तिगत र सामाजिक दुवै किसिमको हुन्छ । व्यक्ति र समाज हुँदै परस्परमा आबद्ध सत्य र पूरक हुन् । साहित्यमा (उपन्यासमा) यी दुवै प्रकारका जीवन प्रकट भएको हुन्छन् । विभिन्न मनको स्वरुप र त्यसका क्रियाकलापको विश्लेषण र अध्ययनबाट व्यक्ति जीवनको चरित्र बुझ्ने प्रयास गरिन्छ । फलस्वरुप सामाजिक वा सामूहिक जीवनको महतव मात्र सर्वोपरि नभई जीवनको वैयक्तिक मूल्य पनि स्वीकार गरियो । समाज जीवनको सबै पक्षको निरीक्षण गरेर लेखिएका ठूलाठूला उपन्यासहरुमा लियो तल्सटायको **युद्ध र शान्ति** नेपालीमा दौलत विक्रम विष्टको माधवी हुन अर्कोतिर सामूहिक जीवनका सानातिना समस्या अथवा व्यक्तिको मनोदशाको विश्लेषण गरेर

लेखिएका उपन्यासहरुमा रोमारोलाँको **जाँ क्रिस्तान** विजय मल्लको **अनुराधा** हुन्  (बराल र एटम, २०६६ : ९) ।

**ग) उपन्यासमा सत्य, तथ्य र इतिहाँसको प्रस्तुति हुन्छ**

तथ्यले सत्य वा यथार्थलाई सङ्केत गर्दछ । तर सत्य र तथ्यमा फरक पनि छ । तथ्य एउटै हुन्छ तर सत्य भने दृष्टिअनुसार फरक हुन सक्छ । तथ्य प्रमाणमा र सत्य विश्वास अडेको हुन्छ । इतिहासले घटिसकेका घटनाको प्रस्तुति गर्दछ । घटेका भनेर हामीले विश्वास गर्ने घटनाहरुका श्रृङ्खलित रुप नै इतिहासमा अङ्कन गरिएको हुन्छ । तथ्यको समाप्ति पछि पनि सत्य बाँचिरहन्छ, जसलाई दीर्घजीवी बनाउने र आफूमा संवरण गर्ने कार्य उपन्यासले गर्दछ । जस्तो **सेतो बाघ**मा डाउमन शमशेरले जङ्गबहादुरको यथार्थ सुरक्षित राखेका छन् । **'बसन्ती'** मा कोतपर्वको **'माधवी'** मा उत्तरवैदिक कालको यथार्थ छ । भने धुर्वचन्द्र गौतमको **'डापी'** मा पञ्चायती शासनको क्रुरता, भय र अन्धकारको नमूना जीवित छ (बराल र एटम, २०६६ : ८) ।

**घ) उपन्यासमा समाजको प्रस्तुति र आफ्नै समाजशास्त्र हुन्छ**

उपन्यासलाई समाजको ऐना भनिन्छ । समाजको पृष्ठभूमि र सामाजिक वातावरणको निर्णायक भूमिका मान्छेको जीवनमा रहेकै हुन्छ । यिनै यथार्थलाई प्रस्तुत गर्ने भएकोले उपन्यासमा समाजको प्रस्तुतिकरण हुन्छ र समाजकै बारेमा लेखिन्छ । उपन्यासले जीवनसँग सम्बन्धित भएर सक्रिय रुपमा व्याख्या विश्लेषण गर्दछ । रातात्मकताको स्पर्शले विद्युतशक्ति प्रवाहित भएभ्कै जीवनमा सजीवकताको लहर दौडन्छ र त्यसको प्रत्येक दुःख-सुख, नाश-निर्माण, हार-जीतले छोइन्छौं, चिमाटिन्छौं र रुन्छौं-हास्छौं । यही जीवन ग्रहण गरेर उपन्यासले आफूभित्र एउटा समाज रच्छ, त्यसले रचना गरेका व्यक्ति हामीसँग हामीसरह हिडँडुल गर्छन् (बराल र एटम, २०६६ : ११–१२) ।

'साहित्य समाजको अनुकरण मात्र नभई मुनः सृजन पनि हो' भन्ने एरिस्टोटलको भनाइ 'उपन्यासको आफ्नै समाज शास्त्र हुन्छ' भन्ने सन्दर्भमा निकै महत्वपूर्ण अनुभव   हुन्छ । समय चेतनाको स्वरुपलाई समेट्ने वास्तविक र उपन्यासकारद्वारा कल्पित विषयवस्तुको योगबाट जुन समाजको निर्माण

हुन्छ, त्यो नै उपन्यासको समाजशास्त्रीय आधार हो । त्यसैले उपनयासमा समाजको प्रस्तुतिकरण मात्र हुँदैन, यसको आफ्नै समाजशास्त्र पनि  हुन्छ ।

**ङ) उपन्यास आख्यान हो**

आख्यानको अर्थ 'बनाइएको कथा' भन्ने हुन्छ । व्यापक अर्थमा भन्दा यसले प्रयोग गरी लेखिने साहित्यका सबै विधालाई बुझाउँछ तर विशिष्ट अर्थमा चाहिँ यसले आख्यान प्रयुक्त कविता वा नाटकलाई बुझाउदैन । आख्यानात्मक विधामा कथाको श्रृङ्खला अर्थात किस्साहरुको प्रयोग हुन्छ । आख्यानका लागि कुनै कथन र त्यस कथनलाई भन्ने मान्छे वा कथयिताको उपस्थिति अनिवार्य ठानिन्छ । उहिलेका सन्दर्भका भन्दा निर्माण गरिएका पात्र, स्थान, घटना, अवस्था संयोजन गरिएका रचना नै आख्यान हुन् । आख्यानलाई कलाको एक रुप, मनोरञ्जनपूर्ण रचना र संस्कृतिको एउटा अङ्गका रुपमा पनि लिने गरिन्छ । उपन्यासमा कथनको तात्पर्य कथा हो कथयिताको अर्थचाहिँ कथा भन्नका लागि उपन्यासभित्र आएको वा बाहिर बसेर हेरिरहेका व्यक्ति हो । आख्यानका रुपमा आउने उपन्यासमा कथानक वा त्यसको प्रस्तुतिका लागि चरित्र तथा उपयुक्त पर्यावरण प्रस्तुत गरिएको हुन्छ ।

साहित्यले मुक्तक वा छोटा रुपमा रचनाबाट जब विस्तारको यात्रा आरम्भ गर्दछ, तब अनुभूतिको मुसलघोर वर्षाबाट उत्पन्न जलमग्नतालाई निश्चित गोरेटो आख्यानले प्रदान गर्दछ । कविता विधाकै खण्डकाव्य र महाकाव्यमा पनि आख्यानको उपस्थिति अनिवार्य हुन्छ भने कथा र उपन्यास त आख्यान नै भए । संस्कृति साहित्यमा कथा प्रधान रचनालाई 'आख्यान' तथा 'आख्यायिका' मानिएको र अङ्ग्रेजी साहित्यमा अहिले पनि कथा र उपन्यासलाई आख्यान अन्तर्गत राखेर हेरिनाले उपनयास आख्यान हो भन्ने कुरा स्पष्ट  हुन्छ ।

कथाका तुलनामा उपन्यास बृहत आख्यान हो । कथाले जीवनको एउटा वा केही घटनाहरुलाई एउटै प्रभावमा प्रस्तुत गर्ने र उपन्यासमा चाहिं सिंगो जीवनको चित्र उतार्ने चासो भएकाले मूलत उपन्यासलाई नै आख्यानले बुझाउन थालेको छ । उपन्यासको मुख्य उद्देश्य कथा भन्ने नै हुन्छ र यसमा पनि लघु आयामका उपन्यासभन्दा बृहत् आयामका उपन्यासहरु आख्यान प्रयोगका हिसाबले सम्पन्न देखा पर्दछन् । भने मनोवैज्ञानिक उपन्यासमा चाहिँ एउटै पात्रको मनको मात्रै पनि विश्लेषण हुन सक्ने

भएकाले आख्यानको भूमिका सामाजिक ऐतिहाँसिक घटना प्रधान जस्ता उपन्यासमा भन्दा अपेक्षाकृत कम हुन्छ । लैनसिंह बाङ्देलको **मुलुकबाहिर**, दौलतबिक्रम विष्टको **एक पालुवा अनेकौं याम** भवानी भिक्षुको **आगत** मदनमणि दीक्षितको माधवी, बिनोद प्रसाद धितालको **योजनगन्धा** आदि उपन्यास आख्यानका दृष्टिले निकै **सम्पन्न** छन् भने गोविन्द गोठालेको **पल्लो घरको झ्याल** र **अपर्णा**, विजय मल्लको **अनुराधा**, विश्वेश्वर प्रसाद कोइरालाको **नरेन्द्र दाई** तुलनात्मक रुपमा आख्यान प्रयोगका सन्दर्भमा कमजोर छन् ।

आख्यानको पूर्वाधारलाई भाँच्ने र कथा भन्ने परम्परालाई उपन्यासबाट विस्थापन गर्ने अघि उपन्यासको परम्परा पनि विकसित भइरहेको छ । लेरन्स स्र्टनको Tristroam shandy बाट शुरु भएको यो परम्परा जोन फोल्जको The French lieutenant's woman सम्म आइपुग्दा पनि आख्यानको बहिष्कारलाई उपन्यासको पूर्ण रुपमा मानयता भने दिएको पाइन्न । नेपालीमा धुर्वचन्द गौतमका **अन्त्यपछि,बालुवामाथि** जस्ता उपन्यास आख्यानबाट स्वतन्त्र हुन खोजे पनि पूर्ण स्वतन्त्र भने हुन सकेका छैनन्, नारायण वाग्लेको **पत्पसा क्याफे** वा रोशन थापा 'नीरव' को **प्रत्येक श्रवणकुमार** अर्थात **युद्ध** जस्ता उपन्यासमा पनि आख्यानबाट पूर्ण मुक्ति सम्भव नभएको देखिन्छ, किनभने उपन्यास बृहत रचना भएको हुँदा क्षीण रुपको सूत्रमा मात्र भए पनि त्यसमा आख्यानको संयोजन शक्ति आवश्यक नपरी छोड्दैन । यति हुँदाहुँदै पनि सामान्यतः आख्यान प्रयोग गरिने खण्डकाव्य, महाकाव्य, आत्मकथा नाटक र आख्यानकै अंश कथामध्ये खण्डकाव्य र महाकाव्यमा कवित्वकै प्रधानता रहने, आत्म कथामा आत्म अनुभवकै प्रवाह मुख्य रहने र नाटकमा अभिनय तथा संवादको प्रबलता हुने भएकाले यिनीहरु केवल 'आख्यानात्मक' मात्र ठहरिन्छन्, भने कथा आख्यान नै भए पनि लघु रुपको हुने र यसमा अकथाको सम्भावना पनि तुलनात्मक रुपमा बढी हुन सक्ने भएकोले उपन्यास मात्र खास आख्यानका रुपमा स्थापित हुन्छ (बराल र एटम, २०६६ : १७) ।

**च) उपन्यास गद्यमा लेखिन्छ**

साहित्यिक विधाहरुलाई छुट्याउने एउटा आधार गद्य र पद्य पनि हो । साहित्यका कविता, खण्डकाव्य र महाकाव्य विधालाई पद्य अन्तर्गत राखिएको पाइन्छ भने निबन्ध, कथा, उपन्यास आदि

जस्ता विधाहरुमा गद्यमा लेखिने गर्दछन् । तसर्थ उपन्यास किन गद्यमा लेखिन्छ पहिले गद्य र पद्यबीचको भिन्नता जान्नु आवश्यक हुन्छ ।

छन्द वा लयको औपचारिक बन्धन नभएको भाषाको रुपलाई गद्य भनिन्छ भने पङ्क्ति-पङ्क्तिबीच मात्रा, गण तथा अक्षरको बन्धन हुने छन्दोबद्ध लयात्मक रुपलाई पद्य भन्ने गरिन्छ । पद्यमा पङ्क्तिहरु बीच एउटा निश्चित समय भित्र पढ्न सकिने वर्ण तथा अक्षरको समान किसिमको वितरण हुन्छ । गद्यमा चाहिँ पद्यमा जस्तो पङ्क्तिहरु बीच वर्ण तथा अक्षरको समान वितरण हुँदैन । यसरी हेर्दा के देखिन्छ भने, पद्यलयबद्ध हुन्छ र गद्य चाहिँ लयमुक्त पद्यमा वर्ण तथा शब्दगत कौशल ज्यादा देखिन्छ भने गद्यमा शब्दको स्थितिका अतिरिक्त वाक्य रचनाको कौशल नै ज्यादा हुन्छ । लयको सिर्जना गर्नुपर्ने भएकोले पद्यमा भाषिक विचलन धेरै हुने गर्छ, तर गद्य चाहिँ यसबाट प्राय मुक्त हुन्छ । गद्य बोलीचालीको भाषा हो, यसले गर्दा गद्य यथार्थसँग बढी निकट हुन्छ र कथ्यलाई सजिलै टिप्न सकिने हुनाले खुकुलो यथार्थ फीका तार्किक तथा वर्णनात्मक हुन्छ तर पद्य चाहिँ कसिलो अर्थात सघन र अतार्किक तथा सुत्रात्मक हुन्छ । भाषिक परिवर्तन गद्यमा जति हुन्छ, पद्यमा हुँदैन । यसले गर्दा गद्य जीवन्त तथा प्रगतिगामी हुन्छ भने पद्यचाहिँ गद्यका तुलनामा स्थिर तथा यथास्थितिवादी हुन्छ । गद्य र पद्यको भिन्नतालाई बुँदागत रुपमा निम्नानुसार देखाउन सकिन्छ ।

उपन्यास यथार्थसँग प्रत्यक्ष रुपमा सम्बन्ध राख्ने साहित्यिक विधा हो । साहित्यका सबै विधाले भन्दा यसले नै मानवीय सत्यलाई कलात्मक रुपमा पाठकसामु प्रस्तुत गर्ने सामर्थ्य राख्दछ । जीवनका विविधता र यससँग सम्बन्धित विषयवस्तुलाई प्रस्तुत गर्ने भएकाले उपन्यासको भाषा पनि स्वाभाविक तथा यथार्थसम्मत हुनु आवश्यक हुन्छ । संसारका मानिसहरुले विचारको आदान प्रदान गद्यमा नै गर्दछन् । यसले गर्दा उपन्यास पनि गद्यमा नै लेखिने गरेको हो । तसर्थ आख्यानको लेखन संसारभरी गद्यमा नै लेखिने गरिन्छ (बराल, एटम, २०६६ : १८) ।

## २.५. उपन्यास रचनाका आधारभूत तत्वहरु

उपन्यास अनेकौं स्वरुप र विषयगत विभिन्नता रहे पनि विद्वानहरुले गरेका परिभाषामा एकमत नदेखिए पनि कुनै तत्वहरुको घटीबढी हुनु नहुनु जस्ता असमानता भित्रै केही समान वस्तुको अपेक्षा

गरिन्छ । उपन्यास निर्माण हुन केही तत्वहरु अनिवार्य देखिन्छन् तर ती तत्वहरु यति नै छन् भनेर किटान गर्नमा विभिन्न विद्वानहरुको मत एउटै हुन सकेको छैन तैपनि अधिकांश विद्वानहरुको मतलाई समेट्ने गरी यहाँ कथावस्तु, चरित्र, संवाद, देशकाल वातावरण जीवनदर्शन र शैलीलाई आधारभूत तत्वको रुपमा राखिएको छ । उपयुर्क्त तत्वहरुमध्ये कथावस्तुलाई प्रमुखता दिइनेछ र यसलाई अनिवार्य मात्रै नठानेर कथावस्तुको अभावमा उपन्यासको कल्पना नै गर्न सकिदैन भन्ने विद्वानहरु पनि छन् । ई.एम.फर्स्टरले कथावस्तुलाई नै उपन्यास मान्नुपर्दछ भन्ने राय व्यक्त गरेका छन् (बराल र एटम, २०६६ : २०) ।

## २.५.१ कथावस्तु

कथावस्तु वा कथानक उपन्यासको शरीर हो । सुन्दर, सुगठित शरीर भएको व्यक्तित्व प्रभावशाली र आकर्षण हुन्छ । त्यसको प्रथम दर्शनमा नै मोहाविष्ट हुन जान्छ र उसको कार्यकलाप र विचारको परिचय पाएपछि झन प्रभावित हुन्छ । त्यस्तै पाठकलाई पहिले उपन्यासको कथानकले आकृष्ट गर्दछ, त्यसपछि त्यसका अन्य तत्वहरुले । त्यसैले उपन्यासको कथनक सोच्दा लेखकले मानव जीवनलाई पटभूमी बनाउनुपर्दछ र सहज स्वभाविक र विश्वसनीय घटनाहरुको समावेश गरी त्यसलाई विस्तृत पार्नुपर्दछ । अन्यथा उपन्यास न उच्चकोटीको बन्छ, न सफल नै हुन्छ । मानवको आन्तरिक र बाह्य संघर्ष-विघर्ष सुख-दुःख, आशा निराशा र सफलता असफलतालाई इमानदारीका साथ प्रस्तुत गर्न नसक्ने उपन्यासको सुजन र पठन समय र श्रमको सदुपयोग मात्र हो । त्यसैले हड्सनले भनेका छन् : 'कुनै उपन्यास तब नै वस्तुतः महान हुन्छ, जब त्यसले हाम्रो सामानय मानव जीवनको संघर्ष र भाग्यमा नित्य गम्भीरतापूर्ण प्रभाव पार्ने विषयहरुमा विस्तृत र गहिरो जग हालेको हुन्छ (उपाध्याय, २०४९ : १३६) ।

उपन्यासको महत्व, बाह्य घटना र चरित्रमाथि निर्भर छैन, न त सुखान्त वा दुखान्त माथि नै हुन्छ । बरु यो त उपयुक्त पङ्क्तिहरुमा भनिएझै विषयवस्तुको गहनता एंव गम्भीर प्रभाव माथि नै आश्रित छ ।

मैथ्यु आर्नोल्डको पनि यस्तै विचार छ - 'उपन्यासको सच्चा महत्ता, कच्चा पदार्थहरुको महत्ता वा सारतत्वको आधारमा अन्वेषणीय हुन्छ ।'

विषयवस्तुलाई कसरी यस्तो महत्व उपलब्ध गराउने र त्यसको उत्तर स्पष्ट छ । विषय विश्वसनीय र तथ्यपूर्ण होस् यसका लागि लेखकले आफ्नो पूर्ण परिचित परिवेश वा चरित्र नै प्रकृति विशेषलाई मात्र उपन्यासको विषय बनाउनुपर्दछ । अनुमान र कल्पनाको कुनै समाज र वा जीवनको चित्रण गर्नु जस्ता वर्णन तथ्य विरोधी वा असत्य हुन जाने पूरा सम्भावना रहन्छ । हुन त कोही प्रतिभाशाली लेखक पढेको वा सुनेको अर्काको अनुभवलाई पनि साहित्यमा सफलतासाथ प्रयोग गर्न सक्छन् तर उपन्यास जस्तो विस्तृत रचनाको लागि स्वानुभाव नै मुख्य आधार हुनुपर्दछ, अन्यथा यस क्षेत्रमा कस्तै कुशल लेखक पनि बहकिने खतरा रहन्छ । लेखकको तथ्यमाथि सोझो र खुल्ला दृष्टि रहनैपर्छ । यसले अधिकारिकताको पूर्ण निर्वाह गर्नु पनि आवश्यक छ ।

विषयवस्तुको जतिसुकै महत्व भएपनि त्यसको विन्यासमा कुशलता नभएमा उपन्यास सफल हुन सक्तैन् । वैयक्तिक वैशिष्टय र कुशल शिल्पकारिता वस्तुलाई बाह्य र रोचक बनाउने तत्व हुन् । यिनैले गर्दा कथानकलाई कुशलताका साथ सजाइन्छ, आवश्यक घटनाहरु मात्र राखिन्छन्, घटनाहरुको तारतम्य र कार्यकारणको श्रृङ्खला मिलाएर उपन्यासको गुम्फन गरिन्छ र सर्वत्र कौतुहलको चमत्कार हुन जान्छ । जुन उपन्यासमा अनावश्यक र विषयदेखि टाढा भएका घटनाहरु र कार्यकलापको समावेश हुन्छ, त्यो आकारमा ठूलो त हुन जान्छ, गुणमा चाहिँ निम्न स्तरको हुन जान्छ । फेरि यस्तो उपन्यासमा कौनूहलको हत्या हुन जान्छ र कुनै रोचकता रहदैन । यस्तो स्थितिमा उपन्यास कला नभएर लेखकको मनको आक्रोश निकाल्ने वा उपदेश दिने मञ्च मात्र हुन जान्छ र त्यस प्रति पाठकको तादाम्य हुन पाउँदैन । त्यसैले विषयवस्तुलाई प्रभावपूर्ण बनाउनमा शिल्पकारिताको नै हात हुन्छ ।

## २.५.२ कथावस्तुको भेद

अवस्थाका दृष्टिले कथावस्तु दुई प्रकारका हुन्छन् - एक सुव्यवस्थित र अर्को अव्यवस्थित भनेर हड्सनले लेखेका छन् । यी दुवैको भेदको विषयमा उनले विस्तृत विचार प्रस्तुत गरेका छन् । तदनुसार अव्यवस्थित कथानकमा कथा असंलग्न घटनाहरुले बेरिएको हुन्छ, तिनीहरुको बीचमा कुनै तर्कसङ्गत सम्बन्ध हुँदैन, ती अनावश्यक पनि हुन्छन्, तिनिहरुको वर्णनको एकता कार्यव्यापार सङ्गठनात्मक तत्वमा निहित नभई नायकको व्यक्तित्वमा हुन्छ, जसले केन्द्रीय व्यक्तिको रुपमा छरिएका तत्वहरुलाई एकत्रित

गर्दछ । यस्तो विषयवस्तुमा केन्द्रीय भाव गौण हुन्छ । तत्वले आफ्नो अलग विशेषता देखाउँछ । यसको विपरीत सुव्यवस्थित विषयवस्तुहरुमा घटनाहरु केन्द्रीय भावमा सुसम्बद्ध भएर आउँछन् र कार्यव्यापारको आरोह-अवरोह आकर्षण र प्रभावकारी रुपमा लपिक्षत हुन्छ । पूरा कथानक एउटा सिङ्गो रुपमा आफ्नो पूरा विवरण सहित लेखकको ध्यान रहन्छ, चरित्रहरु र घटनाहरुले उचित स्थान पाएका हुन्छन् र सबै निर्दिष्ट लक्ष्यमा पुगेका हुन्छन् ।

यो वर्गीकरण मोटामोटी रुपमा गरिएको हो किनभने कैयौँ उपन्यासहरुमा दुवै थरीको मिश्रण भएको पाइन्छ । फेरि कथानकलाई सरल र मिश्रित गरी दुई भेदमा बाँड्न सकिन्छ । सरल कथानकमा एउटै कथा रहन्छ र मिश्रितमा दुई वा त्यसभन्दा बढी हुन्छ ।

साहित्य दर्पमा नाटकका सन्दर्भमा कथानकको भेद स्पष्ट रुपमा देखाइएको छ । कथानकलाई पहिले दुई भागमा विभाजित गरिएको छ - आधिकारिक र प्रासङ्गिक अनि प्रासङ्गिकको पताका र प्रकरी दुई भेद गरिएको छ । पताका आधिकारिक कथा सुरु हुनासाथ थालिन्छ र अन्त्य सम्म जान्छ र प्रकरी बीच बीचमा आउँछ र मूल कथानकको विकासमा सहयोग गर्दै बीच बीचमै टुङ्गिदै जान्छ । पताकाको वा प्रकरीको सञ्चालक चरित्रको आफ्नो कुनै स्वतन्त्र फलको लक्ष्य हुँदैन् । यसरी संस्कृत साहित्यमा कथानकको भेद र अवस्थालाई राम्रो गरी अध्याईएको छ र यसको कुशल निर्वाह नाटकहरुमा भएको पाइन्छ (उपाध्य, २०४९ : १३६) ।

### २.५.३ कथा र कथानक

यी दुवै एउटै प्रतित हुन्छन् तापनि उपन्यासका पारखीहरुले यिनमा रहेको सूक्ष्म भेदलाई पैल्याएका छन् जसअनुसार मुख्य तत्व कथा हो र त्यसको उपतत्व वा विस्तृत रुप कथानक हो । पहिले लेखकको मनमा कुनै कथा उत्पन्न हुन्छ, अनि विभिन्न घटनालाई कल्पना गरी तिनलाई सुहाउदो वातावरण दिएर एउटा ढाँचामा सजाएर कथानकको सिर्जना गरिन्छ । कथा एउटा खाका हो, रेखाचित्र हो र कथानक रङ्गिन चित्र हो । यसलाई अर्को रुपमा भन्दा कथा अस्थिपञ्जर हो, कथानक मासु, रगत र नसाहरुले भरिएको एक पूर्ण शरीर हो ।

यहाँ फेरि के विचार योग्य छ, भने कुनै कथानक सरल हुन्छ र कुनै मिश्रित हुन्छ । मिश्रित कथानकमा दुई वा त्यसभन्दा बढी कथाहरु हुन्छन्, तर तिनको विन्यास यस्तो किसिमले गरिएको हुन्छ, कि ती एउटै केन्द्रीय भावलाई उत्पन्न गर्न समर्थ हुन्छन् र अलग अलग गाँसिएका जस्ता प्रतीत नभई एउटै प्रतित हुन्छन् । यस्तो स्थितिमा कथा र कथानकको भेद अवयव र अवयवीको रुपमा देखिन्छ - उपाध्यय, २०४९ पृष्ठ १३८) ।

## २.५.४ कथावस्तुको कार्यअवस्था

पाश्चात्य विचारअनुसार कार्य अवस्था पाँच हुन्छन् -

(१) प्रारम्भिक घटना

(२) विकास

(३) चरम बिन्दु

(४) निगति

(५) उपसंहार ।

पूर्वीय विचारअनुसार पनि कार्य अवस्था पाँच नै हुन्छन् -

(१) आरम्भ

(२) यत्न

(३) प्राप्त्याशा

(४) नियताप्ति

(५) फलागम् ।

दुवै थरीमा आशय एउटै छ, शब्दावलीमा मात्र अन्तर छ। प्रारम्भिक घटनामा घटनाको आरम्भ हुन्छ। 'आरम्भ' मा आधिकारिक कथावस्तुको सूत्रपात हुन्छ। 'विकास' मा सङ्घर्षको विकास त्यस स्थिति सम्म पुऱ्याइन्छ, जबसम्म निष्कर्ष अनिश्चित रहन्छ। 'यत्न' मा सहयोगीको सहयोगले फलप्राप्तिका लागि पूर्ण चेष्ठा गरिन्छ। चरम बिन्दुमा सङ्घर्षशील दुई शक्ति मध्ये एकले परिस्थिति माथि नियन्त्रण हासिल गर्दछ। र उसको सफलता निश्चित हुन्छ। 'प्राप्त्याशा' मा विरोधी तत्वमाथि विजय हाँसिल गरिन्छ। निगतिमा घटना प्रवाहको सञ्चालन चरम सफलताको लागि गरिन्छ र सङ्घर्ष समाप्त हुन्छ। 'नियताप्ति' मा विघ्नबाधा शान्त हुन्छ र फलप्राप्ति निश्चित हुन्छ। उपसंहारमा एक पक्षको विजय हुन्छ र कथानकको समाप्ति हुन्छ। 'फलागम' मा नायकलाई फलप्राप्ति हुन्छ (उपाध्याय, २०४९ : १३९)।

### २.५.५ विषयवस्तुको गठन

विषयवस्तुको अन्तरर्गत उपवस्तु पनि हुन सक्छन्। तिनीहरु भिन्न भिन्न प्रतित नभई एउटै शरीरका अङ्गहरु झैं एउटै ठाउँमा रहनु नितान्त आवश्यक छ। अन्यथा उपन्यासको केन्द्रीय प्रभाव घट्दै जान्छ र त्यसको मुख्य उद्देश्य पुरा हुँदैन। सरल उपन्यासमा एउटै कथा रहने हुँदा वस्तु सङ्गठनमा कुनै विशेष सतकर्ता हुँदैन तर मिश्रित उपन्यासमा विभिन्न कथाहरुको उपस्थिति रहने भएकाले सिप क्षमताको खाँचो पर्दछ। यसैले सम्पूर्ण कार्य वा घटनाको प्रवाह निश्चित लक्ष्यतिर बढिरहेको हुनुपर्दछ। यसका लागि विभिन्न कार्याअवस्थाको उचित निर्वाह त हुनैपर्छ र साथै तिनलाई एउटै शरीरको रुप प्रदान गर्ने चेष्टा हुनुपर्दछ। कथानकको यस्तै सङ्गठनका लागि साहित्य दपर्णमा पाँच सन्धिहरुको उल्लेख छ - मुख, प्रतिमुख, गर्भ, विमर्श र निर्वहण रहेका छन्।

कथानकलाई सशक्त, प्रभावशाली र सफल पार्न कौनूहलको समावेश अत्यावश्यक हुन्छ। अप्रासङ्गिक र मूल कथानक भन्दा दूरगामी विषयको बेली विस्तार गर्न थालियो भने पाठकलाई झर्को लाग्न थाल्छ, किनभने यस्ता अनावश्यक विषयले कथानकको विकासमा नै अवरोध उत्पन्न गर्दछन्। नाटकीय ढंगले कार्यहरुको उपस्थान हुँदै कथानक निर्वाध रुपमा विकसित हुँदै गयो भने कौतूहलको उद्दीपन हुँदै जान्छ र रोचकता विद्यमान रहन्छ। यो कौतूहल स्वभाविक रुपमा उत्पन्न गरिनु पर्दछ। रहस्यपूर्ण, रोमाञ्चकारी ढङ्गले अप्राकृतिक कार्यहरु घटनाहरुद्वारा सृष्टि हुने कौतूहल निम्न कोटिको ठहर्छ

र त्यो प्रणाली जासूसी उपन्यासलाई नै सुहाउन सक्छ, उत्तम कोटिका उपन्यासहरुमा यो पद्धति अशोभनीय हुन्छ । कौतूहल नै उद्देश्य र मन बहलाउ नै जसको लक्ष हुन्छ त्यस्ता जासुसी उपन्यासमा कौतूहलको जादुगरी क्षम्य हुन्छ, तर जीवनको व्याख्या गर्ने गम्भीर उपन्यासहरुमा कौतूहल एक तत्त्व विशेषको रुपमा आउनुपर्दछ, त्यसैको रजाइँ हुनु उचित छैन । त्यसैले असल उपन्यासहरुमा कथानक राचक तुल्याई पाठकलाई थकाइबिना अन्तिम सम्म खिचेर लैजाने मूल उद्देश्य प्राप्तिमा सहायक हुने तत्व विशेषको रुपमा आवश्यक मानिन्छ । कौतूहलको समावेश गर्दा यो कुरा राम्रोसँग ध्यानमा राख्नुपर्दछ (उपाध्याय, २०४९ : १३९) ।

## २.६ चरित्र चित्रण

चरित्र चित्रण उपन्यासको अर्को महत्वपूर्ण तत्व हो । चरित्रमा व्यक्ति हुन्छ, उसले जे बोल्छ संवाद हुन्छ र जे गर्छ त्यो कार्य हुन्छ । वार्तालाप र कार्यव्यापारबाट चरित्रको उद्देश्य स्पष्ट हुन्छ । प्राचीन आख्यान रोचक र आकषर्ण भएर पनि चरित्र चित्रणका अभावमा निरर्थक देखिन्थे । आधुनिक आख्यानमा कथावस्तुलाई भन्दा चरित्रलाई बढी महत्व दिइएको छ । मानव जीवन अथवा कार्यव्यापारलाई चित्रित गराउनका लागि मानिसको रुचि स्वभाव तथा घात प्रतिघात कियाप्रतिकिया आदि चित्रण गर्नु आवश्यक देखिन्छ । उपन्यासमा विभिन्न घटनाहरुको समावेश गरिएको हुन्छ । ती घटनाहरुको कलात्मक रुपबाट औपन्यासिक वस्तुको रचना हुन्छ । त्यस्ता घटना वा वस्तुको मूल आधार नै पात्र हुन्छ । पात्रका कियाकलापबाट कथावस्तु विकसित हुँदै घटनाले नाटकीय मोड लिएपछि पाठकका मनमा अनेक जिज्ञासा उत्पन्न हुन्छन् । उपन्यासका पात्र स्वतन्त्र, सकिय र सजीव  हुनुपर्दछ । पात्रको यथार्थता र सजीवता नै उपन्यासको विश्वासनयिताको आधार हो । यसर्थ पात्रलाई सजीव र यथार्थ रुपमा प्रस्तुत गर्न लेखकको कल्पना शक्ति, विस्तृत अध्ययन, मनन् तथा कलात्मक आयोजनाको महत्वपूर्ण भूमिका हुन्छ । चरित्र चित्रणबाट लेखकको मूलभूत उद्देश्य प्रकट हुन्छ । लेखकले पात्रलाई आफ्नो विचार वा सिद्धान्त प्रतिपादन गराउने साधन बनाउनु हुँदैन । यस्ता पात्र निष्किय र निर्जीव जस्ता देखिन्छन् । यसैले पात्रलाई स्वतन्त्र रुपमा छाडिदिनुपर्दछ । पात्रको सजीवता, स्वतन्त्रता र कियाशिलता नै उपन्यासको प्राण हो । जुनसुकै वर्ग र जुनसुकै ठाउँबाट पनि पात्रलाई लिन सकिन्छ, तर कथावस्तु र पात्रका बीच आवश्यक सन्तुलन मिलाई

स्वभाविक रुपमा पात्रको क्रियाकलाप र व्यक्तित्वको विकास गरेर देखाउनु नितान्त रुपमा आवश्यक मानिन्छ ।

चरित्र चित्रण गर्दा पात्रका आन्तरिक तथा बाह्य दुवै पक्षको सूक्ष्म अध्ययन र विश्लेषण गर्नुपर्दछ । स्वभाविक रुपमा मानव जीवनका राम्रा, नराम्रा, असल, खराब जस्ता कुराहरुलाई प्रकाशमा ल्याउने काम पनि चरित्र चित्रण अन्तर्गत गरिन्छ । मानिसका रागद्वेष, उचता, नीयता, सदाशय दुराशय, चाञ्चल्य, एंव आन्तरिक र बाह्य संघर्ष ईर्ष्या, घृणा आदिको चरित्रमा नै चरित्रको सजीवता निर्भर रहन्छ । चरित्रको अर्थ गतिशिलता पनि हो । गतिशिलता पात्रको विकासशील चेतनामा नै सम्भव हुन्छ । बाह्य परिस्थिति र सामाजिक घात प्रतिघातका चापमा परेको मान्छेको मानसिक क्रियाप्रतिक्रियाले छोएको जीवन जगत्का बाह्य सामाजिक संघर्षहरुका चापमा खटिएका मानव मनको समुद्घाटन गर्नु नै उत्कृष्ट चरित्र चित्रण हो ।

चरित्र चित्रणका तीन विधिबाट गर्ने गरिन्छ :-

क) वर्णनात्मक विधि,

ख) नाटकीय विधि र

ग) आत्मकथात्मक विविध

वर्णनात्मक विधिलाई विशेषण विधि पनि भनिन्छ । यस विधिअनुसार लेखकले पात्रको विशेषता, गुण दोष, भेषभुषा तथा आकारप्रकार र स्वरुपको परिचय दिन्छ । सामान्यतया यस विधिमा पात्रको हाउभाउ, टिकाटिप्पणी र साधारण प्रतिक्रियाको वर्णन भएका हुन्छन् । यो लेखकद्धारा वर्णन गरिने प्रत्यक्ष विधि हो । नाटकीय विधिमा उपन्यासकार तटस्थ बसेर संवाद, वादविवाद, विभिन्न घटना र त्यसबाट उत्पन्न क्रिया प्रतिक्रियाका माध्यमबाट चरित्र चित्रण गरिएको हुन्छ । आत्म कथात्मक विधिमा पात्रले स्वंय आफ्नो विचार, अनुभव, जीवनवृत्त आत्मकथा वा पात्रका माध्यमबाट व्यक्त गर्दछ । यो सिमित विधि भएकोले सर्वत्र सम्भव छैन । यसरी उपन्यासका चरित्र चित्रणका लागि सबै विधिको प्रयोग गरिए पनि नाटकीय विधि प्रमुख उत्कृष्ट विधि मानिएको पाइन्छ ।

भूमिका वा कार्यव्यापारका आधारमा पात्रलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ ।

(१) प्रमुख पात्र

(२) सहायक पात्र

(३) गौण पात्र

(१) प्रमुख पात्र :- मूल कथानकसँग सम्बन्धित मुख्य पात्रहरुलाई प्रमुख पात्र भनिन्छ । यस वर्ग अन्तरगत नायक, नायिका, प्रतिनायक र मल कथामा केन्द्रीय भूमिका भएका अन्य पात्रहरुलाई पनि राख्न सकिन्छ । यिनिहरुसँग सम्बद्ध घटना र क्रियाकलापको आधारभूमिका औपन्यासिक कथावस्तु गतिशिल बन्दछ ।

(२) सहायक पात्र :- प्रसङ्गअनुसार बीचमा आएर मूल कथावस्तुलाई गतिशीलता प्रदान गर्ने र मूल नायकलाई पुऱ्याउने पात्रलाई सहायक पात्र भनिन्छ ।

(३) गौण पात्र :- अन्य प्रसङ्गवंश बीचैमा आएर बीचैमा हटाउने पात्रलाई गौण पात्र भनिन्छ । यिनको उपन्यासमा खासै महत्व हुँदैन ।

प्रतिनिधित्वका आधारमा चरित्र दुई प्रकार हुन्छन् -

(१) व्यक्तिगत चरित्र र

(२) वर्गगत चरित्र ।

(१) व्यक्तिगत चरित्र :- व्यक्तिगत चरित्रमा वैयक्तियताको प्रधानता रहन्छ । यसमा वैयक्तिक भावना र संवेदनाले प्रश्रय पाएको हुन्छ ।

(२) वर्गगत चरित्र :- वर्गगत चरित्रमा सामूहिक भावनाको प्रबलता रहन्छ । यसमा निश्चित वर्गको सुख-दुःख कठिनाई र समस्याको अभिव्यक्ति हुन्छ । यसमा वर्गीय स्वार्थले प्रमुख भूमिका खेलेको हुन्छ ।

गतिशीलताको आधारमा पात्र गतिशील र स्थिर गरि दुई प्रकारका छन् :-

(१) गतिशील चरित्र :- गतिशिल चरित्रको उपन्यासभरि सक्रिय भूमिका हुन्छ । उपन्यासमा घटित घटनाका आधारमा पात्रमा प्रभाव परि आवश्यक र स्वभाविक परिवर्तन भएको हुन्छ । यस्ता पात्रलाई परिवृत्त चरित्रका रुपमा पनि लिइन्छ । गतिशीलता वा परिवर्तनशीलता यस्ता पात्रको स्वभाव हो ।

(२) स्थिर चरित्र :- जुन पात्रको उपन्यासमा घटित घटना र क्रियाकलापमा कुनै भूमिका हुँदैन, त्यस्ता पात्रलाई स्थिर चरित्र भनिन्छ । यी गतिहीन र निष्क्रिय देखिन्छन् । यस्तो पात्रमा कुनै परिवर्तन पनि देखिदैन र घटना र क्रियाकलापमा कुनै प्रभाव पनि पर्दैन (बराल र एटम, २०६६ : ३०) ।

## २.७ संवाद

पात्र पात्राहरुको बीचमा आफ्ना-आफ्ना विचार, भावना र हर्षविषद, उल्लास, विस्मय, करुणा-क्रोध आदि मनोरोगहरुलाई व्यक्त गर्नका लागि हुने पारस्परिक वार्तालापलाई कथन भनिन्छ । नाटकमा संवाद अनिवार्य हुन्छ । किनभने संवाद नै त्यसको अभिव्यक्तिको माध्यम हो । उपन्यास वर्णप्रधान हुने भएकोले यसमा संवाद अनिवार्य नभएपनि रोचकता र सौन्दर्यबर्द्धनको दृष्टिले आवश्यक हुन्छ । सुन्दर र कलात्मक संवादले वणर्नलाई उदात्त बनाउँदछ । उपन्यासकारको लामो विवरण व्याख्या र विश्लेषणको एकोहोरोपनालाई हटाई उराठिलो स्थितिबाट सरलता र रोचकताको वातावरणलाई पाठकलाई लगिदिन्छ । उपन्यासकार स्वयं के भन्छ ? यसको भन्दा पाठकलाई यसका चरित्रहरु के भन्दछन् ? यसको खुलदुली ज्यादा हुन्छ । उचित स्थानमा आफू लुकी पात्रहरुको बीच सम्वाद गराएर उपन्यासको कथानकलाई रोचक र आकर्षक बनाउनु लेखकको कौशलको परिचायक कुरा हो । संवाद प्रयोगमा लेखकले पूर्वसावधानी र सतर्कताको पालन गर्नुपर्छ । संवाद कथानकमा बाहिरबाट जबरजस्ती घुसाइएको जस्तो नभई एउटा संयुक्त आन्तरिकि तत्वजस्तो हुनु आवश्यक छ । यसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कथानकको विकास वा चरित्रहरुको रहस्योद्घाटन गर्नुपर्छ । ज्यादा लामो संवाद पनि झर्को लाग्दो हुन सक्छ । कुनै कुनै लेखक आफ्नो सिद्धान्त मुख पात्रको माध्यमले प्रस्तुत गर्दछन् ।

संवाद कस्तो होस् ? यस सम्बन्धमा हड्सनको विचार अत्यन्त उचित छ । उनको कथन यस प्रकार छ ।

'संवाद स्वभाविक, उपयुक्त नाटकीय हुनुपर्छ, यसको अर्थ के हो, भने यो वक्ताको व्यक्तित्वको अनुरुप, समय सुहाउँदो अनि सरल, ताजा, पूर्ण र चाखलाग्दो हुनुपर्छ ।'

संवाद स्वाभाविक र उपयुक्त भएमा चित्त बुझ्दो हुन्छ । नाटकीय भएमा प्रभावपूर्ण हुन्छ, बक्तााको बौद्धिक क्षमताको अनुरुप भएमा पत्यारिलो र मननीय हुन्छ । यी पक्षहरुमाथि ध्यान नदिईकन लेखिएका सम्बाद अर्थ न वर्थका बकवास मात्र हुन्छन् ।

उपन्यासमा हाँस्य, करुणा र त्रास यी तीन संवेदनाहरुको यथोचित निर्वाह पनि आवश्यक हुन्छ । हास्यमा व्यङ्ग्यको चोट भए झन् विलक्षणता आउँछ । हास्य र व्यङ्ग्य उपन्यासरुपी अचारका ज्यामिर र खुर्सानी हुन । हुन त प्रत्येक उपन्यास विधामा उपयुक्त सबै सामाग्रीहरुको झलक यत्रतत्र पाउन सकिन्छ । तर यी सबैको यथोचित मात्रामा प्रयोगचाहि विलक्षण प्रतिभा सम्पन्न लेखकले गर्न सकेका हुन्छन् । वास्तवमा सबै लेखक समान रुपले हँसाउन र रुवाउन सक्तैनन् । लेखकको योग्यता र प्रकृतिको आधारमा कुनै उपन्यास हाँस्य प्रधान हुन जान्छ, कुनै व्यङ्ग्य प्रधान र कुनै करुणाप्रधान न कुनै रोमाञ्चकारी । उपन्यास पढ्दा अनुभव हुने यी संवेदना स्वयं लेखकको वर्णन र चरित्रहरुको बीच आपसमा भएको संवादद्वारा व्यक्त हुन्छन् । यी प्रभावपूर्ण भावनाहरु उत्पन्न गर्नका लागि लेखकले उपयुक्त पात्रको विचार राख्नु आवश्यक छ । अलिकति पनि अस्वाभाविकता र असङ्गति देखिएका जस्तोसुकै उच्चकोटीको कथन पनि निःसार, निरर्थक र निष्प्रभावी हुन जान्छ । यी कस्ता महत्वपूर्ण तत्व हुन् भने यिनले गर्दा कथानक चाखिलो हुन्छ र चरित्रहरु यान्त्रिक नभई सजीव हुन्छन् । अनि उपन्यास सफल हुन्छ (उपाध्याय, वि.सं २०४९ : १४४) ।

## २.८ देशकाल वातावरण

उपन्यासमा कुनै देश वा स्थानको परिप्रेक्ष्यमा कुनै निश्चित कालखण्डको  जीवनको चित्रण गरिएको हुन्छ । विषयको बोध हुनु उपन्यासकारका लागि जति आवश्यक छ, उत्तिकै आवश्यक छ

विषयलाई प्रस्तुत गर्ने काल र परिवेशको बोध । प्रत्येक देश, जाति र समाजका आफ्नै रीति नीति हुन्छन् र आफ्नै प्राकृतिक एंव कलात्मक विशेषता लेखकलाई यी सबैमाथि पूर्ण अधिकार रहनुपर्दछ । फेरि उसै गरी हरेक युगको आफ्नै चिन्तन, मान्यता समस्या र चालचलन हुन्छ, यसको पनि ध्यान रहनैपर्छ । त्यसैले लेखकले उपन्यासको विषय त्यसै क्षेत्रबाट लिनुपर्छ । जससित ऊ पूर्णतया परिचित छ । केबल कल्पनाको भरमा गरिएको चित्रण कृत्रिम र अस्वाभाविक मात्र होइन, असत्य भएकोले अनर्थकारी पनि हुन्छ । तथ्यपूर्ण कथ्य नै सत्य हुन्छ । लेखकहरु प्रायः आफू सम्बद्ध भएको वर्ग वा क्षेत्र सितपूर्ण रुपले परिचित हुन्छन् । त्यसैले हामी देख्तछौं, काँही उच्च वर्गको चित्रणमा सफल हुन्छन् । कोही मध्यम वर्गको चित्रणमा र कोही निम्नवर्गको चित्रणमा । वस्तुतः लेखकले भागेको जीवन साहित्यमा यथार्थ रुपमा अङ्कित हुन्छ र त्यो प्रभावशाली सिद्ध हुन्छ पनि । जीवन र जगत्मा केही यस्ता विषय र प्रसङ्ग पनि अवश्य हुन्छन्, जसलाई लेखकले स्वयं साक्षात्कार गर्न पाउँदैनन्, तर अरुको अनुभव र वर्णन सुनेर अथवा पढेर सामग्री सङ्कलन गर्दछन् । जो बढी संवेदनशाली र कल्पनाप्रवीण हुन्छन्, तिनले अरुबाट पैँचो लिएको विषयलाई मुक्त यथार्थका रुपमा प्रस्तुत गर्न सफलता पनि पाउँछन् । कविताको क्षेत्रमा यस प्रकारको सापटी सामाग्रीको निर्वाह हुन सक्छ तर उपन्यासमा यस्तो प्रयोग असफल हुने खतरा हुन्छ -उपाध्याय, २०४९ : १४५) ।

## २.९ जीवन दर्शन

प्रत्येक लेखकको जीवनसम्बन्धी केही न केही आफ्नो धारणा र मान्यता हुन्छ । जीवनको अध्ययन गरी आफूले गरेको अनुभव त्यसै धारणा वा मान्यतालाई कलात्मक रुपमा अभिव्यक्त गर्नु उसका कृतिको उद्देश्य हुन्छ । जुन रचनामा फोटोग्राफी झैं जीवनको बाह्य वर्णन मात्र हुन्छ । समाजलाई परिचालित गर्ने कुनै दर्शनको प्रकटीकरण हुँदैन, त्यो जतिसुकै सफल चित्रण भए पनि उत्तम कलाकृति सिद्ध हुँदैन, तर उपन्यासमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लेखकको जीवनसम्बन्धी दृष्टिकोण अभिव्यक्त भइ नै रहन्छ । कुशल लेखकलाई सचेत रुपमा कुनै सिद्धान्त वा विचार प्रस्तुत गर्नुपर्‍यो भने उसले त्यो बडो अप्रत्यक्ष रुपमा पात्रको माध्यमले गर्छ । उपन्यास एउटा कला हो, भन्ने ध्यान नराख्ने लेखक आफ्नो दर्शन र सिद्धान्त प्रति यति आग्रही हुन्छन् कि ठाडै प्रचार गर्न थाल्छन् । उनीहरु कुनै पात्र विशेषलाई काखी च्यापी त्यसको मुखबाट भाषण गराउँदै आफ्ना विचार छदाउन थाल्छन् । यस्तो जुन उपन्यासमा गरिएको

हुन्छ । त्यो अनाकर्षक र अरुचिकार हुन्छ । उपन्यास सिद्धान्त प्रचारको मञ्च नै त होइन कलात्मक रुपले रोचकता साथ जीवनको चित्रण गर्ने कृति हो ।

उपन्यासमा दर्शन दुई रुपमा प्रस्तुत भएको हुन्छ - सत्य र नैतिकता । साहित्यिक सत्य यथार्थमा आश्रित नभएर भावमा आश्रित हुन्छ, अर्थात साहित्यमा हामी सत्यलाई त्यस रुपमा पाउन उत्सुक हुँदैनौं, जुन रुपमा विज्ञानले प्रस्तुत गर्दछ । अपितु हामी साहित्यमा कल्पनाको बलले सजीव र चित्तचमत्कारी रुपमा उपस्थित सम्भावनात्मक सत्यको साक्षात्कार गर्न चाहन्छौं । यस कुराको सूक्ष्म विभेद नगरी प्लेटोले काव्यसत्य र विज्ञान सत्यलाई एकै ठहऱ्याएर ठूलो प्रमाद गरे । तब त उनले काव्यलाई असत्य मानी सत्यको घोर निन्दा गरेर आफ्नो 'आदर्श राज्य' बाट कविहरुको बहिष्कारको घोषणा गरे । उनका शिष्य अरिस्टोटलले आफ्नो गुरुको भ्रमको संशोधन गर्दै काव्यगत सत्यको निरुपण गरे । उनको विचारमा इतिहास र काव्यमा अन्तर छ । इतिहासमा सत्य इतिवृत्तात्मक वा तथ्यनिष्ठ हुन्छ र काव्यमा सम्भाव्य ।

डिकेन्सले अझ गम्भीरतापूर्वक यस विषयमा विचार गरेका छन् । उनले शास्त्र र काव्य साहित्यलाई ज्ञानको साहित्य र शक्तिको साहित्य भनेर छुट्टयाएका छन् र दुवैको तुलना गर्दै लेखेका छन् -

ज्ञानको साहित्य मूल्याङ्कन पदार्थको यथार्थबाट हुन्छ र यसको प्रत्येक अग्रगामी कदम विज्ञानद्वारा नियमित हुन्छ । यो आवश्यक रुपमा चिरपरिचित हुन्छ ।

'परन्तु शक्तिको साहित्यको सत्य' पुरुष र स्त्रीका जीवनलाई बनाउने महान् मुख्य वृत्तिहरु, संवेदनाहरु अनि अनुराग र सिद्धान्तहरुको इमानदारीपूर्वक गरिएको अभिव्यक्तिमा निर्भर रहन्छ । फेरि किनभने यी मानवीय अन्तर्वृत्तिहरु युगौसम्म नगण्य रुपमा नै परिवर्तित हुन्छन्, ती पुस्तकहरु जसमा मुख्य सारभूत सत्यको चरम तत्व रहन्छ, जतिसुकै पुरानो भएपनि आफ्नो लेखिएको जमानामा झैं सधैं ताजा र प्राणवान हुन्छन् ।

इतिहास र उपन्यासको अन्तरलाई स्पष्ट गर्ने एउटा उक्ति नै प्रचलित छ, जसको उल्लेख हड्सनले आफ्नो ग्रन्थमा गरेका छन् । 'उपन्यासमा नाम र तिथि छाडी अरु सबै कुरा सत्य हुन्छन् र इतिहासमा नाम र तिथि छाडी अरु सबै कुरा असत्य ।' यस कथनबाट के सार निस्किन्छ भने इतिहाँसमा

व्यक्ति प्रतिको आग्रहले गर्दा कि त सत्यलाई लुकाइन्छ कि त त्यसको आंशिक प्रर्दशन हुन्छ, त्यसको विपरित साहित्यमा त्यस किसिमको कुनै बन्धन हुँदैन र त्यसमा पूर्व सत्यको सार्वभौम अभिव्यक्ति हुन्छ ।

संस्कृतमा भनिएको छ : 'कविको वर्णन मिथ्या हुँदैन, ऊ दोस्रो सृष्टिकर्ता हो ।' साहित्यमा नैतिकताको प्रयोग सम्बन्धमा परस्पर विरोधी मत हुन सक्छ । नीतिवादीहरु नीतिलाई नै कला र साहित्यको कसी मान्न पुग्छन् र कलावादीहरु नीतिको उल्लेख सम्म गर्न मन पराउँदैनन् । विश्वसाहित्यको अध्ययन गर्दा यी दुवै अतिवादको बिच समन्वयवादी मध्यमवर्ग पनि दृष्टिगोचर हुन्छ । वास्तवमा अपार साहित्यको अवलोकन रुढिवादी धर्म नैतिकताको दृष्टिले गर्नु साहितयको मर्म तथा सौन्दर्यलाई अपमानित गर्नु हो र अर्कोतिर साहित्य र नैतिकताको कुनै सम्बन्ध छैन भन्नु जीवनमा निहित सत्यको उपेक्षा गर्नु हो । साहित्य जीवनको चित्रात्मक अभिव्यक्ति भएकाले जीवनमा रहेका नैतिक अनैतिक पापपुण्य कर्म त्यसमा अनायास हुन जान्छ । साहित्यकार न मिथ्यावादलाई रुचाउँछ, न अन्याय, अत्याचार, भष्ट्रता र आडम्बरको पोषण गर्दछ । ऊ कि त स्वस्थ समाजको निर्माण कसरी हुन सक्तछ, त्यसको सान गरिदिन्छ र कि चाहिँ समाजको जर्जर, गलित र घृणित रुपलाई हाम्रो अगाडि राखिदिन्छ, जसलाई बदलिनु छ । ऊ सँधै मानवहितको पक्षमा उभिन्छ र यसैमा ऊ नैतिकताको प्रतिपादक हुन्छ । हड्सनले त्यसैले भनेका छन् :- कला जीवनबाट उद्भूत हुन्छ र जीवनप्रति प्रतिक्रिया व्यक्त गर्दछ । अतएव जीवन प्रतिको उत्तरदायित्वबाट विमुक्त हुन सक्तैन ।

यस दृष्टिले विचार गर्दा उपन्यासमा उपन्यासकाले नैतिक दृष्टिकोण प्रस्तुत गरेको हुन्छ, अथवा प्रस्तुत गर्नुपर्छ । हड्सनको मतमा, उपन्यासकारले नीतिवादी हुनुपर्छ । उपन्यासकारको जीवनसँग सरोकार हुन्छ, तसर्थ उसले नैतिक तथ्यहरु र जीवनसित संलग्न प्रत्येक वस्तुहरुसित सरोकार राख्नैपर्छ । उसको कृतिको वास्तविक महत्व अधिकांश रुपमा नैतिक शक्ति, अन्तर्दृष्टि र उसको जीवन दर्शनको समस्त आत्मा र प्रवृत्तिहरु माथि निर्भर रहन्छ । हड्सनको यो आग्रह उत्कृष्ट नीतिवादी उपन्यासकारहरुको प्रवृत्तिलाई ध्यानमा राखेर स्थिर भएको छ । यथार्थवाद र अति यथार्थवादको आडमा जीवनमा क्रियाशील हुने प्रवृत्तिहरुलाई नग्न रुपमा चित्रित गर्नु नै साहित्यकारको धर्म हो भनि ठान्ने मान्यताको दृष्टिमा उनको यो विचार कालातीत भैसकेको प्रतीत हुन सक्छ तर के बिर्सनु हुँदैन भने जुनसुकै युगमा पनि असल र खराबलाई छुट्याउने एउटा मापदण्ड त हुन्छ नै । यसै युग सापेक्ष

मापदण्डलाई लिएर जीवन मूल्यको अभिव्यक्ति दिन उपन्यासकार तत्पर रहनुपर्छ । यति गरेमा उसको उत्तरदायित्व पूरा हुन्छ । ध्यान चाहिँ के रहनुपर्छ भने नैतिक पक्ष प्रचारात्मक नहोस्, अपितु व्यङ्ग्य होस । अन्यथा लेखकको भूमिका नीतिकार वा उपदेशकको हुन जान्छ । कला र शास्त्रको उद्देश्य भिन्न भिन्न छ । दुवैका उद्देश्यको अन्तरलाई स्पष्ट गर्दै जोहन रडिग्टन साइमण्डिसले लेखेका छन् :- 'एक थरी धर्मशास्त्रले व्याख्या र उपदेश दिन्छ, अर्कोथरी कला र साहित्यले पुँजीभूत भाव र विचारलाई लेख्छन् र आनन्द दिन्छ ।'

यस प्रकार सन्तुलित विचारका विद्वान् आलोचक र लेखकहरु उपन्यासमा नीतिको समावेश अभीष्ट सम्झन्छन् र त्यसलाई कलाको मयार्दा माथि कति पनि आघात नपार्ने रुपमा सन्निविष्ट भएको देख्न चाहन्छन् । अत्याधुनिक उपन्यासकार जीवनको उजागर उपन्यासमा गर्दछन् । प्रचलित र निर्धारित नैतिकतालाई मान्दैनन् र कहाँ सम्म भने उनीहरु साहित्यको कुरा ठोस उद्देश्य पनि स्वीकार गर्दैनन, तर ती पनि के घोषित गर्दछन् भने उनीहरुको उद्देश्य विद्रोह हो, विध्वंस हो । यस विद्रोह र विध्वंसको भावनाको पछाडि निश्चय नै असत्य, अप्रिय र असुन्दरप्रति घृणा एंव सत्य शिव र सुन्दर प्रतिको तृष्णा निहित हुन्छ । त्यसैले स्थुल नैतिकताप्रति अत्याधुनिक भावना जतिसुकै विमनस्क होस, सूक्ष्म दृष्टिले सुन्दर समाजको निर्माण गर्ने व्याकुलता त्यहाँ पनि अवश्य हुन्छ । अत्याधुनिक उपन्यासकार स्थापित प्राचीन मूल्यको मूर्ति भंग गर्न तम्सिएका देखिन्छन् : तर तिनमा स्वस्थ र सम्पन्न मानव समाजका रचनाको नजानिँदो आग्रह रहन्छ, रहनुपर्छ ।

उपन्यासको नैतिक दायित्व यत्तिकैमा पूरा हुन जान्छ । सज्जनको सधैँ विजय हुन्छ र दुष्टले दण्ड नपाइरहन सक्तैन भन्ने खालको आदर्शवादी भावना व्यक्त गरी नैतिकताको प्रचार गर्नु औपन्यासिक कलाको धर्म होइन । उपन्यासमा त दुष्टताको साथ सज्जनताको सङ्घर्षको अभिव्यक्ति पर्याप्त हुन्छ, विजय जोसुकैको होस (उपाध्यय, २०४९ : १४६) ।

## २.१० उपन्यासमा आदर्श र यथार्थ

आजसम्मका उपन्यासहरु मोटामोटी रुपमा दुई प्रकारका छन् - आदर्शवादी र यथार्थवादी। प्राचीन कालमा आदर्शको महिना देखाई समाजलाई 'जीवन कस्तो हुनुपर्छ' को शिक्षा दिनु साहित्यको

उद्देश्य मानिन्थ्यो । इमानदारी, सत्य र धर्मको सधैं विजय हुन्छ भन्ने भावनाले प्रेरित भएर नायकको जीवनको प्रारम्भमा दुःख देखाइए पनि अन्त्य सुखमय देखाइन्थ्यो र उसको चरित्र अनुकरणीय रुपमा प्रस्तुत गरी खलनायकको चरित्रि सिद्ध गरिन्थ्यो । यसरी साहित्य जीवनको प्रतिबिम्ब मात्रै नभएर आदर्श जीवन पद्धति सिकाउने कलाको प्रतिष्ठित हुने गर्दथ्यो । परन्तु बैज्ञानिक आविष्कार, प्राणीशास्त्र, मानवशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र र मनोविज्ञानशास्त्रका विकासको फलस्वरुप साहित्यमा आदर्शको प्रस्तुतिकरणको स्थानमा यथार्थ र स्वाभाविक चित्रणको आग्रह हुन थाल्यो । यस नवदृष्टि र नवरुचिअनुसार आदर्श पात्रहरु हाडमासुले बनेका जीवित नरनारीका प्रतिनिधि बन्न नसक्ने र तिनको अस्तित्व केवल कल्पना लोकमा मात्र सम्भव हुने देखि समाजमा देखापर्ने गुण दोष युक्त सामान्य स्त्री-पुरुष नायिका र नायकको रुपमा चित्रित हुन थाले । यसरी आदर्शवादको विरुद्ध मनोबैज्ञानिक आधारमा मूर्त्याइएका नरनारीलाई लिएर 'जीवन कस्तो छ ।' भन्ने देखाउँदै उपन्यास साहित्यिक विधाको लेखन गर्ने जुन नयाँ परिपाटी आयो, त्यसलाई नै यथार्थवादको संज्ञा दिइयो । यो यथार्थवाद पाश्चात्य साहित्यको देन हो । पाश्चात्यहरुमा ग्रिसेली नाटककार युरिपाइडिजले सर्वप्रथम आदर्शवादको विरोध गरी यथार्थवादको शङ्घघोष गरेका हुन् । परन्तु 'वाद' को रुपमा यथार्थवादको सूत्रपात उन्नाइसौं इ. शताब्दीमा आएर भयो । यसको श्रेय फ्रान्सेली साहित्यकारहरुलाई प्राप्त हुन्छ । हुन त यथार्थवादी युग भन्दा पूर्वका रोमान्सेली कलाकार र लेखकहरु स्टान्धाल, मेरिमी, हयुगो, बाल्जाक प्रभृति नै यथार्थ चित्रणप्रति झुकाउ देखाएका थिए, उनीहरु यस पद्धतिलाई कुनै सिद्धान्तविशेषको रुपमा प्रतिपादित गर्न आतुर भएनन् । वास्तवमा साहित्यमा यथार्थवादी आन्दोलन चित्रकलाको क्षेत्रबाट अयो । उन्नाइसौं इ. शताब्दीको पूर्वाद्धसम्ममा के चित्रकला, के साहित्य दुवै क्षेत्रमा आदर्शवादकै प्रभुत्व थियो, त्यसको उत्तरार्द्धमा गोगाँ, सिजान, कुर्वेट आदि चित्रकारहरुले यथार्थको आवाज उठाई यथार्थवादी चित्रण पद्धतिलाई अँगाले । अनि 'मोर्डन आर्ट' को युगारम्भ भयो । यसैलाई प्रेरणा ग्रहण गरी चेम्फलुएरी, फलुबर्ट र जोला आदिहरुले उपन्यासको क्षेत्रमा यथार्थवादको स्थापना गरे । फ्लुबर्ट उनको मैडम बोभरीको आधारमा यथार्थवादका प्रथम सबल प्रयोक्ता मानिन्छन् । जोलाले त प्रकृतिवादी सङ्घको स्थापना गरी यथार्थवादी अभियानलाई अगाडि बढाए । यसपछि समस्त विश्वसाहित्यमा नै यसको प्रभाव पर्दै गयो ।

नेपाली साहित्यमा नाटकको क्षेत्रमा गोपाल प्रसाद रिमालको मसानघाट कथाको क्षेत्रमा पुष्कर शमशेर, बाल कृष्ण सम, विश्वेश्वर प्रसाद कोइरालाबाट उपन्यासको क्षेत्रमा लैनसिंह वाङ्देलको मुलुकबाहिरबाट यथार्थवादको प्रयोग प्रारम्भ भयो । वाङ्देलद्वारा स्थापित यथार्थवादी परम्पराको उपन्यास जगतमा इन्द्र सुन्दास, दौलत विक्रम विष्ट, लीलाध्वज थापा, प्रवृत्तिबाट विकास भयो र गोबिन्दबहादुर 'गोठाले' विजय मल्ल र शङ्कर कोइरालाबाट त्यसले उत्तरोत्तर प्रतिष्ठा पायो । आदर्शवादी उपन्यासकार रुद्रराज पाण्डेको परम्परा नेपाली उपन्यासबाट सर्वधा विलुप्त चाहिँ भएन । कहीँ आदर्शोन्मुख यथार्थवादको रुपमा र कहीँ यथार्थोन्मुख आदर्शवादको रुपमा त्यो अद्यापि प्रयुक्त हुँदैछ । आदर्शको लक्षणमा आधुनिक युग सुहाउँदो परिवर्तन अवश्य हुन गएको छ । त्यसैले यस्ता उपन्यासहरु पनि सामाजिक चेतनाले परिपूर्ण छन्, तर तिनको उद्देश्य कलात्मक, बौद्धिक तृप्ति एंव आनन्द प्रदान गर्नु र समाजको वास्तविक चित्र प्रस्तुत गर्नु नभई उपदेश दिनु त अतिरञ्जित कल्पनामय भावलोकको सृष्टि गर्नु रहन गएको छ । यस्ता खालका उपन्यास हृदयचन्दसिंह प्रधानबाट जन्मेका छन् र त्यो क्रम तुलसीराम कुँवर आदिले कायम राखेका छन् । आदर्शोन्मुख यथार्थवादको चित्ताकर्षक प्रयोग अच्छा राई 'रसिक' ले गरेका छन् ।

प्राचिन आदर्शवादी चित्रणले साहित्यलाई पूर्व निर्धारित मान्यताको सीमा भित्र राखी नवचेतना र प्रगतिशिल विचारधाराा देखि यसलाई पृथक राख्यो । यस परिपाटीमा उच्च वर्गको नर नारी नै समाजका नेता र नेत्रीबनेर रहे । यथार्थवादले प्राचीन, आधुनिक आदर्शको मोह मात्र त्यागेन, अपितु अपेक्षित वर्ग र चरित्रलाई पनि नेतृत्वको अवसर दियो । आधुनिक प्रगतिशील आदर्शवादले प्राचीन मान्यतालाई त्याग्नमा र उपेक्षित वर्गलाई चरित्र नायकको दर्जा दिनमा यथार्थवादबाट प्रेरणा लियो । तर स्वभाविक र मनोवैज्ञानिकताको निर्वाह नगरी कलात्मक कृतिको स्थानमा उपदेशात्मक वा प्रचारात्मक रचना दियो । यदि कलापक्षको निर्वाह गर्न सकिन्छ, भने उपन्यासमा आधुनिक प्रगतिवादी आदर्शवादको प्रयोग त्याज्य नभई ग्राहय हुन सक्छ । यसै आदर्शोन्मुख यथार्थवादी पद्धतिलाई ग्रहण गर्ने रवीन्द्रनाथ, प्रेमचन्द आदि महान लेखकको रुपमा प्रतिष्ठित भएकै छन् । उपन्यास मानवको जीवनको एउटा महत्वपूर्ण साङ्गोपाङ्ग वर्णन भएकाले यसमा मानवमा उद्दीप्त हुने समस्त भावनाहरुको प्रकाशन वाञ्छनीय हुन्छ । यसमा यथास्थान यथार्थ र रोमान्सको अभिव्यक्ति हुनुपर्छ (उपाध्याय, २०४९ : १४९) ।

## २.११ उपन्यासमा श्लील र अश्लील

मानव कार्यहरु आन्तरिक भावनामा वशीभूत हुन्छन् । कार्य स्वंयम न श्लील हुन्छ न अश्लील । कार्य गर्ने भावना नै श्लील वा अश्लील हुन सक्छ । त्यसैले उही कार्य एक देश र परिस्थितिमा श्लील हुन्छ र अर्को देश र अर्को परिस्थितिमा अश्लील हुन जान्छ । फेरि उही कार्य एउटासित गर्दा श्लील हुन्छ र अर्को सित गर्दा अश्लील हुन जान्छ । यसरी श्लीलता र अश्लीलता, युग, देश, परिस्थिति र व्यक्ति सापेक्ष हुन्छ । यथार्थवादी उपन्यासले समाजको बाह्य आन्तरिक रुपलाई प्रस्तुत गर्ने हुदाँ यसमा सार्वजनिक रुपमा अवाच्य र अकथ्य पनि  गोप्य ठानिएको विषयलाई पनि खुला रुपले वर्णन गरिएको हुन्छ । त्यस प्रकारले वर्णनको पछाडि लेखकको कुन क्रियभाव छ, त्यो हेर्नुपर्छ । यदि उसको उद्देश्य मानवमा निषिद्ध भावना उद्दीप्त गरी त्यस प्रकारको निषिद्ध कार्यका लागि प्रेरणा दिनु हो भने त्यो अश्लील हो र यदि उसको उद्देश्य निषिद्ध र अनैतिक वासनापूर्तिका निम्ति प्रेरित गर्ने परिस्थिति र वातावरणप्रति व्यङ्ग्य गर्नु वा ती प्रति घृणा उत्पन्न गर्नु हो भने त्यो वर्णन श्लील हो तर यस प्रकारको उन्मुक्त यौन व्यापारको स्थूल साङ्गोपाङ्ग वर्णन त्यस्तो नगरी यथार्थको पूर्ण विवरण प्रस्तुत गर्न नसकिने भएमा नै गर्नुपर्दछ । अनावश्यक रुपमा गर्नु उचित हुँदैन ।

## २.१२ शैली

सबै तत्व हुँदाहुँदै पनि शैली अव्यवस्थित र नीरस भएमा उपन्यास सफल हुन सक्तैन । शैलीको परिचय भाषा प्रयोग, कथानकको गठन, चरित्रचित्रण र विषयको श्रृङ्खलाबद्ध प्रस्तुतिकरणमा पाइन्छ । प्रत्येक लेखकको शैलीमा आफ्नो खास वैशिष्टय हुन्छ । यसरी शैलीलेखकको व्यक्तित्वको परिचायक हुन्छ । भाषाको परिमार्जन गर्ने र त्यसमा सौन्र्दय र गरिमा ल्याउने चेष्टा लेखकको हुन्छ । लेखकहरुमा कोही अतिसाधारण बोलचालको भाषालाई प्रयोगमा ल्याउँछन्, कोही बाह्यवस्तुको विवरण एक एक गरी प्रस्तुत गर्नमा रुचि लिन्छन्  त कोहि त्यसको झाँकी मात्र दिइ मानवका अन्तर्वृत्तिहरुलाई उघार्नमा तत्परता देखाउँछन् । कोहि प्रवृतिको विभिन्न रुपको झर्को लाग्दो वर्णन गर्छन् त कोही मानव र प्रकृतिको साहचर्य देखाउन प्रतीकको रुपमा प्रवृत्तिको झलक दर्शाउँछन् । कसैलाई लोकोक्ति र दार्शनिक सूक्तिहरुको प्रयोग गर्ने रहर रहन्छ । कोही हास्यको जलप दिएर लेख्छन् त कोही व्यङ्ग्यको भाषाको सन्दर्भमा शुद्धता,

प्राञ्जलता, स्पष्टता र सरलताको निर्वाह आवश्यक हुन्छ । जुन किसिमको भाषाको आलङ्कारिक वा सधारणको प्रयोग गरिएको छ, त्यसको आद्योपान्त निर्वाह हुनुपर्छ । उपन्यास गद्यसाहित्य भएकाले बोलचालको सामान्य भाषाको प्रयोग बढी वाञ्छनीय हुन्छ । कथानकको गठनमा कोही सरासरी वर्णन गर्दै उपसंहारतिर बढ्छन् । यस्तोमा अन्तिम परिणतिको आभास पहिले नै प्राप्त भएको हुन्छ । कोही नाटकीय ढंगको प्रयोग गर्छन र कथानकमा अप्रत्याशित मोडहरुको सृष्टि गर्दै अकल्पित निष्कर्षमा पुगेर उपन्यासलाई टुङ्ग्याउने गर्दछन् । कौतूहलको दृष्टिले दोस्रो प्रकारको विन्यास आकर्षक हुन्छ । परन्तु यसमा के सावधानी रहनुपर्छ भने युक्ति सङ्गति, स्वाभाविकता र सम्भाव्यताको पालन गरियोस् :-विचित्र संयोगहरुका भरमा कथानकको संयोजन र अन्त्य गरियो । भने त्यो अल्पबुद्धि पाठकका लागि रोचक र प्रभावोत्पादक होला, तर प्रौढमति पाठकका लागि तयो प्रभावपूर्ण हुँदैन् । चरित्र चित्रणमा कुनै उपन्यासकार वर्णनद्वारा गुणदोषको प्रकाशन गर्दछन्, कुनै चाहिँ चरित्रहरुको कार्य र तिनको बिचमा हुने संवादद्वारा त्यसको अभिव्यीक्ति गर्दछन् । यसमा दोस्रो किसिमको अभिव्यक्ति प्रभावकारी हुन्छ किनभने लेखकद्वारा आरोपित गुणदोषयुक्त चरित्र हामीदेखि टाढाका र नौला प्रतीत हुन्छन्, कार्यव्यापारद्वारा गुणदोषको प्रकाशन गर्ने पात्र सजिव र निकटतम हुन्छन् । विषयका प्रस्तुतिकरणमा मुख्य प्रतिपाद्य वा प्रस्तुत तथ्यलाई साङ्गोपाङ्ग रुपमा चित्रित गर्न सक्नु कुशल शिल्पकारिता हो । यस कुराको वास्ता नगर्ने लेखक आफ्नो कृतिमा कि त विषयस्पर्श धेरै गर्छन् र तिनको निर्वाह गर्देनन कि त दूरवर्ती विषयलाई पनि आफ्नो विराट ज्ञानको परिचय दिने लोभले गर्दा समावेश गर्दछन् । फलतः मुख्य प्रतिपाद्यलाई विभिन्न कोणबाट हेरी त्यसको समस्त पक्षको प्रकाशन गर्न चुक्तछन्, र आफ्नो प्रयासबाट विफल बन्दछन् । तसर्थ आफूलेप्रस्तुत गर्ने खोजेको वीवनको पूर्ण प्रकाशनमा धानस्थ भएर आवश्यक विषयहरुलाई मात्र स्थान दिने लेखक नै कुशल शिल्पी मानिन्छन् (उपाध्याय, २०४९ : १५१) ।

# परिच्छेद : तीन

# राजेन्द्र थापाको औपन्यासिक यात्रा तथा प्रवृत्ति

## ३.१ राजेन्द्र थापाको सङ्क्षिप्त जीवनी

### ३.१.१ जन्म बाल्यकाल

साहित्यकार राजेन्द्र थापाको जन्म तुलाबहादुर थापा र श्रीमती तारा देवी थापाका कोखबाट वि.सं. २००८ भाद्र १७ गते तदनुसार सन् १९५१ सेप्टेम्बर २ काठमाडौंको डिल्ली बजारमा भएको हो । यिनको न्वारनको नाम लेखबहादुर थापा हो । यिनको नाम राजेन्द्रवरसिंह, कहिले राजेन्द्र मोहन सिंह र कहिले राजेन्द्र सिंह रहेपनि यिनी अहिले राजेन्द्र थापाका रुपमा परिचित छन् । एस.एल.सी. को फारम भर्दा तत्कालिन फेसन 'कुमार' नाम जोडिएकोले उनको जागिरे नाम भने राजेन्द्र कुमार थापा रहेको देखिन्छ ।

बाल्यकाल जीवनयात्राको एक महत्वपूर्ण क्षण हो । त्यस समयमा बालमष्तिष्कमा पर्न गएका छापहरुले पछिसम्म प्रभाव पारिरहेको हुन्छ । यस उमेरमा जुनसुकै बालक पनि बालसुलभ आचरण मनोरञ्जन तथा खेलकुदमा रमाउने र बिताउने गर्दछन् । कतिपय मानिसको बाल्यकालमा थुप्रै आपत् विपद् आइपर्छन् जसको कारणले उसको शारीरिक तथा मानसिक विकासमा समेत असर पर्न जान्छ । सम्पन्न परिवारमा जन्मेका राजेन्द्र थापाको बाल्यकालमा दु:ख, कष्ट, आपत् विपत् भने आइपरेनन् । पिता प्रहरी अधिकृत भएकाले यिनको बाल्यकालमा पितासँगै काठमाडौं, गोरखा, विरगञ्ज र चितवनमा बितेको थियो । राजेन्द्र थापाको बाल्यकालीन व्यक्तित्व निर्माणमा आमाको प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । आमाको शिष्टता, धैर्य, नम्रता, सरलता जस्ता व्यवहारबाट थापाले बाल्यकालमा धेरै कुराहरु सिके । त्यसको छाप यद्यपि छँदैछ । उनी बाल्यकालमा सरल र शान्त स्वभावका, सहनशील र सकभर आफ्नो दु:ख व्यक्त नगर्ने अन्यायवाद पीडित हुँदा पनि सहने, मौखिक तथा भौतिक प्रतिकार नगर्ने, शान्त स्वभावका मात्र साथी खोज्न असल स्वभावका थिए । उनको शारीरिक बनोट अति सुन्दर र गोरो भएका हुनाले बाल्यकालमा उनको तारिफ सबैले गर्दथे ।

बाल्यकालका केही घटनाहरु उनी अझै पनि सम्झि रहन्छन् - राजा महेन्द्रको राज्याभिषेकमा बिजुली अड्डा अगाडि अग्रपङ्तिमा उभिने मौका पाएको र त्यस बखत हात्तीबाट राजाले फालेका मोहर पाएका थिए । काठमाडौंबाट त्रिशुली हुँदै बोर्लाङ्ग पुगेको र त्यहाँ बृद्ध मानिसहरुले बाजे नाता जोडि थापालाई ढोगेका थिए । प्रहरीले पक्रेका चोरहरुलाई पिट्नलाई दुई दाजुभाइलाई प्रहरीले उक्साउँदा दाजुले लात्ताले हानेपनि उनले कुट्न सकेको थिएनन् । करिब ६-७ वर्षको उमेरमा उक्सेहाटमा खुट्टा बाँधेर थुनेको चोरको वायाँ घुडाबाट एक पटक हानेपछि दोस्रो पटक हान्न नसकेको र उक्त घटनाले हालसम्म पनि ग्लानी र पश्चाताप उत्पन्न गर्ने उनी बताउँछन् । बाल्यकालमा पिताका साथ विरगञ्ज, बारा, पर्सा, रौतहट, चितवन, बनारस तथा अलाहावाद आदि ठाउँको भ्रमण गरेका थिए । विभिन्न क्षेत्रबाट विभिन्न समयमा अनुभव बटुली सामाजिक, साँस्कृतिक र प्राकृतिक वातावरण अनुरुपको व्यक्तित्व निर्माण गर्दै उनको बाल्यकाल बितेको थियो (जोशी, २०६५) ।

## ३.१.२ शिक्षा दीक्षा

राजेन्द्र थापाका बुबा शिक्षित र सम्पन्न अनि प्रहरी अधिकृत भएका कारण यिनको पढाई ४/५ वर्षको उमेरदेखि नै प्रारम्भ भएको थियो तर राजेन्द्र थापालाई गोरखामा हुँदा पढेको मात्र याद छ, अरु कुनै याद छैन् । थापाले रामशाहपथ स्थित विजय प्राइमरी स्कुलबाट औपचारिक शिक्षा प्रारम्भ गरेका हुन् । १, २ र ३ कक्षा विजय प्राइमरी पढेपछि पिता विरगंज सरुवा भएका कारण राजेन्द्र थापाले पनि वि.सं.२०१६ सालदेखि विरगंजको त्रिभुवन हनुमान स्कुलमा कक्षा ४ र ५ पढे । त्यसपछि उनी काठमाडौं फर्के र कक्षा ६ देखि रामशाहपथको पद्मोदय हाइस्कुलमा पढ्न थाले । उनले वि.सं.२०२२ सालमा पद्मोदय हाइस्कुलबाट १४ वर्षको उमेरमा एस.एल.सी. उत्तीर्ण गरे । स्कुले जीवनमा उनी साथी भाइसँग विभिन्न किसिमका खेल खेल्ने, विभिन्न साँस्कृतिक कार्यक्रममा भाग लिने, कविता लेख्ने रेडियो नेपालको बालबाटिका कार्यक्रममा नियमित भाग लिने, समाजसेवाका लागि साथीभाइहरुसँग पाटनका क्षेत्रहरुमा पुगी भत्केका चौतारा बनाउने, कसैको चर्पी बनाइदिने, बाटो र ढल खनिदिने, शिवरात्रीमा पशुपति, कृष्णाष्टमीमा कृष्णमन्दिर, बुद्ध जयन्तीमा स्वयम्भु तथा टुँडिखेलमा हुने राष्ट्रिय समारोहमा स्वयमसेवक भई काम गर्नु, भीडको व्यवस्थापन, पानी वितरण, प्राथमिक उपचार जस्ता कार्यक्रममा संलग्न हुनु, बेला बखत ट्राफिकलाई सहयोग गर्ने आदि कार्य गरेका थिए ।

राजेन्द्र थापाले त्रिचन्द्र कलेजबाट वि.सं. २०२५ मा अर्थशास्त्र, नेपाली र भूगोल मुख्य विषय लिई आइ.ए. उत्तीर्ण गरे तर बी.ए. मा पढ्दा पढ्दै वि.सं. २०२६ मा शाही नेपाली सेनाको अधिकृत क्याडेटमा छानिएपछि उनको व्यवहारिक शिक्षा समाप्त भएको थियो । तर सैनिक सेवामा पनि थापाले विभिन्न सैनिक प्रशिक्षण र तालिम लिएका थिए । सन् १९८२/८३ मा अमेरिकाको यु.एस.ए. कमान तथा जनरल स्टाफ कलेजबाट सैनिक कला तथा स्नातकोत्तर सरहको डिग्री अनर्स हाँसिल गरेका थिए । सन् २००२/०३ मा चीनको नेशनल डिफेन्स विश्व विद्यालयबाट नेशनल सेक्युरिटी एण्ड स्ट्रस्टडीज विषयमा स्नातकोत्तर तह सरह डिग्री हाँसिल गरेका थिए । सैनिक विज्ञान सम्बन्धमा भारतबाट विभिन्न तालिम प्राप्त गरेका थिए । उनले प्राप्त गरेको शिक्षा र सैनिक तालिमको तालिका यस प्रकार छ ।

| क्र.वि.सं. | संस्था | डिग्री | कैफियत |
|---|---|---|---|
| १. | एस.एल.सी. बोर्ड नेपाल ( पद्मोदय हाईस्कुल) | एस.एल.सी. | |
| २. | त्रिभुवन विश्वविद्यालय (त्रि-चन्द्र क्याम्पस) | आइ.ए. | |
| ३. | यु.एस.ए. कमाण्ड तथा जनरल स्टाफ कलेज, अमेरिका | स्नातकोत्तर सरह डिग्री अनर्स | तालिम |
| ४. | नेशनल डिफेन्स विश्वविद्यालय चीन | सेक्युरिटी एण्ड स्ट्रस्टेडीज विषयमा स्नातकोतर सरह डिग्री | तालिम |

राजेन्द्र थापाले आफ्नो जीवनमा उच्च शिक्षा तर्फ औपचारिक शिक्षा बी.ए. सम्मको अध्ययन गरे पनि उक्त तहको पढाइ पुरा गरेनन । सैनिक शिक्षा तर्फ विभिन्न सैनिक सम्बन्धी तालिम प्राप्त गरे । उनी अनौपचारिक रुपमा अध्ययन, चिन्तन, मनन आदिजस्ता कार्यहरुमा निरन्तर रुपमा लागिरहेका छन् ( जोशी, २०६५) ।

### ३.१.३ ब्रतबन्ध, विवाह, दाम्पत्य जीवन र छोराछोरी

हिन्दु संस्कारअनुसार ब्राहमण र क्षेत्रीय कुलमा छोरालाई ब्रतबन्ध गराई जनै लगाइदिने, गुरुमन्त्र सुनाउने परम्परा पाइन्छ । यसै अनुरुप राजेन्द्र थापाको उपनयन संस्कार वि.सं. २०२१ सालमा १३ वर्षको उमेरमा बैदिक विधि विधानअनुसार भएको थियो । उनको उपनयन अरु भाइहरुसँग सगोलमा तामझामका साथ पूर्वको झाङ्झोलीमा सम्पन्न भएको थियो । उनी ब्रतबन्धका केही घटनाहरु अझैसम्म सम्झना रहेको बताउँछन् । ब्रतबन्ध १०/११ जना दाजुभाइकोसँगै भएको थियो । इष्टमित्र भाइभारदार सबैलाई बोलाएर बाजागाजाका साथ उनको ब्रतबन्धका अवसरमा निकै ठूलो भोज गरिएको थियो । टाढा टाढाका मानिसलाई पनि बोलाएका थिए । खेत कमाउने मानिस मात्र २०० भन्दा बढी भएका थिए । यी विविध घटनाहरु थापाको मानसपटलमा सजीव रहेका कुरा बताउँछन् ।

राजेन्द्र थापाले अन्तरजातीय विवाह गरेका थिए । उनकी श्रीमती गम्भीर बहादुर राजभण्डारी र मोतीदेवी राजभण्डारीकी एक्ली छोरी ज्योति राजभण्डारी हुन् । केही समयको प्रेम सम्बन्धपछि उनीहरु हिन्दु परम्परागत संस्कारअनुसार वि.सं. २०३५ मङ्सिर २७ गते वैदिक विधिपूर्वक विवाह बन्धनमा बाँधिएका थिए । ज्योति राजभण्डारीको घरपरिवारबाट सुरुमा अवरोध भएपनि सहमतिको वातावरण तयार भएपछि परम्परागत रुपमा नै इष्टमित्र, भाइभारदारहरुको उपस्थितिमा तामझामका साथ उनीहरु वैवाहिक बन्धनमा बाँधिएका थिए ।

ज्योति राजभण्डारीका बुबा शाही नेपाली सेनामा कर्णेल थिए । नघलमा जन्मिएकी ज्योति राजभण्डारीले प्रारम्भिक शिक्षा र माध्यमिक शिक्षा काठमाडौंबाट पूरा गरेकी थिइन् । आइ.ए. भने दिल्लीको लेडिश्रीराम कलेजबाट गरेकी थिइन । पद्मकन्य कलेज काठमाडौंबाट बी.ए. पूरा गरी त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट अर्थशास्त्र विषयमा एम.ए. पूरा गरेकी थिइन् । वीरेन्द्र सैनिक महाविद्यालयमा १६ वर्षसम्म अध्यापन पेशामा संलग्न रहेकी ज्योति राजभण्डारी हाल रातो बङ्गला स्कुल 'ए' लेवलमा अध्यापन कार्यमा संलग्न रहेकी छन् ।

राजेन्द्र थापाको परिवार सानो र सुखी छ । एक छोरा र एक छोरी मात्र रहेका थापाको परिवारमा आफ्ना सन्तानलाई शिक्षा दिक्षाको राम्रो प्रबन्ध मिलाइएको देखिन्छ । थापाका छोरा

तपसवरसिंह थापाको जन्म वि.सं.२०३६ असोज ६ गते भएको थियो । पत्रकारितमा बी.ए. उत्तीर्ण गरेका तपसवरसिंह थापाले व्यवस्थापनमा समेत बी.बी.एस् उत्तीर्ण गरेका  छन् । ग्रामीण विकास विषमा एम्ए् अध्ययन गरेका तपसवरसिंह काठमाडौं पोष्टका पत्रकार हुन् । दोस्रो सन्तानका रुपमा जन्मिएकी छोरी युग्मी राज्यश्री थापाको जन्म वि.सं. २०४७ पौष २ गते भएको थियो । युग्मी राज्यश्री रातो बङ्गला 'ए' लेबलमा कक्षा १२ मा अध्ययन गरिरहेकी छन् (पोखरेल, २०७२) ।

## ३.१.४ जागिर तथा वैवाहिक पारिवारिक स्थिति

राजेन्द्र थापाको घरायसी आर्थिक स्थिति राम्रो थियो । धन सम्पत्तिले पूर्ण भएपनि बाबु बाजेको पालादेखि नै जागिरे पेशालाई अंगालिएको थियो । स्वयम् उनका बाबु समेत जागिरे थिए । बाबुको जागिरकै शिलशिलामा देश नेपालको विभिन्न ठाउँमा घुम्ने मौका पाएका थापाको अन्तरमनमा पनि जागिरको गहिरो छाप परेको थियो र उनले पनि जागिरे पेशालाई अबलम्बन गरेका थिए । थापाले वि.सं. २०२६ सालमा शाही नेपाली सेनाको अधिकृत क्याडेट भई सरकारी जागिर प्रारम्भ गरेका थिए । उनले यसैलाई निरन्तरता दिदै उनले सैनिक शिक्षालय अन्तर्गत नगरकोट र भक्तपुरमा एक वर्षको तालिम पश्चात वि.सं. २०२७ असोज २० मा सहायक सेनानीमा नियुक्ती पाएका थिए । वि.सं २०६५ भाद्रदेखि सेनाको जागिरे जीवनमा विशिष्ट श्रेणी उपरथी पदबाट अवकाश लिएका छन् । सेनामा जागिरे व्यक्तिले सामाजिक संघसंस्था र अन्य क्षेत्रमा जान नपाउने हुँदा उनको कार्य क्षेत्र सैनिक सेवामा सीमित रहेको छ ।

पारिवारिक पृष्ठभूमिका दृष्टिले थापाको वंश परम्परा आधुनिक नेपालको निर्माण अभियानसँग प्रत्यक्ष रुपमा जोडिएको पाइन्छ । वंशावलीमा उल्लेख गरिए अनुसार राजेन्द्र थापा उमराव बाघभीम सिहं थापाका नवौं पुस्ताका सन्तति हुन् । एकीकरणको अभियानमा पृथ्वीनारायण शाहलाई योगदान पुऱ्याउन जुटेका अनेकौं योद्धा मध्ये भीमसेन थापा पनि एक थिए । यिनले वि.सं. १८१४ मा कीर्तिपुरको युद्धमा अद्भूत साहस देखाई पृथ्वीनारायण शाहबाट पारितोषिक स्वरुप 'बाघ' भन्ने खिताब (इनाम) पाएका थिए । त्यसपछि अर्को नाम बाघ भीमसिंह बन्न पुगेको थियो । विश्वास र भरोसाका प्रतीक भएकोले भीमसिंह थापालाई शाहले "उमराव" को पद पनि दिएका थिए । राजेन्द्र थापा यिनै उमराव बाघ भीमसिहं थापाका

नवौं पुस्ताका सन्तति हुन् । भीमसिहं थापाका तीन मात्र छोरा थिए । जेठा बडाकाजी अमरसिहं थापा, माइला सरदार भैरवसिहं थापा र कान्छा भूजवल सिहं थापा  थिए । राजेन्द्र थापा सरदार भैरवसिंह थापाका पुस्तामा पर्दछन् । सरदार भैरवसिहं थापाका दाजु अमरसिहं थापाका थापा नेपालका राष्ट्रिय विभूति हुन् । आधुनिक नेपालको इतिहासमा उनी ख्याति प्राप्त छन् । कान्तिपुरको युद्ध मोर्चामा कलिला अमरसिंह थापाले देखाएको साहस र पुरुषार्थ अत्यन्तै गहकिलो रुपमा प्रकट भएको महसुस गरी पृथ्वीनारायण शाहले कान्तिपुर विजय भएको भोलिपल्ट (वि.सं. १८२५) आश्विन १४ गते रामकृष्ण कुँवरका साथै अमरसिंह थापालाई पनि कदर स्वरुप सरदारको खान्गी दिए । उनको समस्त जीवन नै स्वदेशका लागि लडाइँ गर्दै बितेको थियो । उनलाई धन दौलत बटुल्ने तथा सांसारिक ऐश्वर्य प्राप्त गर्ने न आकाङ्क्षा थियो न इच्छा नै थियो । उनको जीवनको एक मात्र लक्ष्य स्वदेशको गौरव बृद्धि गर्नु थियो । यिनको घर लडाइँको थर्पु थियो, खेत युद्धस्थल थियो, लुगा जङ्गी पोशाक थियो, गहना खुकुरी र खुँडा थियो, युद्धघोष यिनले सुन्ने गीत थियो, करनाल तुरही तथा मृदङ्ग आफ्ना गम्भीर स्वरले यिनका कानलाई आनन्दित तुल्याउँथ्यो ।

राजेन्द्र थापाका बाजे गणेश बहादुर थापा राणा शासनकालका बडा हाकिम थिए । उनी बडा हाकिम भएर पूर्व खटिदा सिन्धुलीमा भव्य दरबार निर्माण गरी धेरै जमिन जोडेका थिए । उनले काठमाडौंमा पनि डिल्लीबजार स्थापना हुँदाका बखत पाँचतले घर निर्माण गरेका थिए । राजेन्द्र थापाका बुबा तुलाबहादुर थापाले राणाकालको अन्तिम समयमा प्रहरी अधिकृतमा सेवा सुरु गरेका थिए । उनी वि.सं. २०१६ सालमा नारायणी अञ्चलका प्रहरी प्रमुख थिए । गणेशबहादुर थापाका चार छोरा जेठा नरसिंह थापा, माहिला तुलाबहादुर थापा, साहिँला, पद्मजङ्ग थापा र कान्छा सम्मरजङ्ग थापा हुन् । माहिला तुलाबहादुर थापाका चार छोरा र तीन छोरी छन् । छोराहरु प्रकाश बहादुर थापा, राजेन्द्र थापा, घिरेन्द्र बहादुर थापा र देवेन्द्र प्रताप हुन् भने छोरीहरु राजेश्वरी के.सी, राजकुमारी राणा र दिव्यश्वरी रायमाझी हुन्  (पोखरेल, २०७०) ।

### ३.१.५ प्रेरणा, प्रभाव र पृष्ठभूमि

राजेन्द्र थापा घरायसी वातावरण, रेडियो नेपालको बालबाटिका कार्यक्रममा संलग्नता, वीरगञ्जको ग्रामीण परिवेश, आफ्नै प्रेम प्रसङ्ग छिमेकमा बस्ने लक्ष्मण घिमिरेले निःशुल्क दिएको ट्युसन कविता लेखन, यादव खरेलले दिएको प्रेरणा र उर्जा आदिका कारण साहित्य सिर्जनामा लागेका देखिन्छन् । उनी वीरगञ्जको ग्रमिण क्षेत्रमा पैदल यात्रा गर्दा साँझ गोधूलीको दृश्यले पहिलो कविता लेख्न प्रेरित गरेको बताउँछन् । उनी त्यसबेला नौ वर्षको मात्र थिए । त्यसबेला लेखिएको कविता यस प्रकार छ :-

समय थियो साँझको बेला

तोरिहरु झुलिरहेका

मौरी भुनभुन गरिरहेका

चरा घर फर्कि रहेका ।

राजेन्द्र थापाको पुर्ख्यौली पारिवारिक परिवेश काठमाडौंमा देखिन्छ भने उनको बाल्यकालदेखि नै देशका विभिन्न स्थानमा भ्रमण गर्ने अवसर पाएको देखिन्छ । फलतः थापाको साहित्य लेखनमा ग्रामीण र सहरिया परिवेश, जागिरे जीवनमा भोगेका र देखेका देशविदेशका विविध प्राकृतिक, राजनैतिक वातावरण आदिले प्रभाव पारेको पाइन्छ । स्वअध्ययनको उत्तरोत्तर प्रगति, दुर्गम ठाउँमा बस्ने नेपाली जनताहरुका पीडा, आर्थिक र राजनीतिक कारणले जन्माएका विविध समस्या अनि रुढीवादी र परम्परागत धारणाहरु उनका साहित्य लेखन प्रेरणाका अन्य श्रोत बनेका छन् । उनले आफ्नै आमाबाट प्रभाव र प्रेरणा पाएका छन् । उनी भन्दछन् - "असलमा म भित्र अन्तर्निहित साहित्य बीजाङ्कुर प्रस्फुटनका निम्ति आवश्यक हुने संवेदनशील हृदयले नै मलाई साहित्यिक फाँटमा ल्याएको हुनुपर्छ"। त्यसैगरी भारतीय साहित्यकार प्रेमचन्द निरौला, मैथीरण, गुप्ता, हरिवंश रायवच्चन, महादेव बर्माका कृतिहरुको अध्ययन, अङ्ग्रेजी साहित्यकार शेक्सपियर, अर्नेस हेमिङ्वे, मोपासा, बङ्गाली, साहित्यकार रविन्द्रनाथ टैगोर शरदचन्द आदिका कृतिहरुको अध्ययन र नेपाली साहित्यकार बालकृष्ण सम, लक्ष्मी प्रसाद देवकोटा, भीमनिधि

तिवारी, विश्वेश्वर प्रसाद कोइरालाका कृतिहरुको अध्ययन पनि उनका आंशिक प्रेरणाका स्रोत रहेको पाइन्छ ।

राजेन्द्र थापाले अति मन पराएको कृति अर्नेस होमिङ्वेको द वर्ल्ड म्यान एण्ड सी २३०० वर्ष पूरानो चिनियाँ रणनीतिकार सञ्जु तथा उनको अमर कृति द आर्ट अफ वार र नेपाली साहित्यकार विश्वेश्वर प्रसाद कोइरालाको सुम्निमा कृति हुन् । यी कृतिले उनलाई निकै प्रभावित पारेका छन् । साथै उनको मस्तिष्क हल्लाएका छन् (थापा, २०७१ चैत्र २० भेटवार्ता) ।

## ३.१.६ साहित्यमा प्रवेश

थापा नौ वर्षको उमेरदेखि नै साहित्यिक फाँटमा रचनाहरु लेख्न सुरु गरेको जानकारी पाइन्छ । प्रकाशित रचनाको हिसाबमा साहित्यिक फाँटमा उनी सर्वप्रथम कविता लिएर देखापरेका हुन् । प्रसिद्ध साहित्यिकहरुका कृतिहरुको अध्ययन प्रेम प्रसङ्ग प्रियजनको बिछोड आदिका कारणले साहित्य सिर्जना हुने गर्दछ । विविध ठाउँमा भ्रमण गर्दा प्राप्त हुने प्राकृतिक र साँस्कृतिक पक्षले पनि व्यक्तिलाई साहित्यिक बनाउँछ । यसै क्रममा वि.सं. २०१७ सालदेखि कविता शुरु गरेका थापा हालसम्म पुस्तककार कृतिका रुपमा गीत गजल सङ्ग्रहहरु प्रकाशित भएका छन् । वि.सं २०२६ सालबाट गीतलेखन शुरु गरेका थापाले हालसम्म पनि गीत लेखन क्रमलाई निरन्तरता दिएका छन् (पोखरेल, २०७०) ।

## ३.१.७ साहित्य सेवा, पुरस्कार तथा मानसम्मान

जुनसुकै स्रष्टाका सिर्जनाको विश्लेषण एवम् मूल्याङ्कन गर्न उसको जीवनदृष्टि र चिन्तनको अध्ययन गर्नु पर्ने हुन्छ । साहित्यिक कृतिको यथार्थ मूल्याङ्कन गर्नको लागि जीवन जगत्प्रतिको दृष्टिकोणलाई पनि बुझ्न नितान्त आवश्यक हुन्छ । यसले साहित्यकारको सिर्जनाको धरातल निर्माण गर्दछ । जीवन जगतका विभिन्न पक्षले उसको चिन्तन र अनुभूतिमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । थापाका साहित्यिक रचनामा विविध मानसिक स्थिती नेपाली समाजका पीडा रुढिवादी र परम्परागत गलतल धारणाप्रति व्यङ्ग्य, नारीका समस्या आदि विषयवस्तुको स्थान पाएका छन् ।

थापाले वि.सं २०१७ सालदेखि कविता लेखन अभ्यास गरेको जानकारी पाप्इन्छ । बाल्यकालदेखि नै साहित्य लेखनको शुभारम्भ र अभ्यास गरेका थापाले प्रारम्भिक समयमा कविता, कथा, लघुनाटक र गीतका क्षेत्रमा कलम चलाएका छन् । वि.सं. २०२६ सालबाट गीतलेखन शुरु गरेका थापाले हालसम्म पनि त्यसलाई निरन्तरता दिएका छन् । उपन्यास लेखन क्रममा बिचैमा छाडे पनि वि.सं. २०६९ सालमा खेलौना उपन्यास र वि.सं. २०७० सालमा **द्रौपदी** उपन्यास प्रकाशित भएको हो । थापाका नयाँ कथा सङ्ग्रह पनि छिट्टै बजारमा आउने क्रममा छ । उनी आफूले रचेका गीत गजल तथा कविताहरु पत्रपत्रिकामा छपाउन रुचाउँदैनन बरु उनी पुस्तकाकार कृति नै प्रकाशित गर्दछन् ।

असल काम गर्ने मानिसलाई त्यस्ता कार्यतर्फ अझ सक्रिय बनाउनका लागि इनाम तथा सम्म्मान दिइने गरिन्छ । यस्ता किसिमका सम्मान तथा पुरस्कारले व्यक्तिमा अझै हौसला प्रदान गर्दछ र उसलाई लगनशील बनाउँदछ । राजेन्द्र थापाले पनि सानै उमेरदेखि विद्यालय स्तरमा बादविवाद, हाजिरीजवाफ र कविता प्रतियोगितामा पुरस्कार पाएका थिए । उनले विभिन्न सम्मान, प्रसंशापत्र र पुरस्कारहरु पनि प्राप्त गरेका छन् । उनले प्राप्त गरेका पुरस्कार तथा सम्मानहरुको विवरण यस प्रकार रहेका छन् (पोखरेल, २०७०) ।

| क.वि. सं. | पुरस्कारको नाम | सम्मान गर्ने संस्थाको नाम | योगदान | वि.सं. |
|---|---|---|---|---|
| १. | प्रमाणपत्र सहित प्रथम पुरस्कार | गौरीशंकर छात्र समिति | कविता प्रतियोगितामा प्रथम | २०२२ |
| २. | प्रमाणपत्रसहित प्रथम पुरस्कार | त्रिचन्द्र कलेज | भूगोल सम्बन्धी हाजिरी जवाफ प्रतियोगितामा प्रथम | २०६४ |
| ३. | राष्ट्रिय पुरस्कार सहित | - | युवा मेला लामो दौडमा | २०२५ |

| | | | | |
|---|---|---|---|---|
| | प्रमाण पत्र | | प्रथम | |
| ४. | प्रमाणपत्र सहित प्रथम पुरस्कार | पद्मोदय उ.मा.वि. | पद्मोदय स्कुलको वादविवाद कार्यक्रममा प्रथम | २०२२ |
| ५. | प्रमाणपत्रसहित प्रथम पुरस्कार | - | गद्य लेखन कविता महोत्सवमा प्रथम | २०३३ |
| ६. | छिन्नलता पुरस्कार रु. २०,०००/- सहित | छिन्नलता पुरस्कार गुठी | नेपाली भाषाको गीत रचनाका क्षेत्रमा तीन दशक भन्दा बढी समयदेखि साधनारत रहि उच्च स्तरको योगदान गरे वापत रु. २०,०००/- | २०५९ |
| ७. | पहलमानसिंह स्वार साहित्य प्रतिभा सम्मान | पहलमानसिंह प्रतिष्ठान स्वारको १२९ औं जयन्तीको अवसरमा | विगत चार दशक देखि अनवरत रुपमा गीत तथा गजल विधाका माध्यमद्वारा नेपाली साहित्यको श्री वृद्धिमा पुऱ्याएको विशिष्ट योगदान | २०६४ |
| ८. | दामोदर पुडासैनी प्रतिभा सम्मान पुरस्कार | दामोदर पुडासैनी प्रतिभा कोष | गीत र गजल क्षेत्रमा पुऱ्याएको योगदान वाफद | २०६५ |
| ९. | गेरखा दक्षिण बाहु चौथो नेपाल सरकार | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा गरे वापत | २०३६ |
| १०. | त्रिशक्ति पट्ट चौथो | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा | २०४१ |

| | | | | |
|---|---|---|---|---|
| | | | गरे वापत | |
| ११. | दैवी प्रकोप पदक | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा गरे वापत | २०५३ |
| १२. | गोरखा दक्षिण बाहु तेस्रो | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा गरे वापत | २०५४ |
| १३. | त्रिशक्ति पह तेस्रो | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा गरे वापत | २०५८ |
| १४. | सुप्रदीप्त वीरेन्द्र प्रजातन्त्र भाष्कर तेस्रो | नेपाल सरकार | सैनिक सेवामा विशिष्ट सेवा गरे वापत | २०६२ |

### ३.१.८ राजेन्द्र थापाका साहित्यिक कृतिहरु

नेपाली साहित्यका बहुमुखी प्रतिभा राजेन्द्र थापा कविता, गीत, गजल कथा लधुनाटक विधामा कलम चलाएका छन् । राजेन्द्र थापाले वि.सं २०१७ सालदेखि कविता लेखनको अभ्यास गरेको जानकारी पाइन्छ । बाल्यकाल देखि नै साहित्य लेखनको शुभारम्भ र अभ्यास गरेका छन् । हालसम्म उनका पुस्तककार काल कृतिका रुपमा गीत, गजल सङ्ग्रह र उपन्यास प्रकाशित भएका छन् भने केही लघुनाटक प्रदर्शन आएका छन् । वि.सं. २०२६ सालबाट गीत लेखन शुरु गरेका थापाले हालसम्म त्यसलाई निरन्तरता दिएका छन् । त्यसका अलवा छिट्टै कथा सङ्ग्रह पनि बजार ल्याउने तयारीमा जुटेका छन् । उनका गीतहरु वि.सं २०२६ सालबाटै रेकर्ड हुन थालेका हुन् । निर्मला श्रेष्ठको स्वरमा रेकर्ड भएको मेरो गीत उडिगयो .......... बाट प्रारम्भ भएको देखिन्छ । उनले लेखेका १०९ गीतहरुको सङ्कलन गरी यसपाली त मनै फाट्यो गीत सङ्ग्रह वि.सं. २०५३ मा साझा प्रकासनले प्रकाशित गरेको छ । उनका साहित्यिक कृतिहरुको प्रकाशन काल्लपनिक रुपमा निम्नानुसार छन् (जोगी, वि.सं २०६५) ।

३.१.८.१ गीत सङ्ग्रह

| क्र.सं. | पुस्तक | प्रकाशनकाल |
| --- | --- | --- |
| १. | यस पालि त मनै फाट्यो | वि.सं २०५३ |

३.१.८.२ गजल

| क्र.सं. | पुस्तक | प्रकाशनकाल |
| --- | --- | --- |
| १. | सुर्जे पनि अस्ताउन मात्रै | वि.सं २०६२ |
| २. | सहनेकै छाती अचानो | वि.सं २०६२ |
| ३. | बाटोले अब मान्छे हिडँछ | वि.सं २०६४ |

३.१.८.३ उपन्यास

| क्र.सं. | पुस्तक | प्रकाशनकाल |
| --- | --- | --- |
| १. | खेलौना | वि.सं २०६९ |
| २. | द्रौपदी | वि.सं २०७० |

२. राजेन्द्र थापाका विधागत विविधता र औपन्यासिक यात्रा

## ३.२ विधागत विविधता

व्यक्ति सजिलै जन्मन्छ तर व्यक्तित्व जन्मन धेरै समय लाग्छ । शुरुमा कविता र गजलका माध्यमबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका थापाले पछि गएर उपन्यास र कथालाई अभिव्यक्ति मूल माध्यम बनाइएको पाइन्छ । उनको सर्वाधिक ख्यातिप्राप्त विधा भनेको गीत रहेता पनि त्यसपछि उपन्यास र कथा हो । उनले अन्य विधामा पनि थोरबहुत कलम चलाएका हुनाले विधागत विविधताका क्रममा तल सामान्य चर्चा गरिन्छ (थापा, २०७१) ।

### ३.२.१ कवि व्यक्तित्व

राजेन्द्र थापाले वि.सं २०१७ सालदेखि कविता लेखन अभ्यास गरेका हुन् । उनी वि.सं. २०२० सालतिर रेडियो नेपालबाट शनिवार प्रशारित हुने 'बालबाटिका' कार्यक्रममा नियमित रुपमा भाग लिई कविता लेखेर वाचन समेत गर्ने गर्दथे । उनले कविता लेखेर प्रकाशित गरेको पाइदैन । उनका वि.सं २०२५ सालतिर लेखेका कविताहरु पाण्डुलिपिको रुपमा सुरक्षित  छन् । उनी त्यति खेरको समयमा कविता प्रतियोगितामा भाग लिने गरेका तथा कविता लेखेर स्कुलमा साथीहरुलाई सुनाउने गरेको बताउँछन् । गद्य कविता लेखनमा दख्खल रहेका थापाले कविताको पाण्डुलिपिमा थुप्रै गद्य कविताहरु पाइन्छ ।उनले लेखेका केही गद्य कविताका शीर्षक यस प्रकार छन् (थापा, २०७१)  :-

- 'तोरीको फूल भित्रका हामीहरु'
- 'यो सतीले सरापेको देश'
- 'म आइ दिनेछु एक अञ्जुली हावा बोकेर'
- 'एउटा प्रयोग कीराको'
- 'आधुनिक शान्ति'
- 'प्रतिक्षक सूची र तिम्रा रेडिमेट आँखाहरु'
- 'समस्या, समस्याः समस्यै, समस्या'
- 'हाम्रो इतिहास भन्छ मैले के देखे'
- 'के अचम्म भो र'
- 'यो देश फर्कन्छ'
- 'हो मशान पनि शान्त हुन्छ'

### ३.२.२ नाटककार व्यक्तित्व

राजेन्द्र थापाले कविता कथाका अतिरिक्त लघुनाटक पनि लेखेका छन् । प्रकाशन दृष्टिले पनि प्रकाशित भएका छैनन् तर उनी लघुनाटकहरु मञ्चन भएको बताउँदछन् । उनले वि.सं २०४१ सालमा

सात दिदी बहिनी लघु नाटक लेखेर प्रस्तुत गरेका छन् । वि.सं. २०४२ सालमा **बलभद्र** नाटक लेखेर पूर्व मेचीदेखि पश्चिम कैलालीसम्म आफै मञ्चन गरेका छन् । उनले वि.सं २०२५ सालमा **भ्mोले माइलोको उद्योग** लघुनाटक लेखेर सन्तोष पन्तको निर्देशनमा आर्मी नाचघरमा प्रदर्शन भएको थियो । त्यस्तै वि.सं २०५२ सालमा **कुरो छिन्दा** लघुनाटक लेखि सन्तोष पन्तको निर्देशनमाच सेनाको कार्यक्रम हामीलाई **अंश कसले दिने**, **सुन्तलीको बिहे**, जस्ता लुघनाटक लेखेर आर्मी नाचघरमा प्र्रदशन गरेका थिए ।

## ३.२.३ कथाकार व्यक्तित्व

राजेन्द्र थापा कथाकार पनि हुन् । विद्यार्थी कालदेखि नै कथा लेखन शुरु गरेका थापाका कथाहरु प्रकाशित भएका भने छैनन् । वि.सं २०२५ सालदेखि लेखेका कथाहरु पाण्डुलिपिका रुपमा मात्र रहेका छन् । उनका केही कथाका शीर्षकहरु यस प्रकार छन् ।

- 'रङ्ग पोत्ने भित्रको कथा'
- 'चिन्ता ग्रस्त कथाको आयमभित्र एउटा बेहोस कथा'
- 'हो त्यो रात त्यस्तै थियो'
- 'साटिएको यात्रा'
- 'नजिकको क्षितिज'
- 'टुरिष्टको माया'
- 'दोष कस्तो दोष कसलाई'

थापाका कथामा ग्रामिण र शहरी परिवेशको चित्रण गरिएको छ । धेरै जसो कथामा 'म' पात्र आएको छ । उनका कथाहरुमा बालमनोविज्ञान, प्रेमसम्बन्धि, नारीका पीडा, गरिबी र बेरोजगारीले जन्माएको समस्या र समाजका विविध पक्षहरुलाई देखाउन खोजिएको छ । उनका कथामा गाडीको ठक्करबाट मरेको मानिसको पीडा भन्दा जिउँनेको पीडाको कथा देखाउन खोजिएको छ (जोशी, २०६५) ।

### ३.२.४ गजलकार व्यक्तित्व

राजेन्द्र थापाको व्यक्तित्व पछि दोस्रो स्थानमा गजलकार व्यक्तित्व रहेको छ । वि.सं. २०६० सालतिरबाट गजल लेखन शुरु गरेका थापाका तीन वटा गजल सङ्ग्रह प्रकाशित भएका छन् । उनले आफ्ना गजल सङ्ग्रह **सुर्जे पनि अस्ताउन मात्रै** (वि.सं २०६२) **सहनेकै छाती अचानो** (वि.सं २०६२) दोस्रो र **बाटोले अब मान्छे हिडँछ** (वि.सं २०६४) तेस्रो गजलसङ्ग्रह प्रकाशित भएका छन् । उनले आफ्ना गजलमा समाजमा रहेका विकृति, विसङ्गति, राजनीतिक, आर्थिक र सामाजिक कारणले जन्माएका विभिन्न समस्याहरुलाई स्थान दिएका छन् । उनका गजलहरु व्यङ्ग्यात्मक छन् । राजेन्द्र थापाले आफ्ना गजलहरुमा कविले ढुङ्गाको उन्माद जस्तै समय र जीवनका उन्मादहरु समातेका छन् । प्राय सबैजसो गजलहरुले समयभित्र अनुभव गरिने संवेदनाहरुलाई गजल लयभित्र राखेका छन् । गजल विधा पारम्परिक भएपनि यसलाई समय सापेक्ष अनुभवहरु अभिव्यक्त गर्ने माध्यमको रुपमा राख्न सकिन्छ । भन्ने बलियो उदाहरण उनका गजलले प्रस्तुत गरेका छन् (थापा, २०७१) ।

### ३.२.५ गीतकार व्यक्तित्व

राजेन्द्र थापाले सबै भन्दा बढि सफलता पाएको विधा नै गीत हो । वहाँले वि.सं २०२६ सालदेखि गीत रचना गर्न थालेका हुन् । वि.सं. २०२६ सालमा **मेरो गीत उडी गयो** बोलको गीत पहिलो गीत रचना हो । वि.सं २०२८ सालमा **जस्तो तिमीलाई रहर उस्तै मलाई रहर रचना** हो । त्यस्तै वि.सं. २०३३ सालमा अरुणा लामाको स्वरमा पोहोर साल खुसी फाट्दा रेकर्ड भएको गीत अहिलेसम्म त्यतिकै लोकप्रिय छन् । उनले लेखेका गीतहरु अरुणा लामा, निर्मला श्रेष्ठ, तारादेवी, प्रेमध्वज प्रधान, योगेश वैद्य, रमेश ताम्राकार आदि लोकप्रिय गायकले स्वर दिएका छन् । अनि साझा प्रकाशनले उनका गीतहरु सङ्कलन गरेर **यसपाली त मनै फाट्यो** गीतिसङ्ग्रह वि.सं. २०५३ सालमा प्रकाशित गरेको छ । उनी भन्छन् : “वनले कोइलीलाई तानिरहे जस्तै खोलाले पनि पानी तानिरहे जस्तै दौड्दा गीतरचना भइरहन्छ । यात्रामा मोटरमा, हिडँदा बस्दा, जहाँ पनि गीत लेख्दा पाउने आनन्दबाट आउने सुख भोग मलाई त्यस्तो अद्भूत लाग्छकी अरु विधाहरु पटक्कै मेरो आफ्नै हुँदै होइनन जस्तो महसुस हुन्छ ।”

राजेन्द्र थापाका केही गीतहरु प्रेमका विविध भावहरुलाई प्रकट गर्ने खालका छन् । भने जीवनका निराशालाई व्यक्त गर्ने गीतहरु पनि छन् । जस्तै राष्ट्रका व्याप्त असमानतालाई देखाउने, देशभक्तिको भावलाई प्रकट गर्ने वातावरण सम्बन्धि विषयलाई व्यक्त गर्ने तथा जीवनका उज्याला पक्षहरुलाई प्रकट गर्ने प्रकारका गीतहरु पनि उनको सङ्ग्रहमा भेटिन्छन् । देशभक्तिको भाव भएका उनका गीतहरुमा राष्ट्र तथा राज मुकुटप्रति श्रद्धा प्रकट गरेको हुन्छ । उनले आफूलाई माटोको पुजारी भनेका छन् । छातीमा नेपाली मन भएमात्रै नेपाली बन्न सकिने विचार प्रकट गरेका छन् । खुकुरीको पूजा नहुने ठाउँ तथा हिमाल नभएको ठाउँमा आफू नउभिने विचार व्यक्त गरेका छन् । आफूले माटोको सेवा गर्नुपर्ने भाव अभिव्यक्त गरेका छन् । अनि हिमाललाई अझै चुल्याउनु पर्ने तथा आमाका लागि सय चोटी मर्ने आशय पनि प्रकट गरेका छन् (थापा, २०७१) ।

### ३.२.६ मुक्तककार व्यक्तित्व

राजेन्द्र थापाले मुक्तकका क्षेत्रमा पनि कलम चलाएका छन् । उनका **भुइँ मान्छे १, भुइँ मान्छे २** शीर्षकमा मुक्तक सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेका छन् । यसकारण उनको मुक्तक व्यक्तित्व पनि स्पष्ट रुपमा देखिन्छ (थापा, २०७१) ।

### ३.२.७ उपन्यासकार व्यक्तित्व

राजेन्द्र थापाले उपन्यासका क्षेत्रमा पनि कलम चलाएका छन् । वि.सं २०३१ सालमा लेखिएको **क्षितिजको खोजीमा** उपन्यास पाण्डुलिपिमा सीमित रहेको छ । यस उपन्यासमाउनले काठमाडौं, भक्तपुर र चन्दिगणको परिवेश देखाएका छन् । उनको सबैभन्दा सशक्त विधा गीति रचना भए पनि त्यसपछिको दोस्रो विधा उपन्यास हो । क्षितिजको खोजीमा उपन्यास पाण्डुलिपिमा सीमित रहेता पनि वि.स २०६९ सालबाट त्यसलाई पुनः निरन्तरता दिइ **खेलौना** वि.सं २०६९ लेखेका छन् र यस उपन्यासले बजार सेलाउन नपाउँदै **द्रौपदी** वि.सं २०७० लेखेर आफ्नो उपन्यास यात्रालाई सशक्त रुपमा चिनाएका छन् ।

थापाले खेलौना उपन्यासमा आधुनिक नेपाली समाजलाई सुहाउँदो नयाँ यौन मनोविज्ञान तथा मनोविश्लेषणमा आधारित भएर लेखिएको यस उपन्यासले अहिलेका युवा पुस्ताका कुण्ठित विचारलाई

बनाउँन सक्छन् भन्ने खेलौना उपन्यासले देखाउँन खोजेका  छन् । आधुनिक युवा युवतीहरु विशेषतः यौन मनोविज्ञानका मामलामा कत्तिको उदारता भएका छन् भन्ने कुरालाई आधार मानी यो उपन्यास लेखिएको छ ।

राजेन्द्र थापाले दोस्रो उपन्यास द्रौपदीमा पितृसत्तात्मक समाजमा नारी कति पीडित छन् ? समाजमा व्यक्त रहेका यौन जन्य हिंसाले नारी सानैदेखि आफ्नो घर आफ्नै परिवारका पुरुष सदस्यबाट यौन शोषणमा परेकी कैलालीकी नारी यस कृतिको नायिका सारिकाको जीवनको कथाव्यथालाई यस उपन्यासमा व्यक्त गरेका छन् । स्वास्नी मान्छेलाई धन, माया मात्रै भएर पनि पुग्दैन, इज्जत पनि चाहिन्छ । जुन इज्जत हाम्रो समाजमा स्वास्नी भएपछि खोसिन्छ र विभिन्न हिंसाबाट पीडित हुन्छन् । पुरुष इज्जतहीन भए पनि उनका हिंसा र बलात्कार जस्ता घटना स्वास्नी मान्छेले गोप्य राखी सहनुपर्ने जस्ता कुरालाई थापाले यस उपन्यासमा प्रस्तुत गरेका छन् । तसर्थ यस उपन्यासमा महाभारतीय महाकाव्यमा द्रौपदीको प्रतिकको रुपमा प्रमुख पात्र सारिकाले जीवनमा आफ्नै परिवारका पुरुष सदस्यबाट शोषित, पीडित, भएकी हुनाले त्यसबाट मुक्त हुनको लागि महिलाले कसरी संघर्ष गर्नु पर्दछ भन्ने कुरा प्रष्ट्याइएको पाइन्छ ।

राजेन्द्र थापाका उपन्यासका विषयवस्तुका रुपमा वर्तमान नेपाली समाजका युवायुवतीहरुको विचार, भावना, इच्छा र चाहनालाई मूल विषयवस्तु पाइन्छन् । उनी मूलतः आफ्ना उपन्यासमा आधुनिक सामाजिक परिवेशलाई महत्व दिएका छन् । सामाजिक कुसंस्कारको चिरफार गर्दै आधुनिक युग सुहाउँदो समाज सुधारको भावना पनि उनको उपन्यासमा पाइन्छ । वैचारिक दृष्टिकोणले पनि उनी नवीनवादका प्रवक्तासँगै नेपाली उपन्यासमा देखापरेका विविध प्रवृत्तिलाई अगाल्दै उपन्यास लेख्ने उपन्यासकार हुन् ( थापा, २०७१) ।

## ३.२.८ निष्कर्ष

राजेन्द्र थापाको बाह्य व्यक्तित्व जति आकर्षक छ, आन्तरिक व्यक्तित्व पनि त्यत्तिकै मनमोहक छ । बहुमुखी प्रतिभाका धनी थापाले नेपाली गीति क्षेत्रमा थुप्रै लोकप्रिय गीत थपेका छन् । वि.सं २०१७ सालदेखि कविता लेखन अभ्यासमा लागेका थापा वि.सं २०२६ सालमा **मेरो गीत उडी गयो** निर्मला

श्रेष्ठको स्वरमा रेकर्ड भएको गीतबाट साहित्यका क्षेत्रमा प्रवेश गरेका हुन् । वि.सं २०५३ सालमा साझा प्रकाशनले उनका गीतहरु सङ्कलन गरी **यस पाली त मनै फाट्यो गीत** सङ्ग्रह प्रकाशित गरेपछि उनी अझ बढी चर्चामा आएका हुन् । उनका गीतहरुमा तारादेवी, अरुणा लामा, निर्मला श्रेष्ठ, प्रेमध्वज प्रधान, योगेश वैद्य र रमेश ताम्राकार जस्ता लोकप्रिय गायक गायिकाहरुले स्वर दिएका छन् । वि.सं २०६० सालबाट गजल लेखन शुरु गरेका थापाका हालसम्म तीन वटा गजल सङ्ग्रहहरु प्रकाशित भइसकेका छन् । बौद्धिकता, व्यङ्ग्यात्मकता, प्रेमप्रणय, विचारमा, सौम्यता र इमान्दारीपूर्ण कथनपद्धति उनका गजल लेखनका प्रवृत्तिहरु हुन् । साहित्यका विविध विधामा कलम चलाएपनि प्रकाशनका दृष्टिले गीत, गजल र उपन्यास मात्रै प्रकाशित भएका छन् भने कथासङ्ग्रह छिट्टै प्रकाशन हुने तयारीमा छन् । थापाले लघुनाटक लेखेर आफूले मञ्चन समेत गरेका छन् । वि.सं २०४२ सालमा बलभद्र नाटक लेखेर पुर्व मेचीदेखि पश्चिम कैलालीसम्म आफै मञ्चन गरेका थिए । कविता कथा फूटकर रुपमा उनका डायरीमा सुरक्षित रहेका छन् । उनले क्षितिजको खोजीमा उपन्यास लेखेर पाण्डुलिपीका रुपमा राखेका छन् : **खेलौना** उपन्यास वि.सं २०६९ र **द्रौपदी** उपन्यास प्रकाशित भएका छन् । राजेन्द्र थापाको व्यक्तित्व बहुमुखी रहेको छ । मूलतः उनी गीतकार, गजलकार हुन, तापनि यसका अलवा कवि, कथाकार, नाटककार, कलाकार उपन्यासकार व्यक्तित्व पनि उनमा पाइन्छ ।

साहित्यिक व्यक्तित्वका अतिरिक्त राजेन्द्र थापाको साहित्येतर व्यक्तित्व पनि उत्तिकै बहुमुखी छ । उनी समाजसेवी र कुशल सैनिक पनि हुन् । उनी कुनै पनि सङ्घ संस्थासँग आबद्ध नरहेर पनि समाज सुधारका कामहरुमा कहिल्यै पछि पर्दैनन् । बहुभाषाका ज्ञाता राजेन्द्र थापाले देश विदेशको भ्रमण पनि त्यत्तिकै गरेका छन् । उनले डोटी जिल्लामा विभिन्न ठाउँमा विद्यालय, खानेपानी बाटो घाटो र मन्दिर बनाउनमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । उनको जीवनको उत्तरार्ध सैनिक सेवामै बितेको छ । त्यसैले उनलाई कुशल सैनिक व्यक्तित्वका रुपमा पनि चिनाउन सकिन्छ । राजेन्द्र थापा बौद्धिक र चिन्तनशील साहित्यकार हुन् । त्यसैले उनका कृतिमा तार्किकता, बौद्धिकता, यथार्थता चिन्तनशीलता पाइन्छ । यसैले उनलाई चिन्तनशील व्यक्तित्वको रुपमा पनि चिनाउन सकिन्छ ।

गीतकार गजलकार, उपन्यासकार राजेन्द्र थापाको विगत जीवनचक्रलाई हेर्दा उनको विगत सुख पूर्वक नै बितेको देखिन्छ । जागिरका क्रममा देश बिदेशका विभिन्न स्थानमा बस्न र भ्रमण गर्ने अवसर

पाएका राजेन्द्र थापाले कहिल्यै दुःख अनुभूति गर्नुपरेन, तापनि उनका कृतिमा उनले देखेका विभिन्न जीवन भोगाइका व्यथा, वेदना, अभाव, कुण्ठा, वास्तविक रुपमा व्यक्त भएका छन् । उनका कृतिमा काली कर्णाली रोएका छन् र विविध मानसिक कुण्ठाहरु प्रस्फुटन भएका छन् । साहित्यका क्षेत्रमा पुऱ्याएको योगदान र साहित्येतर क्षेत्रमा पुऱ्याएको योगदानबाट राजेन्द्र थापाको व्यक्तित्व निर्माण भएका छन् । यसरी आफ्नो जीवनका आरोह-अवरोहहरु आदिका अनुभव एंव अनुभूतिबिच राजेन्द्र थापाको साहित्य सिर्जनाको पारम्परिक प्रभाव एवम् अन्र्तसम्बन्ध रहेको पाइन्छ । (थापा, २०७१)

## ३.३ उपन्यासकार राजेन्द्र थापाका औपन्यासिक मूलभूत प्रवृत्ति

राजेन्द्र थापाले क्षितिजको खोजीमा (पाण्डुलिपि) वि.सं २०२६ बाट उपन्यास यात्रा शुरु गरेका छन् । यसलाई प्रकाशन नगरेतापनि हाल वि.सं २०६९ सालमा प्रकाशित खेलौना पछि उपन्यास लेखनलाई निरन्तरता दिएको छ । थापाका दुई वटा **खेलौना** र **द्रौपदी** वि.सं २०७० प्रकाशित छन् । तिनै उपन्यासका आधारमा उनका औपन्यासिक प्रवृत्तिहरुलाई केलाउन सकिन्छ ।

राजेन्द्र थापा सामाजिक यथार्थवादी उपन्यासकार हुन् सामाजिक यथार्थ भनेको मानिसको जीवन र समाजका बिचको सम्बन्धले मान्छेको जीवनमा देखा पर्ने वास्तविकतालाई यथार्थ रुपमा प्रस्तुत गर्ने साहित्यिक मान्यता हो । यसमा साहित्यकारले समाज र जीवनको यथार्थ टिपेको हुन्छ । थापाका उपन्यासहरुमा पनि सामाजिक यथार्थको अभिव्यक्ति पाइन्छ । उनका उपन्यासमा विशेषत आधुनिक युवायुवतीहरुमा देखा परेका विकृति विसङ्गति, अन्याय, अत्याचार, पीडा, व्यथा, रुदिवादी परम्परा शोषण भेदभाव तथा यौन मनोविज्ञान तथा मनोविश्लेषण आदिको टड्कारो अभिव्यक्ति पाइन्छ । उनले यस प्रकारको विशेषतालाई खेलौना (वि.स २०६९) र **द्रौपदी** (वि.स २०७०) मा टड्कारो देखाएका छन् । उनको खेलौना उपन्यासमा समाजको विकृति विसङ्गति तथा आधुनिक युवायुवतिको मनोविज्ञानलाई यथार्थ रुपमा समावेश गर्ने गरेका छन् तथा आधुनिक युवायुवतीहरुले कुरीति कुसंस्कारको विरुद्धमा कसरी विद्रोहात्मक स्वर निकाल्न त्यसलाई प्रयोगमा ल्याउन, खोज्छन् भन्ने सन्देश खेलौना उपन्यासमा पात्र स्मिता मार्फत देखाउन खोजेका छन् । यस उपन्यासमा समाजमा चलेको महिला र पुरुष बिचको भेदभावपूर्ण व्यवहारलाई तथा संस्कारलाई निराकरण गरेर आधुनिक युवायुवतीलाई आजको वर्तमान

आवश्यकता तथा वातावरणमा समायोजन हुन प्रोत्साहन दिनुपर्ने तथा समयअनुसार सबै कुरामा परिवर्तन तथा परिमार्जित गर्नुपर्ने सन्देश दिन खोजेका छन् ।

राजेन्द्र थापा अस्तित्ववादी विसङ्गतिवादी चेतना भएका उपन्यासकार हुन् । उनको खेलौना र द्रौपदीमा यस किसिमको दृष्टि पाइन्छ । अस्तित्ववादी जीवनलाई निरुदेश्य, विवश र निरर्थक ठान्दाठान्दै मूल्यवान र अस्तित्वमय देखाउन मानिसको स्वतन्त्र निर्णयलाई सर्वोपरि ठान्दछ । त्यसैले अस्तित्ववाद भन्नाले मानव जीवनको स्वतन्त्रको वकालत गर्ने मान्यता चिन्तन वा सिद्धान्त हो । यो विसङ्गतिवाद भनेका निस्सारता वा मान्यता हो । यसले जीवनप्रतिको आश हुँदाहुँदै निराश हुनुपर्ने बाँच्नलाई सङ्घर्ष गर्दागर्दै मर्न बाध्य हुनुपर्ने, शान्तिको चाहना राख्दा राख्दै युद्धको विभिषिकाबाट बिभत्स मृत्यु अंगाल्नुपर्ने आदि स्थितिको चित्रण पाइन्छ । थापाको खेलौना (वि.सं २०६९) र **द्रौपदी** (वि.सं २०७०) उपन्यासमा यस किसिमको अस्तित्ववादी विसङ्गतिवादी जीवनदृष्टि पाइन्छ ।

थापाका खेलौना र **द्रौपदी** दुवै उपन्यासमा विकृति र विसङ्गतिलाई उजागर गरी नारी अस्तित्वका कुरा उपन्यासमा उल्लेख गरिएको छ । **द्रौपदी** उपन्यासमा थापाले नेपाल अधिराज्यभित्र नै सामानय नेपाली नेपाली बिच बोलिने सामान्य र सबै जनाले सजिलै बुझ्न सकिने खालको कथ्य भाषाको प्रयोग भएको पाइन्छ । यस उपन्यासमा सामान्य रुपमा सामान्य आदरका शब्दको प्रयोग भएको पाइन्छ । कुनै कुनै सन्दर्भमा भने उच्च आदरको प्रयोग भएको पनि देखिन्छ । यस उपन्यास भित्रको छोटा वाक्य र काव्यात्मक प्रस्तुतिले कथ्य भाषालाई अझै सरल बनाएको भेटिन्छ । यस उपन्यासले जीवनको विस्तृत आयामलाई समेट्न खोजेको हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग भएको पाइन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्य चेतना भाषिक कलाको आधारमा खडा भएको हुन्छ । यस उपन्यासमा मानव जीवनको विस्तृत आयामलाई सेमेटिएको हुँदा यस कृतिमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग भएको छ ।

यस **द्रौपदी** उपन्यासमा आमाको दूध चुस्दादेखि घाटमा नजाँदा सम्मका महिलामाथि लादिएको दासत्व हिंसा तथा यौन शोषणको कुराहरु एकदमै मार्मिक ढंगले प्रस्तुत गरिएको छ । एउटी ७/८ वर्षकी बालिका बलात्कार भएको घटनालाई जीवन्त रुपमा प्रस्तुत गरिएको छ । सुहागरातको दिनमा पतिबाट जबर्जस्ती र हिंस्रक तरिकाले यौन चाहना मेटाउने पतिको कुरालाई पत्नीले वरण गरेकी छ र यस क्रममा

यस उपन्यासमा यौनका विषयमा प्रयोग भएका र प्रयोग हुने वर्जित भाषाको प्रयोग पनि यस उपन्यासमा भएको पाइन्छ । लोग्ने मान्छेको समूहमा प्रयोग हुने अश्लील शब्दहरु पनि यस उपन्यासमा भेटिन्छ । बलात्कृत महिला र बलात्कारी पुरुषको भित्री मानसिकता र मनोविकृतिका कुराहरु पनि यस उपन्यासमा उठाइएको छ । यौनका सामान्य कुराहरु देखि समाधि सम्मका सूक्ष्म कुराहरुलाई पनि विषय र सन्दर्भका रुपमा प्रस्तुत गरिएको छ ।

**द्रौपदी** उपन्यासमा विज्ञान र प्रविधिको कुराहरुको उल्लेख्य वर्णन भएको पाइन्छ । यस उपन्यासका पात्रहरु उत्तमलाल, सारिका, माया, मायाको श्रीमान्, लगायत डा. अनु आदि सबै पात्रले मोबाइलको प्रयोग गरेका छन् । इन्टरनेटमा आफूलाई आवश्यक परेका कुराहरु खोजी गरेका छन् । सारिका र उत्तमलालको घरमा टेलिफोन, टेलिभिजन, फ्रिज, वासिङ मेसिन जस्ता महँगा भौतिक सामानको चर्चा गरिएको छ । यो उपन्यास १७/१८ औं शताब्दीका कुरादेखि लिएर २१ औं शताब्दीका कुरालाई पनि समेटिएको हुँदा यस उपन्यासमा विज्ञान प्रविधिको कुरालाई पनि सन्दर्भ र विषय अनुरुप समेटिएका पाइन्छ ।

राजेन्द्र थापा सरल र सहस भाषाको प्रयोग गर्ने उपन्यासकार हुन् । उनी आफ्ना भावनालाई जटिलमा बाँधेर रोक्न चाहँदैनन् । त्यसैले उनका उपन्यासहरु सरल किसिमका छन् । सरल भइकन पनि रस भाषाशैलीले गर्दा उनका उपन्यासहरु रोचक सहज र स्वदिला बन्न पुगेका छन् । उनी आफ्ना उपन्यासमा आलङ्कारिक चित्रात्मक तथा प्रतीकात्मक भाषाको प्रयोग गर्दा मिठासपूर्ण र बोधगम्य रुपमा प्रस्तुत गर्दछन् (जोशी, २०६५) ।

## ३.४ थापाको साहित्यिक योगदान तथा मूल्याङ्कन

नेपाली साहित्यिक फाँटका चर्चित व्यक्तित्व राजेन्द्र थापा (वि.सं २००८) बहुमुखी प्रतिभा सम्पन्न साहित्यकार हुन् । शुरुमा गीत, कविता, लघुनाटक, कथा र गजलका माध्यमबाट साहित्य क्षेत्रमा प्रवेश गरेका थापाको विशेषतः उपन्यास र गीत विधामा महत्वपूर्ण देन रहेको छ । उनले वि.सं. २०१७ सालदेखि कविता लेखन प्रारम्भ गरेको पाइन्छ । पेशागत रुपमा उनी नेपाल सरकारको जागिरे पेशालाई अवलम्बन गरेतापनि उनी साहित्य साधनामा अटुट रुपमा लागि रहेका छन् । आफ्नो जीवनको करिब ५

दशक लामो अवधिदेखि साहित्य साधनामा खर्च गरेका थापाको साहित्यबाहेक अन्य क्षेत्रमा पनि थोरबहुत योगदान पाइन्छ । तर यहाँ नेपाली साहित्यका क्षेत्रमा उनले दिएको योगदानको चर्चा गर्ने प्रयास गरिएको छ ।

थापाले नेपाली साहित्यमा दिएको योगदानहरुको चर्चा गर्ने क्रममा परिणात्मक र गुणात्मक योगदान भनेर चर्चा गर्नुपर्ने हुन्छ । आफ्नो जीवनको लामो अवधि अनवरत रुपमा साहित्य साधनामा समर्पित गरेका थापाले नेपाली साहित्यलाई निकै ठूलो योगदान दिएका छन् । उनले लघुनाटक कविता प्रशस्त मात्रामा लेखेको जानकारी पाइन्छ तर प्रकाशित भएको भने पाइदैन।

गीत, कविता, गजल लघुनाटक आदि विधामा कलम चलाउदै साहित्य यात्राको दौरानमा अघि बढेका थापाको उल्लेख्य स्थान भनेका आख्यान विधा हो । उनले उपन्यास र गीत विधामा परिमाणात्मक हिसाबले ठूलो योगदान दिएका छन् । वि.सं २०२६ सालबाट गीतलेखन प्रारम्भ गरेका थापाले हालसम्म पनि निरन्तरता दिएका छन् । उनले लेखेका १०९ वटा गीतहरुको सङ्कलन गरी यस पाली त मनै फाट्यो गीतिसङ्ग्रह वि.सं २०५३ सालमा साझा प्रकाशनले प्रकाशित गरेका छन् भने उनका रचनाहरुलाई देशका चर्चित गायक तथा गायिकाहरुले स्वर दिएका छन् ।

नेपाली उपन्यासको क्षेत्रमा पनि थापाको उपस्थिति उल्लेख्य देखिन्छ । नेपाली साहित्यको क्षेत्रमा उनको स्थापित विधा गीतपछि उपन्यास नै हो । थापाले यस विधामा क्षितिजको खोजीमा (वि.सं २०२६ अप्रकाशित) बाट यात्रा प्रारम्भ गरेको पाइन्छ । क्षितिजको खोजीमा पाण्डुलिपिमा सीमित भएतापनि त्यसपछि वि.सं २०६९ मा आएर पुनः उपन्यास लेखनलाई निरन्तरता दिँदै **खेलौना** वि.सं २०६९ र **द्रौपदी** वि.सं २०७० ले यसलाई निरन्तरता दिएको पाइन्छ । परिमाणात्मक दृष्टिले थापा यस विधामा कम रहेतापनि गुणात्मक दृष्टिले उनको स्थान नेपाली साहित्यमा उच्च स्थानमा पर्दछ । उनी नेपाली उपन्यासको क्षेत्रमा देखा परेका विश्वेश्वर प्रसाद कोइराला, पारिजात, गोविन्द बहादुर मल्ल 'गोठाले', लैनसिहं बाङ्देल, हृदय चन्द्रसिंह प्रधान, शंकर कोइराला, विजय मल्ल, इन्द्रबहादुर राई, भवानी भिक्षु, ध्रुवचन्द्र गौतम, दौलत विक्रम विष्ट आदि उच्च स्थानका उपन्यासकारहरुकै समकक्षीका रुपमा देखाा पर्दछन् (जोशी, २०६५) ।

*

# परिच्छेद : चार

# 'द्रौपदी' उपन्यासको औपन्यासिक तत्त्वका आधारमा अध्ययन

## ४.१ 'द्रौपदी' उपन्यासको विश्लेषण

डिकुरा पब्लिकेसनद्धारा प्रकाशित '**द्रौपदी**' उपन्यास थापाको दोस्रो औपन्याकि कृति हो । यो उपन्यास अड्तिस खण्डमा विभाजन गरी कथावस्तु गरिएको पाइन्छ । कथावस्तु र कथानकको प्रस्तुत शैली क्रमिक रूपमा भएको पाइँदैन । मध्य स्थानको घटनाक्रमलाई अगाडि ल्याई पछि क्रमश : कथावस्तुको रहस्य उद्घाटन गर्दै कथा वस्तुलाई अगाडि बढाइएको पाइन्छ । सत्य, साहस र हौसलाको विजय गराइएको छ । असत् पात्र, नराम्रो कामको नराम्रो परिणामलाई हार गराई उपन्यास टुङ्ग्याइएको छ ।

### ४.१.१ कथावस्तु

आधनिक नेपालको वर्तमान परिप्रेक्षमा आधारित भएर लेखिएको '**द्रौपदी**' उपन्यासकी प्रमुख पात्र सारिका हो जो आफ्नै घर भित्र आफ्नै जेठाजु उत्तमलालबाट पाटक पटक बलात्कृत भएकी छ । सारिकाको श्रीमान् कुबेर बिहान सबैरै खाना खाएर आफ्नो जागिरमा जान्छ । ऊ सरकारी कार्यालयको कर्मचारी हो । रमा उत्तमलालकी श्रीमती हो । ऊ अपाङ्गको अभिनय गर्छे । उसकोश्रीमान्को भनाइ अनुसार ऊ मोटर साइकलको पछाडि बस्दा साडी पाङ्ग्रामा बेरिएर दुर्घटना भएको र त्यही दुर्घटनाबाट ऊ अपाङ्ग हुन्छे र ह्विलचियरको सहायताले ऊ ट्वाइलेटसम्म मात्र जान सक्छे । रमाकी देउरानी सारिका उलाई आमालाई जस्तै खुवाउनी पिलाउनी, कपडा धोइदिनी सम्पूर्ण काम गरिदिन्छे तर उसको श्रीमान् उत्तमलालआफ्नी श्रीमती रमाको कुनै वास्ता नै गदैन । ऊ बाहिरी समाजका लागि महिला अस्तित्व संरक्षक समितिको अध्ययक्षको रूपमा परिचित हुन्छ । ठुला ठुला फइभ स्टार होटलको गोष्ठी र सेमिनारमा महिला अधिकार र अस्तित्व रक्षाको ठुला ठुला भाषण गर्दै हिँड्छ तर ऊ आफ्नै घरभित्र दिनहुँ अपाङ्ग श्रीमतीलाई कुट्ने पिट्ने गर्छ र आफ्नै भाइकी श्रीमती सारिकालाई दिनहुँ पटक पटक बलात्कार गर्छ ।

सारिका  आफ्ना जेठाजु उत्तमलालबाट पटक पटक बलात्कृत हुँदा पनि ऊ आफ्नो कुरा आफ्ना श्रीमान् कुबेर र जेठानी  रमालाई भन्न सक्दिन । उसको जेठाजुले  उसलाई कतै कोइसित यो कुरा  भने मारिदिने धम्की दिन्छ ।  जसका  कारण सारिका  उत्तम  लालको घिनदाग्दो व्यवहार  चुपचाप सहेर बस्छे । कुनै प्रतिक्रिया  देखाउन सक्दिन । तर  जब उसले भित्रबाट  आज म त्यो अत्याचार सहन्न भनेर अठोट गर्छे । तब  उत्तम  लाल ऊ माथि  आइ लाग्दा अचानक काम्ने र चिच्याउने गर्छे र आफू '**द्रौपदी**' बनी महाभारतको कथावस्तुलाई आफू भित्र धारण गरी पितामह, कुन्ती, दुर्योधन,  भिमसेन, अर्जुन आदिलाई महाभारत भित्रको कथावस्तु र कर्म  अनुसार गाली गर्दै कराउँदै बाभ्न थाल्छे । उसलाई उसका आफन्त र परिवारका सदस्यले '**द्रौपदी**' चढेको भन्छन् ।

हरेक पटक जेठाजुले उसलाई बलात्कार गर्न खोज्दा  प्रीतक्रिया गर्ने क्रममा उसमा '**द्रौपदी**' चढ्ने हुँदा सारिकाकी मिल्ने  साथी  मायाले डा. अनु राईसँग सारिकाका बारेमा  उपचार र छलफल गर्ने गरेकी  हुन्छे । मायाले सारिकालाई उपचारका क्रममा  डा.अनुलाई उसको बाल्य  कालदेखि वर्तमान सम्मको सम्पूर्ण घटनाक्रम बताउँछे ।  सारिका  डा. अनुलाई  उसको  बाल्य कालदेखि वर्तमानसम्मको सम्पूर्ण घटनाक्रम  बताउँछे । सारिका र माया सानैदेखि एउटै गाउँमा हुर्केका, लेखेका र बढेका असाध्यै मिल्ने साथी  हुन्छन् । उनीहरू दुई जना एक अर्कासँग एकदमै मिल्छन् । उनीहरू दुई जनाले आफ्ना  आमा बाबुसँग  भन्दा दुईजना साथी  धेरै कुराहरू साटफेर  गरेका  हुन्छन् ।  सारिका जब ११/१२ वर्षकी  थिई  त्यस  बेला उसलाई उसका बाबु आमाले उसलाई उसकी ठुली आमाको घरमा  ट्युसन पढाउन  पठाउँछन् र उसलाई ट्युसन  पठाउने ठुली आमाको छोरा लक्ष्मण दाइले उसलाई  पहिलो पटक बलात्कार गर्छ र ऊ रगतपच्छे भएर  घरमा जान्छे ।  तब सारिकाकी आमाले उसलाई कट्टु नलगाई हिँड्छे, जहाँ पायो त्यही बस्छे अनि  जुकालाई टोकाएर रगतै  भएर आउँछे भनेर सारिकालाई गाली गर्छिन् । लक्ष्मण दाइले दिनहुँ पढाउने निहुँमा उसलाई पटक पटक बलात्कार गर्दछ । सारिकाले एक दिन आफ्नी आमालई लक्ष्मण दाइले बलात्कार गरेको कुरा भन्छे तब आमाले उल्टो उसलाई तैं नकचरी, अगतिली छस् । आफ्ना दाजुलाई त्यस्तो भन्छेस्  । तँलाई  खुब बैंस आएको छ । दाजुका बारेमा अब यस्ता कुरा गरिस् भने म जस्तो नजाति कोही छैन भनेर उल्टो सारिकालाई नै भ्रपार्दछिन् ।

सारिकाले दिनहुँको त्यो दाइको बलात्कारको पीडा खप्न नसकी ठुली आमालाई आँट गरेर उनकै छोराको ती क्रियाकलाप भन्छे, तब ठुली आमाले पनि मेरो छोरालाई त्यस्तो नचाहीने आरोप नलगा, मेरो छोरा जस्तो असल पुरुष त पश्चिमभरि खोजेर पनि पाइँदैन । तैं अगतिली होस् भनेर उल्टै सारिकालाई नै दोष लगाउँछिन् । तब सारिका आफ्ना बाबा आमासँग ठुली आमाको घरमा पढ्न जान्न भनेर जिद्‌दी गर्न थाल्छ् तर उसका बाबु आमाले उसलाई जबर्जस्ती लक्ष्मण दाइ कहाँ पढ्न पढाउँछन् र लक्ष्मण दाइले पनि जर्बजस्ती उसलाई दिनहुँ बलात्कार गर्छ । ऊ कुनै प्रतिक्रिया गर्न सक्दिन जब प्रतिक्रिया देखाउन खोज्छे । आफूलाई लक्ष्मण दाइको गिद्दे पञ्जाबाट बचाउन खोज्छे तब उसमा काम्ने चिच्याउने व्यथा सुरु हुन्छ । उसमा यसरी सानैदेखि **'द्रौपदी'** चढेको हुन्छ ।

यसरी सारिका लक्ष्मण दाइको बलात्कारको पीडादेखि दिन प्रतिदिन ग्रसित हुँदै जान्छे तब उसलाई आफ्नो घरमा पनि बस्न मन लाग्दैन । अनि उसले आफ्ना बाबु आमालाई झापाको बिर्तामोडमा रहेको मामाघरमा गएर पढ्ने कुरा व्यक्त गर्छे । तब उसलाई बाबा आमाले पनि जा भन्छन् । अनि सारिका कैलालीबाट झापा आफ्ना मित मामासँग जान्छे । यात्राका क्रममा मित मामाले पनि उसलाई माया गरेको निहुँमा अँगालो मार्ने, म्वाइँ खाने, साप्रामा चिमोट्ने, संवेदनशील अङ्गमा छुने, चलाउने गर्छन् । तब उसले त्यो मित मामाको नराम्रो नियत बुझ्छे र होसियार बन्दै आफ्नो मामाघर पुग्छे । मामाको घरमा मामा, माइजु, मामाका दुई भाइ छोरा र काम गर्ने लोग्ने मानिसहरू हुन्छन् । उसको मामाको घर सम्पन्न खालको परिवार हुन्छ । ऊ त्यहाँ पढ्न भनेर गएकी हुन्छे । उसको मामाको घर सम्पन्न खालको परिवार हुन्छ । ऊ पढ्न भनेर गएकी हुन्छे । तर उसकी माइजुले सारिकालाई आफ्नो छोरी नभएको र सारिकालाई आफ्नो छोरी आएजस्तो भयो भन्दै मिठो बोल्दै छोरी मान्छे भएपनि उसको काम गर्ने सिक्नुपर्छ भन्दै रात दिन काम मात्र गराउँछिन् । स्कुल पनि पठाउँदिनन् । नजानिदो रूपमा सारिकालाई माइजुले नोकर्नी बनाएर राख्छिन् ।

सारिका आफ्ना घरमा लक्ष्मण दाइको बलात्कारको पीडा खप्न नसकेर बलात्कारीबाट बच्नका निम्त मामाघर गएकी हुन्छे । मामाघरमा पनि मामा र मामाका छोराहरूकै व्यवहार त ठिक्कै हुन्छ तर मामाको कारोबार सम्हाल्ने मामाको नाताले मात्र सालो पर्ने मुनिदाको खराव नजर सारिकामा परेका हुन्छ । एक दिन घरमा कोही नभएको मौकामा मुनिदाले सारिकालाई बलात्कार गर्छ र उक्त कुरा कसैलाई

भनेमा मारदिने धम्की दिन्छ । यसरी एक दिन मुनिदाले सारिकालाई बलात्कार गरेका मुनिदाको साथी रोबिनले देख्छ र रोविनले पनि सारिकालाई शरीर आफूलाई पनि भोग गर्न दिनु पर्ने माग मुनिदालाई राख्छ । त्यसपछि दिनहुँ सारिका मुनिदा र रोबिनबाट मामाघरमा पनि बलात्कृत हुन्छे । यसरी मुनिदा र रोबिनबाट उनीहरूका साथीहरू गर्दै मामाघरमा पनि ऊ धेरै जनाबाट बलात्कृत हुन्छे ।

सारिका मामाघरमा पनि बस्न सक्दिन र झापाकै साँघुटामा बस्ने काका काकीको घरमा जान्छे । काकीका दुईवटी साना साना छोरीहरू छन् । काकीको परिवार मध्यम वर्गीग परिवार हुन्छ तर काकी पढे लेखेकी र सचेत नारी हुन्छिन् । उनको विचारमा छोराछोरी समान हुन् । छोरीलाई पनि शिक्षित बनाउनु पर्छ । अन्याय र अत्याचार सहनु हुँदैन । त्यसका विरुद्ध आवान उठाउनु पर्दछ भनेर सारिकालाई भन्छिन् । काकीले सङ्गतबाट सारिकालाई थोरै भए पछि आँट आउँछ । त्यसैले काकीको सङ्गतबाट प्रेरित भई सारिकाले मामाघर बस्दा बलात्कार गर्ने मुनिदासँग बदला पनि लिएकी हुन्छ । एक दिन ऊ अचानक काकीको घरबाट आफ्नो घरमा जान्छु भनी निस्कन्छे । यात्राका क्रम र ट्याङ्कर ड्राइभरबाट बलात्कार हुन पुग्छे र उसमा प्रतिकार गर्ने क्षमता आउँछ र ऊ रिपोट लेख्नका लागि विहान ४ बजेको समयमा पुलिस चौकी पुग्छे । तब उससँग सबै कुरा सोधी पुलिसले नै पानीमा बेहोसीको औषधी मिसाएर खुवाउँछन् र पुलिस चौकीका हबल्दारदेखि इनिस्पेक्टर सम्मले बलात्कार गर्दछन् र त्यहाँबाट भाग्न बाध्य बनाउँछन् । यसरी सारिका विभिन्न ठाउँमा विभिनन प्रकारका मानिसबाट लगातार बलात्कार हुन्छे । एक भारतीय नेताको शरणबाट सारिका माइती नेपालको शरणमा आइ पुग्छे । माइती नेपालको विभिन्न तालिम र गोष्ठीमा काम गर्दा गर्दे सारिका जर्मनी पुग्छे । त्यहाँ एउटा राम्रो परिवारको धर्म मातापिता साथमा रहँदा बस्दा सारिकाले अङ्ग्रेजी भाषा र कम्प्युटर सिक्छे । ती नै धर्म मातापिताको सहयोगबाट ऊ अमेरिका पुग्छे । त्यहाँ उसले राम्रो काम पाउछे र धेरै पैसा पनि कमाउँछे र उसको विगतले उसलाई कोट्याइरहन्छ र ऊ ब्रह्मकुमारी बन्नका लागि आश्रम जान्छे । सुरुमा त उसलाई ब्रम्हकुमारी बन्न योग्य नभएको भनी अस्वीकार गरिन्छ । पछि उसको अठोट र इच्छाशक्ति देखेर उसलाई आश्रम बस्न दिइन्छ । उसले दिनहुँको अश्रमको शिक्षा र प्रवचनले मन खुकुलो भएको महसुस गर्छे र अमेरिकाबाट नेपाल फर्किन्छे । भाडाको घरमा बस्छे । जग्गामा लगानी गर्छे र

निक्कै आम्दानी पनि गर्छे र यसै बिच कुबेरसित उसको भेट हुन्छ विस्तारै सम्बन्ध बढ्छ । कुबेरले विहेको प्रस्ताव गर्छ र यिनीहरू दुई जनाको कोर्ट म्यारिज हुन्छ ।

सारिकाकी साथी माया जो सारिकाको काम्ने र चिच्चाउने केसलाई लिएर डा. अनुसँग छलफल गरिरहेकी हुन्छे । ऊ पनि सारिकाको साथी र सारिकाको गाउँकी केटी हुन्छे । उसकी आमाले उसलाई रउसको भाइलाई सधैं भेदभाव गर्थिन् । छोरालाई मात्र मानिसको जस्तो व्यवहार गरिन्थ्यो र छोरीलाई पशु सरहको व्यवहार गर्थिन् । तर त्यस्तो परिस्थितिमा पनि मायाले समाज र घर परिवारसँग विद्रोह र आफ्नो पढाई खर्च आफे जुटाएर अ.न.मि. को अध्ययन पुरा गर्छे । जागिर खान्छे । आफ्नो खुट्टामा उभिन्छे । उसको आफ्नै परिवार छ, श्रीमान् छोराछोरी सासू ससुरा सबै जना छन् । उसका सासू ससुरा गाउँमा छन् । सहरमा ऊ आफ्नै कमाइले घर बनाउँछे । छोरा राम्रो स्कुलमा पढाएकी हुन्छे । उसको श्रीमान् एकदमै स्वार्थी हुन्छ । ऊ मायाको कुनै वास्ता नै गर्दैन । ऊ आफैं कमाउछ आफैं रमाउँछ । घरमा कुनै आर्थिक सहयोग गर्दैन । उल्टै मायासँगबाट सहयोगको अपेक्षा राख्छ तर माया शिक्षित भएकोले ऊ आत्मनिर्भर छिन् ।

कुबेर र सारिकाको बिहे भएपछि कुबेर आफ्नो काममा व्यस्त हुन्छ भने सारिका घरको काममा व्यस्त हुन्छे । सारिका र कुवेरको वैवाहिक सम्वन्ध बाहिरबाट हेर्दा राम्रो नै हुन्छ तर कुबेरलाई सारिकाको अतीतका बारेमा थाहा हुन्न र सारिका पनि आफ्नो अतीतको कुरा भनेर आफ्नो वैवाहिक जिन्दगीलाई खतरामा पुऱ्याउन चाहन्न तर कुबेर र सारिकाको शारीरिक सम्वन्ध भने राम्रो हुन्न । कुबेर सारिकालाई शारीरिक सुख दिन सक्दैन । उसको शरीर त्यसका लागि सक्षम छैन । ऊ आफूलाई भित्र भित्र ग्लानि महसुस गर्दछ । कुबेरले त्यसो हुनुको रहस्य सारिकालाई भन्ने अठोट गरी एक रात कुबेरले सारिकालाई आफू आठ, नौं वर्षको छँदा आफ्नो सानिमा पर्ने चुनुमायाबाट बलात्कार भएको कुरा भन्छ । चुनुमायाको श्रीमान् व्यारेकमा सिपाहीको जागिरमा हुन्छ । जङ्गलमा खोलामा एकान्तमा कुबेरलाई भेटेर उसले पैसा दिएर उसको लिङ्ग खेलाउने गर्दा गर्दै उसले कुबेरलाई बलात्कार गरेकी हुन्छे । त्यस बेलाको त्यस बाल मस्तिष्कमा स्त्री जातिबाट परेको डर र त्रासले कुबेर भयभित भएको हुन्छ र उसमा यौनउत्तेजना नै विकसित हुँदैन र ऊ सारिकालाई यौन सुख दिन सक्दैन । कुबेरले आफ्ना सबै कुरा सारिकालाई भन्छ र सारिकाले पनि उसलाई सर्वोट गर्छे र आफ्नो रकुवेर विचको सम्वन्ध सुमधुर बनाउँन लाग्छे ।

एक दिन अचानक दिउँसोको समयमा उत्तमलालले सारिकालाई समात्न खोज्छ । सारिकाले पनि उत्तमलाललाई प्रतिकार गर्छे र ऊ चिच्चाएर कराउने गर्छे तब कोठामा ह्विलचियरमा बसिरहेकी रमाले सारिका चिच्चाएको सुन्छे र दगुरेर सारिकाको कोठामा पुग्छे । उत्तमले सारिकाको चुल्ठोमा समातेको हुन्छ र रमाको प्रहारबाट उसलाई निक्कै चोट लागेकाले ऊ भुइमा पछारिन्छ । ऊ उभिएको देखेर सारिका र उत्तम छक्क पर्छन् । तब रमाले आफू अपाङ्ग भएको नाटक किन गर्नु परेको भनेर आफ्नो रहस्य खोल्छे । उत्तम र रमाको बिहेको पहिलोरातमा नै उत्तमले उसलाई एक नवविवाहित पतिले माया र स्नेहलेनभइकन एक हिंस्रक पशुले जस्तो व्यवहारगरी उसलाई एकदमै चोट पुऱ्याई जवरर्जस्ती सुहागरात मनाउँछ र मुखमा जे आयो त्यही शव्द प्रयोग गरेर गाली गर्छ । र उसले विावहपछि दिनहु उसलाई माया, स्नेह र सल्लाहले नभईकन यौन पिपासुको व्यवहारले रगताम्मे हुने गरी जसरी चाह्यो त्यसरी नै बलात्कार गर्छ । त्यस कारण रमा बिरामी र अपाङ्गताको बहाना बनाएर ऊसँग छुटकारा पाउन चाहन्छे । ऊ आफूलाई सन्चो भइसकेको रोगलाई पनि बढाएको नाटक गरेर अपाङ्ग बनिरहेको कुरा उत्तम र सारिका सामु भन्छे।तब उत्तम रिसले चुर हुन्छ ररमालाई पिट्न अघि बढ्छ ।तब सारिका र रमाले उत्तमको प्रतिकार गर्छन् र उत्तमलाई नै भगाइ दिन्छन् । त्यस समयदेखि सारिका र रमाले उत्तमको डटेर सामना गर्छन्।त्यसपछि बिस्तारै सारिका पनि चिच्चाउने र कराउने रोगबाट छुटकारा पाउँदै जान्छेर ऊ साधारण बन्दै जान्छे । उसको र कुबेरको सम्बन्ध पनि राम्रो हुँदै जान्छ ।

एक दिन कुबेरले सारिकालाई चितवन घुम्न जाने प्रस्ताव राख्छ । तब सारिकाले रमा र उत्तमलाललाई पनि सँगै चितवन लैजाने प्रस्ताव राख्न कुबेरलाई अनुरोध गर्न लगाउँछे । कुबेर, सारिका, उत्तमलालर रमा भएर चितवन जान्छन् । होटलमा बस्छन् । घुमघाम गरेर रमाइलोदिन बिताइ रहेको हुन्छन् । त्यसै समयमा अचानक सर्पले टोकेर उत्तमलालको मृत्यु भएको खबर आउँछ । सारिका सर्प समात्न खप्पिस भएको र उसले नै विषालु सर्प समातेर उत्तमलालको कोठामा छोडेको र उक्त सर्पले टोकेर मृत्यु भएको कुरा मायाले सारिका मार्फत थाहा पाउने र सारिकाले पनि आफ्नो उत्तमलालसितको बदला पुरा भएको कुरा व्यक्त गरेको कुरासँगै उपन्यासको अन्त्य भएको छ ।

## निष्कर्ष

यस उपन्यासमा आदिदेखि अन्त्यसम्म कथावस्तुको उचित तरिकाले प्रयोग भएको पाइन्छ । तैपनि कतै कतै यस उपन्यासमा विभिन्न ठाउँमा कलाविहीन तथा अप्रत्यार लाग्दो सन्दर्भ पनि भेटिन्छ । जस्तै सारिका आफ्नो घरमा लक्ष्मण दाइको बलात्कारबाट हैरान भएर मामाको घरमा जाँदा यात्राको क्रममा भएका घटना सन्दर्भ र यात्राका क्रममा उसको जीवनमा आइपरेका कुराहरू कलाविहीन र एकदमै मनगढन्ते जस्ता लाग्दछन् । त्यसै गरी एका एक सारिका जर्मन र अमेरिका पुगी ठूलो पोस्टमा पुगेर काम गरी प्रशस्त मात्रामा पैसा कमाएर नेपाल फर्की जग्गा दलालीको काम गरेको भन्ने. सन्दर्भ पनि कलाविहिन वा अपत्यारिलो. किसिमको जस्तो छ । किनभने सारिकाले सानोमा धेरै पढ्न नै पाएकी हुन्न भने ऊ अमेरिकमा कसरी ठूलो पोष्टमा पुगेर काम गर्न सम्छे । यसरी यस उपन्यासमा धेरै नपत्याउँदा र चमत्कारी जस्ता सन्दर्भ पनि ठाउँ ठाउँमा भेट्न सकिन्छ ।

## ४.१.२ पात्र वा चरित्रचित्रण

उपन्यास मानव जीवन तथा उसले भोगेका यथार्थनुभूतिको अभिव्यक्ति हो । उपन्यासमा मानवजीवनसँग सम्बन्धित सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक, मनोवैज्ञानिक आदि पक्षहरू बिचका रूपमा प्रस्तुत भएका हुन्छन् । विषय वस्तुलाई कलात्मकता प्रदान गर्दै सुसङ्गठित सुन्दर औपन्यासिक स्वरूपको निर्माण गर्ने प्रमुख तत्व चरित्र नै हो । पात्रले उपन्यासलाई ऊर्जा प्रदान गर्दै निष्कर्ष तर्फ डोऱ्याउने हुनाले अङ्ग बिना उपन्यासको संरचनाको कल्पना पनि गर्न सकिदैन । चरित्रहरू कथानकको गतिका संवाहक हुन् । कथानकको लागि आवश्यक उपकरणहरू कार्यव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्र सँग नै रहेको हुन्छ । उपन्यासमा विचार वा उद्देश्यको प्रक्षेपण पनि पात्रका माध्यमबाट नै हुने हुनाले औपन्यासिक संरचनामा पात्रको भूमिका अपरिहार्य रहेको हुन्छ । पात्रहरू कुन पृष्ठभूमिबाट लिइएका हुन, उनीहरूको भूमिका कस्तो रहेको छ । वैचारिक दृष्टिकोण कस्तो रहेको छ । उनीहरूको उपस्थिति उचित छ कि छैन आदि विषयको अध्ययन पात्रविधानमा हुन्छ । पात्रविधान अन्तर्गत चरित्रचित्रण गर्दा प्रत्यक्ष वा नाटकीय विधिको अवलम्बन गरेको पाइन्छ । प्रत्यक्ष विधिमा पात्रको चरित्र चित्रण उपन्यासकार स्वयम वा अन्य कुनै पात्रका माध्यमबाट पात्रको बाह्यान्तरिक वर्णन ण्गरिएको हुन्छ,

भने नाटकीय विधिमा पात्रका कार्यव्यापारबाट नै बिस्तारै उसका चारित्रिक विशेषताहरू प्रष्ट्याइएको हुन्छ । पात्रविधानमा पात्रहरूको अध्ययन थुप्रै आधारमा गर्न सकिन्छ । त्यसै अनुसार औपन्यासिक चरित्र विश्लेषणको शैली वैज्ञानिक आधार बढी प्रचलित छ । यस अन्तर्गत चरित्र वर्गीकरण विश्लेषण तथा अध्ययनका आधारहरूलाई समेटेर एउटा छुट्टै पद्धतिको विकास भएको छ । शैली वैज्ञानिक आधारमा चरित्रको वर्गिकरण गर्दा पात्र बनोटमा ध्यान दिइन्छ । (शर्मा र लुइटेल, २०६७) साथै पात्रहरूको नैतिक प्रवृति एवम् अभिवृत्तीय गुण तथा स्वाभावलाई आधार बनाइन्छ । यस आधारमा चरित्र वर्गीकरणका आधार निम्न प्रकारका छन् :

क) लिङ्गको आधार : पुरुष र नारीपात्रहरू

ख) कार्यका आधार : मुख्य, सहायक र गौण पात्रहरू

ग) प्रवृतिको आधार : प्रतिकूल र अनुकूल पात्रहरू

घ) जीवन चेतनाका आधार : प्रतिनिधि र व्यक्तिगत पात्रहरू

ङ) गतिशीलताको आधार : स्थिर वा गतिहीन र गतिशील पात्रहरू

च) आवद्धताको आधार : वद्ध र मुक्त पात्रहरू

छ) आसन्नताको आधार : मञ्चीय र नेपथ्य पात्रहरू

ज) वैयक्तिक स्वभावको आधार : अन्तर्मुखी र बहिमुर्खी पात्रहरू

झ) परिवेशको आधार : ग्राम्य र सहरीया पात्रहरू

ञ) चारित्रिक आयमिकताको आधारमा : चेष्टा र गोला पात्रहरू

शैलीवैज्ञानिक आधार बाहेक पात्रहरूलाई अन्य थुप्रै आधारमा पनि प्रस्टयाउन सकिन्छ । पात्रहरू विचारका संवाहक हुन् । कृतिमा अभिव्यक्त विचारको आधारमा पात्रहरू विसङ्गतिवादी, अस्तित्ववादी, शून्यवादी, मार्क्सवादी, नियतिवादी वा मनोविश्लेषणीय जस्ता पात्रहरू पनि पाइन्छन् ।

### ४.१.२.१ पात्रको परिचय

**द्रौपदी** उपन्यासमा उपन्यासको केन्द्रीय विचारलाई अभिव्यक्त गर्ने विसङ्गतिवादी र ग्राग्य परिवेशका पात्रहरूको प्रयोग गरिएको छ । ती पात्रहरू लेखकीय विचारलाई सहज रूपमा अभिव्यक्त गर्ने मौलिक किसिमका छन् । सारिका यस उपन्यासकी नायिका कुवेर, उत्तमलाल र रमा प्रमूख पात्रको भूमिका निर्वाह गर्ने पात्र हुन् भने माया, मनोज, सारिका तथा मायाका आमा, बा, ठूली आमा, र तिनका छोरा लक्ष्मण, मायाका सासु, नन्दहरु, ठेकेदार काका, मुनिदा, चुनुमाया, लक्ष्मी तामाङ्ग, आसामी साथी, चिरिमाया महर्जन आदि गौण पात्रको रूपमा रहेका छन् । यस मध्ये यो शोध लेख मा सारिका, कुवेर, उत्तमलाल र रमाको चरित्रचित्रण यसरी गर्न सकिन्छ ।

#### क. सारिका

सारिका **द्रौपदी** उपन्यासकी प्रमुख महिला पात्र हो । यस उपन्यासमा सारिका कुवेरकी पत्नी, उत्तमलालकी बुहारी, रमाकी देउरानी र मायाकी बाल्यकालदेखिकी साथी हो । उपन्यासमा सारिका निर्दोष पात्र हो । सारिका बाल्यकालमा चुलबुले र पढाइमा तेज हुन्छे । जब ऊ ७/८ वर्षको उमेरमा प्रवेश गरेकी हुन्छे । उसको घरमा आइराख्ने उसको बुबाको साथी ठेकेदार काकासँग घुलमिल हुन्छे । ठेकेदार काकाले पनि उसलाई कहिले मिठाई ल्याइदिने, कहिले बिस्कुट ल्याइदिने गर्छन र आफूप्रति आकर्षित गर्छन् । एक दिन उनै बाबुसमानका ठेकेदार काकाले सारिकालाई बलत्कार गर्छन् । लोग्ने मान्छेको जातको असली पराकाष्ठ देखाइएको छ । टियुसन पढाइदिने निहुँले ठुलीआमाको छोरा लक्ष्मण दाइले पनि सारिकालाई पटकपटक बलात्कार गर्छ । तब सारिकाले ठुलीआमालाई उक्त कुरा भन्छ । तब ठुलीआमाले उल्टै सारिकालाई लाञ्छना लगाउँछिन् र आफ्नो छोरा एकदमै असल भएको भन्छिन् । सारिकाले उक्त कुरा आफ्नी आमालाई पनि भन्छे तब आमाले पनि सारिकालाई तनै अगतिली छुस छोरी मान्छे भएर धेरै नबोल भनेर चुप लगाउँछिन् । यसरी सारिका आफ्नो घरमा बस्न नसकी मामाघरमा गएर बस्छे । त्यहाँ बसाइको क्रममा उसलाई उसकी माईजुले नोकर्नी जस्तो बनाउँछिन् र माइजुको घरमा काम गर्ने मुनिदाले सारिकामाथि नराम्रो दृष्टि राखेको हुन्छ । एक दिन घरमा कोही नभएको मौका पारेर मुनिदाले सारिकालाई बलत्कार गर्छ । सारिकालाई मुनिदाले हरेक पटक विभिन्न बहानामा धम्क्याएर बलत्कार गर्छ

र सारिका मामाको घरमा पनि बस्न नसकी काको घरमा जान्छे, त्यहाँ उनका दुइवटी छोरी हुन्छन् । काकी अलि फरक सोचकी हुन्छिन् । उनले सारिकालाई स्कुल पनि पठाउँछिन् र महिला समानता र अधिकारका कुरा सारिकालाई भन्छिन् जसले गर्दा सारिकाको मानसपटलमा धेरै कुराप्रति सकारात्मक परिवर्तन परेको हुन्छ । सारिका घरबाट मामाघरको यात्रा गर्दा यात्रामा धेरै अवरोधहरू आएका हुन्छन् । पुलिस चौकीमा रिपोट लेखाउन जाँदा उसलाई पुलिसहरूले नै बलत्कार गर्दछन् । यसरी हाम्रो समाजमा रक्षकका रूपमा रहेका पुलिस नै कसरी भक्षक बनी एउटी अबला र कमजोर महिला माथि दुर्व्यवहार गर्छन् भन्ने कुरालाई यस उपन्यासमा प्रष्ट रूपमा देखाइएको छ । एक दिन सारिका नेपाल भारतको बोर्डरमा रहेको माइती नेपालको सम्पर्कमा आउँछे र माइती नेपालको मातहतमा रहेर काम गर्छे । माइती नेपालको मातहतबाट ऊ अमेरिकामा पुग्छे र त्यहाँ राम्रो पदमा रही काम गरी पैसा कमाई नेपाल फर्किन्छे र जग्गा दलालको काम गरी प्रशस्त पैसा कमाई बसेकी हुन्छे र यसै क्रममा कुवेर र सारिकाको भेट हुन्छ । एक अर्कालाई मन पराउँछन् र दुवै जनाले कोर्ट म्यारिज गर्छन् । कुवेरलाई सारिकाको अतितको बारेमा केही कुरा पनि थाहा हुँदैन । कुवेर सरकारी कर्मचारी हुन्छ । ऊ बिहान काममा जान्छ र बेलुका मात्र घर फर्किन्छ । सारिका एक असल गृहणी हुन्छे । सारिकाको जेठाजु उत्तमलाल स्त्रीलम्पट हुन्छ । उसले घरमा भाई नभएको मौकामा सारिकालाई घरमै पटक पटक बलत्कार गर्छ । सारिकाले उक्त कुरा आफ्नो श्रीमान कुबेरलाई पनि भन्न सक्दिन र कुनै प्रतिक्रिया फर्काउन पनि सक्दिन । कहिलेकाही भने सारिकाभित्र एक्कासी दैविक शक्ति जस्तो उत्पन्न हुन्छ । जसलाई डाक्टरले हिस्टोरिया रोग हो भन्छन् भने सारिका परिवारले **द्रौपदी** चढेको भन्दछन् । जुन बेला सारिकाले जेठाजुले गरेका नराम्रा कामलाई महाभारतको घटना सँग दाँजी आफू **द्रौपदी** र जेठाजुलाई दुर्योधन ठानी नानातरहले काम्ने र चिच्याउने गरी आफ्नो मनका कुरा पोख्छे । उसले समाज र श्रीमानले के ठान्छ वा श्रीमान आफूप्रति कस्तो खालको व्यवहार गर्छ भनि आफू माथि जेठाजुले गरेको शोषणको बारेमा केही भन्न सक्दिन जसले गर्दा उसको जेठाजुले उसप्रति नराम्रो व्यवहार गरिरहन्छ । (पृ. २२७)

नेपालमा नारीको पीडा र दुःखमा सघाउने संघसंस्था छैनन् । पुरुषको सोचाई अनुसार नारीहरू उनीहरूको भोग र मोज तथा टहल सुसारका निमित्त सिर्जिएका हुन् । सारिका लामो समय जेठाजुबाट शोषण भइराख्छे पछि डा. अनुराई र सारिकाकी साथी मायाको सहयोग बाट सारिकाले जेठाजुको

शोषणबाट अलिकति भए पनि राहत पाउँछे र एक दिन सारिका, कुबेर, उत्तमलाल र रमा भएर चितवन घुम्न जान्छन् र चितवनमा सर्पले टोकेर उत्तमलालको मृत्यु भएको खबर आउँछ । अप्रत्यक्ष रूपमा उत्तमलालको मृत्युमा सारिकाको हात रहेको कुरा उपन्यासको अन्त्यमा दिइएको छ । किनभने सारिका सानैदेखि सर्प समात्न सिपालु हुन्छे र उसले आफूलाई दुःख दिनेलाई सर्प समातेर उक्त सर्पले टोकाएर बद्ला लिने गरेकी हुन्छे र त्यहाँ पनि सारिकाले सर्प समातेर उक्त सर्पबाट उत्तमलाललाई टोकाएर आफ्नो बदला लिएको देखाउन खोजेको छ । यसरी यस उपन्यासमा सारिकालाई गतिशील पात्रको रूपमा देखाइएको छ । सारिकाले आफ्नो जीवनका महत्वपूर्ण निर्णय आफैले लिएको छ । जहाँ गएर बस्न मन लाग्छ । त्यहि गएर आफ्नो तरिकाले जीवन बिताएकी छ । बिहेपछि भने आफ्नो घरभित्र सिमित रहेकी छ । उसले आफ्नो जीवन निर्वाह र आफ्नो जीवनको तीतो यर्थाथबाट भाग्नका लागि देशदेखि विदेश सम्मको यात्रा गरेको भेटिन्छ । सारिका एक गतिशील महिला पात्र हो ।

### ख. कुवेर

यस उपन्यासमा कुवेर सारिकाको पति हो । ऊ सरकारी कार्यालयमा जागिर गर्ने इमानदार कर्मचारी हो उसले सारिकाको अतित नबुझीकन कोर्ट म्यारिज गरेको हुन्छ र उसले कहिल्यै पनि सारिकाको अतीत जान्ने कोसिस पनि गर्दैन । ऊ आफूलाई नपुसंक सम्झिन्छ । उसमा यौन क्षमताको कमी रहेको हुन्छ । ऊ पनि सानैमा आफ्नो सानिमाको यौन दुर्व्यवहारमा परेको हुन्छ । जसको असर उसको यौन जीवनमा परेको हुन्छ तर धेरै समयपछि आफ्नो समस्या हिम्मत गरेर सारिकालाई भन्छ र सारिकाबाट उसले सकारात्मक सल्लाह पाउँछ । यस उपन्यासमा कुवेरलाई एक गैर जिम्मेवार पुरुष पात्रका रूपमा उभ्याइएको छ । यसको आफ्नै घरमा उसको दाजुबाट आफ्नै पत्नी बलात्कृत हुँदा पनि उसलाई यस बोरमा केही थाहाँ पाउँदैन, कुवेर अर्न्तमुखी पात्र हो ।

### ग. उत्तम लाल

यस उपन्यासमा उत्तमलाल रमाको पति सारिकाको जेठाजु र कुवेरको दाइको भूमिकामा रहेको पुरुष पात्र हो । उत्तमलाल यस्तो एउटा पुरुष पात्र हो जसले महिला देख्नु हुँदैन । महिलाको छाँया मात्रा देख्दा पनि ऊ कामुक हुन्छ । ऊ जीवनमा उनान्सय प्रतिशत यौनको बारेमा सोचेर बिताँउछ । बासनाको

किरो उसको दिमागमा हरबखत घुमेको घेम्यै गर्छ तर बाहिर समाजमा ऊ आदर्शको कुरा छाट्छ र महिला अस्मिता संरक्षण र महिला जागरणका कुरा गर्दै हिड्छ, ठूलो महिला समाजसेवी बनेर । उसले आफ्नै श्रीमती रमा सँग पनि बिहेको रातिदेखि नै जर्बरजस्ती बलात्कार गर्दै आइरहेको हुन्छ । उसकीश्रीमती उसको यौन आतङ्क सहन नसकेर बिरामी र अपाङ्गताको नाटक गरेर जीवन बिताइराखेकी हुन्छे । उसले सारिकालाई पटक पटक बलात्कार गरेको हुन्छ । उत्तम लाललाई यस उपन्यासमा खराब चरित्रको पुरुष पात्रका रूपमा उभ्याइएको छ ।

### घ. रमा

यस उपन्यासमा रमा उत्तमलालकी पत्नी, सारिकाकी जेठानी र कुवेरकी भाउजुका रूपमा रहेकी महिला पात्र हो । ऊ आफ्नो पति उत्तम लालबाट शारीरिक तथा मानसिक पीडामा परेकी हुन्छे । रमा आफ्ना श्रीमानबाट मायालुपूर्ण वातावरण र समझदारीको शारीरिक सुख चाहान्छे । तर उत्तम लालले उसलाई बिहेको रातदेखि नै जबर्जस्ती, हिंस्रक तरिकाले यौन शोषण गरेको हुन्छ । उत्तमलालको हरेक कियाकलापले ऊ आतङ्कित छ । उसमा पनि उत्तमलालको यातनाप्रति प्रतिकार गर्ने सामर्थ्य रहेको हुन्न । ऊ आफ्ना श्रीमानबाट आफ्नै देउरानी बलात्कृत भएको थाहा हुँदाहुँदै पनि त्यसको विरोध गर्दिन । थाहा नपाएको जस्तो गर्छे । बरु आफ्नो पतिको यौन आतङ्कबाट बच्नका लागि बिरामी अपाङ्गताको नाटक गर्थे । त्यस हिसाबले रमालाई स्वार्थी र मतलबीको दर्जा दिन सकिन्छ ।

### निष्कर्ष

यस उपन्यासमा असत् पात्रको हार र सतपात्रको जित भएको देखाइएको छ । सारिकाले आफूलाई घरभित्रै पटक पटक बलात्कार गर्ने जेठाजु उत्तमलाललाई सर्प समातेर टोकाएर उसको ज्यान लिएकी छे । उपन्यासको सुखान्त अन्त्य गरिएको छ । उपन्यासका नारी पात्रले आफ्नो जीवनका स्वतन्त्रता पूर्वक अस्तित्व बोध गर्न चाहेका छन् । केही हदसम्म गरेका पनि छन् । उपन्यासमा नारी सङ्घर्षको सार्थकता भने देखाइएको छ ।

### ४.१.३ उद्देश्य

यस उपन्यासको उद्देश्य महाभारतको पाँच पाण्डवहरूको श्रीमती '**द्रौपदी**' को पौराणिक कथा मार्फत नेपाली नारीहरूलाई आफू कमजोर हुँ भन्ने नठान, आफूले आट गरेमा जे गर्न पनि सफल होइन्छ । असफल भन्ने कुरा यस सन्सारमा केही छैन भन्न खोजिएको छ । जस्तै : यस उपन्यासमा द्रोपदी पहिलो आर्फूलाई ठीक यसरी नै कमजोर ठान्छे । दरबारमा हरेकसित सहारा माग्छे । तर जब कसैबाट सहयोग मिल्दैन, दौपदीमा आफ्नै तेज, शक्ति र उर्जा उत्पन्न हुन्छ र दुर्गा बन्छे । दुशासन जस्तो बलवान पुरुष उसको चीरहरण गर्न असमर्थ हुन्छ । **द्रौपदी** नारीपरक उपन्यास हो । यसमा नारी जातिले जन्मदेखि जीवनका हरेक पहरमा भोगेका दुःख र पीडालाई कलात्मक रूपमा उतारिएको पाइन्छ । यस उपन्यासको अन्त्यमा र अत्याचार गर्ने व्यपित्तको हार भएको देखाइएको छ । सत्यको जित गराई उपन्यासको अन्त्य गरिएको छ । यस उपन्यासमा नारी चेत र नारी विद्रोहलाई प्राथमिकता दिइएको छ ।यस कारण पुरुष नारी समानता, नवारी स्वतन्त्रता र नारीप्रति समाजले राखेको गलत धारणाको उजागर गर्नु, नारी हक हितका लागि आवाज उठाउनु नै यस उपन्यासको उद्देश्य रहेको छ ।

ठीक त्यसैगरी सारिकाले पनि उत्तमलालको कुकर्मलाई सहदै बसेकी थिइन् तर डा. अनु सँग सल्लाह गरेपछि  अनुले तिमी डरले हेछौं मेलहरूलाई । उनीहरू भने तिम्ले इन्ट्रेस्ट देको ठान्छन् भन्ने कुरा थाहा हुन जान्छ र मनमा आँट उत्पन्न हुन्छ र उत्तमलाल देख्ने वित्तिकै आफू बेहोसी छु भन्ने नाटक गरी उसलाई लात्तै लात्ताले हानेर बदला लिन्छे । यसो गर्नुको उद्देश्य आफू जस्तै अरु महिलाहरू उसको पन्जामा नपरुन । उत्तमको बुद्धि आओस् भन्ने हो ।

### ४.१.४ कथोपकथन संवाद

यस उपन्यासमा प्रयुक्त संवादहरू झर्को लाग्दो नभई सरल, सहज र स्वभाविक छन् । पात्र अनुकूलको संवाद प्रयोग गरेर उपन्यासलाई स्वभाविक र कौतुहलता पूर्ण बनाउन उपन्यासकार सफल देखिन्छन् । उपन्यासमा छोटो संवाद देखि लिएर एक अनुच्छेद र वा सो भन्दा लामा संवादहरूको पनि प्रयोग भएको पाइन्छ र सरल। मिश्र र संयुक्त सवै खालका बाक्म्यमा संवादको प्रयोग भएको पाइन्छ । उपन्यासमा अंग्रेजी, हिन्दी, नेवारी, नेपालको सुदुर पश्चिममा बोलिने दार्चुलेली तथा कैलालीको भाषाहरू

पनि पाइन्छन् । यस उपन्यासमा संवादहरू पात्रको स्तर अनुरूप भएकाले सरल, सुबोध्य र् स्वभाविक भएका छन् । वर्णनात्मक शैलीमा लेखिएको उपन्यास भएता पनि संवादको प्रयोग उचित मात्रामा गरिएको छ । यस बाहेक उपन्यासमा घटनालाई संक्षिप्तमा प्रयोग गर्न र रोचक बनाउनको निम्ति संवादको प्रयोग भएको पाइन्छ ।

## ४.१.५ परिवेश

यस उपन्यासको सुरुवातमा नेपालको दुर्गम जिल्ला कैलालीको सेरोफेरोलाई वर्णन गरिएको छ । कैलालीमै सारिकाको जन्म भएको हुन्छ । त्यहाँकै वनजङ्गलमा गाईबस्तु चराउँदै त्यहाँको पानी पँधेरो गर्दै र त्यहाँको सेरोफेरोमा नै सारिकाको बाल्यकाल बितेको छ । प्रस्तुत उपन्यासमा उतातिर सिङ्गो नेपाली जनजीवनको सामाजिक अवस्थाको चित्रण भएको छ भने अर्कातिर विकृत नेपाली जनजीवनको सामाजिक अवस्थाको चित्रण भएको छ भने अर्कातिर विकृत नेपाली समाजका उत्पीडित नारी समुदायको उत्पीडनको गाथालाई प्रस्तत् गरिएको छ । कैलाली जिल्ला वरिपरिको जङ्गल वनपाखा र पानी पँधेरो वर्णनमा आएका छन् । त्यसपछि सारिकाको मामाको घर झापाको स्थलगत वर्णन गरिएको छ । झापाको गर्मी मौसम खेत त्यहाँ पाइने सर्पका बारेमा उपन्यासमा उल्लेख गरिएको छ । झापामा सारिकाका मामा माइजु र दुई जना मामाका छोराहरू थिए । झापाको साँघुटारमा सारिकाको काका काकीको घर छ । जहाँ काका काकी र उनीहरूका दुइटी छोरी छन् । काकीको घरमा बसेर सारिकाल स्कुलले जीवन विताएको पाइन्छ । काकीले उसलाई एकदमै माया गर्छिन् र महिला हक अधिकार समानताका कुरा सिकाउँछिन् । त्यसपछि सारिका आसाम पुग्छे । भारतको भुखण्ड रहेको आसाम बजार र त्याहाँको बस्ती र मानिसहरूको व्यवहार पनि उपन्यासमा उल्लेख गरिएको छ । आसामबाट सारिकालाई मुम्बई पुऱ्याइन्छ र आफू बेचिन लागेको थाहा पाएर सारिका त्यहाँबाट भाग्छे ।

त्यसपछि उपन्यासको मध्य भागमा केही वर्ष इन्डियाको बसाइलाई पनि समेटिएको छ ।माइती नेपालको सहयोगबाट सारिका जर्मनी पुग्छे र त्यहाँ एक शिक्षित र सम्पन्न परिवारको बिच धर्म छोरी भएर बस्छे । तिनै धर्म मातापिताको सहयोगबाट सारिका जर्मनबाट अमेरिका पुग्छे र अमेरिकाको लसएन्जलेसमा बस्छे र त्यहाँ केही वर्ष वसेपछि ऊ फेरि नेपाल फर्कन्छे । काठमाडौं डेरा गरी बस्छे ।

यसरी यस उपन्यासको उत्तरादर्ध खण्डमा काठमाडौं) का ज्यापु समाज र काठमाडौंको बानेश्वर, कोटेश्वर र रत्नपार्क आदि ठाउँको परिवेशलमाई समेटिएको पाइन्छ । यसरी यस उपन्यासमा नेपालको दुर्गम जिल्ला कैलालीदेखि सुगम स्थान काठमाडौं, इन्डिया, जर्मन र अमेरिकासम्मको परिवेशलाई लेख्य शिल्पले सुन्दर तरिकाले प्रस्तुत गरेको पाइन्छ ।

यस उपन्यासमा सारिका सानी हुँदा गाउँको एकदमै अशिक्षित, सङ्कुचित विचारधारा, गाउँले रहन सहन र चालचलनको वर्णन गरेको पाइन्छ भने यसै क्रममा सारिका झापा मामाको घरमा बस्दा त्यहीको लवाई खवाई भाषा, त्यही वरिपरिको वन जङ्गल, हावापानी र त्यही वरिपरिको वातावरणको वर्णन गरेको पाइन्छ भने सारिका जर्मन र अमेरिका पुग्दा विदेशी बसाइँ, विदेशी लुगा कपडा र त्यहीको चलन चल्ती अनुसार सारिकाले जीवन निर्वाह गरेको कुरा उपन्यासमा वर्णन गरिएको छ । सारिका नेपाल फर्किएर विवाह गरेपछि नेपाली चाल चलन अनुसार सामान्य गृहणी भई घरधन्दामा व्यस्त भई नेपाली लवाई, खवाई पहिरन, नेपाली भूगोल अनुसारको मौसम र त्यही अनुसारको जीवन व्यतित गरेको कुरालाई नै यस उपन्यासमा प्रस्तुत गरेको पाइन्छ ।

### ४.१.६ कौतुहलता

**द्रौपदी** उपन्यासमा उपन्यासकारले धेरै नै कौतुहलता देखाएका छन् । कथाको बीच बीचमा आउने उपकथा र द्वन्द्वले गर्दा यसपछि के होला ? कस्तो होला ? भन्ने जस्ता अनेक जिज्ञासा र कौतुहलता लागिरहन्छ र उपन्यास पढेर नसिद्धिएसम्म छोड्न मनै नलाग्ने भइदिन्छ । उपन्यासको सुरुदेखि अन्त्यसँम्म पाठकलाई कौतुहलता जागिरहन्छ । सारिकालाई उसको जेठाजुले घरि घरि बलात्कार गरिरहन्छ पछि गएर के स्थिति हुन्छ होला ? रमा सधैं त्यसै गरी जीन्दगी विताउँछिन् कि के मोड लिन्छ होला आदि इत्यादि कौतुहलता भै नै रहन्छ । उपन्यास अन्त्यमा के कस्तो भएसर टुङ्गिने हो भन्ने जस्ता अनेक कौतुहलताले गर्दा उपन्यास रोचक बन्न पुगेको छ ।

### ४.१.७ द्वन्द्व

उपन्यासकार राजेन्द्र थापाको **द्रौपदी** उपन्यासमा द्वन्द्व अत्यन्त कुशलता पुर्वक आएको छ । यस उपन्यासमा आन्तरिक र बाह्य दुवै खालको द्वन्द्व प्रयोग भएको छ । उनका यो उपन्यासमा एकातिर कथानका द्धन्द पाइन्छ भने अर्कोतिर चरित्रमा द्वन्द्व पाइन्छ । कथानकमा सत् र असत् पात्रको द्वन्द्व देखाइएको छ । **द्रौपदी** उपन्यासमा सारिकाले उसको जेठाजुसँग द्वन्द्वको सामना गरिरहेकी छे । सत् पक्ष बोकेका यी पात्रको असत् पक्षसँग हार हुन पुग्छ । त्यसैगरी मायाले पनि उसको लोग्नेसँग द्वन्द्वका साथसाथै जीवन विताइरहेकी छ भने रमाले त आफू अपाङ्ग बनेर नै आफ्नो लोग्नेसँग बदला लिएकी छ र रमामाथि सौतेनी आउने भन्ने द्वन्द्व तथा आफ्नै घरमा देउरानीमाथि भएको बलात्कारबाट पछि हुने घटनाप्रतिको मानसिक द्वन्द्व पनि रहेको छ । देउरानीमाथि भएको सारिकाले अन्तमा आफ्नो जेठाजुलाई सर्पले टोकाएर बदला लिएकी छ । यस उपन्यासमा सवै भन्दा महत्वपूर्ण र प्रत्यक्ष द्वन्द्वका रूपमा चरित्रमा पाइने बाह्य द्वन्द्वलाई लिन सकिन्छ । सारिकाले बाह्य संघर्ष देखा परेका छ । उनको द्वन्द्व विधान सशक्त र सफल देखिन्छ । यही द्वन्द्वका कारण एकातिर उपन्यासमा रोमान्चकता थपिएको छ भने अर्कातिर उपन्यासलाई अगाडि बढाउने काम गरेको छ ।

### ४.१.८ भाषाशैली

यस उपन्यासका गद्य भाषाशैलीको प्रयोग गरिएको छ । साथै यस उपन्यासलाई सरल र सहज भाषामा नै यसको कथावस्तुलाई अगाडि बढाइएको पाइन्छ भने कुनै कुनै ठाउामा यौनसँग सम्वन्धित शव्दलाई सिधैं वा ठाडो भाषाका रूपमा नैप्रयोग गरिएको पनि भेटिन्छ । यसमा गाउँको परिवेश र वातावरणमा गाउँले लवज र गाउँकै सरल भाषाको प्रयोग गरिएको छ भने सहरमा पनि चलन चल्तीमै रहेका लवजको प्रयोग गरिएको पाइन्छ । साथै कथा वस्तुको गाउँ ठाउँमा भाषालाई घुमाई फिराई नगरीकन सटिक ढंगले प्रस्तुत गरिएको छ । भाषा र संवादलाई नचाहिने तरिकाले भुमाइ फिराई वा नबुझिने गरी अस्पष्टसँग प्रस्तुत गरेको पाइदैन । बोलीचालीकै भाषाका माध्यमबाट कथालाई गध्य भाषाशैलीमा प्रुस्तुत गरिएको छ ।

यस उपन्यासमा प्रशस्त मात्रामा व्याकरणिक अशुद्धता भेटिन्छ । व्याकरणिक नियमको खासै पालना गरेको भेटिदैंन । हिउँदपछिको बैशाखमा दुव्लाएर, माइतीबाट निरास, घरबाट थकित, समाजबाट हेलित, परिस्थितिबाट गलित यौटी आइमाई जस्तो अवस्थामा पो भेटैं टाङ्गटिङ्ग बिरिङ्गलाई मोइले - पृ.१४४) । यसरी यस उपन्यासमा व्याकरणिक नियमको पालना गरेको भेटिदैन । कुनै व्यक्तिको मनचिन्ते तरङ्गमा बगेर व्याकरणिक सुद्धतामा ध्यान दिइएको छैन । वर्णक्रम र वलाक्य संरचनामा व्याकरणको महत्वपूर्ण भूमिका हुने भएकाले व्याकरणको नियमलाई पालना गर्नुपर्ने हुन्छ । भाषा र संवाद सजलै बुझ्न सकिने भए पनि यस उपन्यासमा ठाउँ ठाउँमा व्याकरणिक अशुद्धता भने भेटिन्छ ।

उपन्यासकारले यस उपन्यासमा नेपाली समाजमा यौनकार्य गर्दा बोलीचाीमा रहेका शव्दहरूलाई जस्ताको तस्तै प्रस्तुत गरेका छन् । पुरुषको लिङ्ग, नारीको तिक्राको च्याप, ओठमा तथा जिब्रोमा किस खानु, दुधको मुन्टा इत्यादी । यसले गर्दा पनि युवा वर्गलाई यस उपन्यास पढ्दा वढी उत्सुकता हुने गरेको पाइन्छ ।

यस उपन्यासमा डा. अनु र मैयाका कुराहरूबाट महिलामा हुने मानसिक तनावबाट हिस्टोरिया भन्ने रोग उत्पन्न हुन्छ । यो ज्यादै डरलाग्दो रोग हो । यसले जे जस्तो रूप पनि लिन सक्छ भन्ने कुरा प्रष्ट पारिएको छ । यस उपन्यासमा पनि सारिकालाई सानै देखि केटाहरूले रेप गरेका कारण ऊ ठूलो भैसक्दा पनि उनलाई हिस्टोरिया भन्ने रोगले छोडेको छैन । जव ऊ आत्तिएर केही गर्न नसक्ने स्थितिमा पुग्छे तव ऊ रुन कराउन थाल्छे । यो नै उनको हिस्टोरिया भन्ने रोग हो भनि डाक्टरहरूलो भनेका छन् ।

## ४.१.९ दृष्टिविन्दु

**द्रौपदी** उपन्यासमा बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरेको पाइन्छ । यस उपन्यासको प्रमुख महिला पात्र सारिकाले आफूले भोगेको कुरा मायालाई सुनाउँछे र मायाले सारिकाका जीवनका उतार चढावका घटना सारिका स्वयम्बाट थाहा पाएकी हुन्छे । त्यसैले यस उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दु भेटिन्छ ।

### ४.१.१० प्रतीक र बिम्ब

**द्रौपदी** उपन्यासको शीर्षक नै एउटा प्रतीक हो । महाभारतमा पाँच पाण्डवकी पत्नी **द्रौपदी** भए झैं यस उपन्यासकी प्रमुख नारी पात्र सारिका पनि धेरै पुरुष पात्रबाट शोषित भएकी पात्र छिन् । त्यसै गरी यस उपन्यासमा पुरुषलाई भाले र महिलालाई पोथी भनी बिम्ब र प्रतीकले छुट्याइएको छ । त्यसै गरी सारिकाले आफ्नो बदला लिन सर्पका साहरा लिएको पाइन्छ । सर्पलाई बदला लिने हतियारको रूपमा लिइएको छ । त्यसै गरी सारिकाले जेठाजुको अन्याय र अत्याचारका विरुद्ध प्रतिकार गर्नका लागि **द्रौपदी** चढेको भनी जेठाजुप्रति आक्रामक तरिकाले प्रस्तुत हुन्छे र आफ्नो बदला लिन द्रौपदी बन्छे जसले बिम्ब र प्रतीकको काम गरेको छ । त्यसैले यस उपन्यासमा उचित परिवेशमा उचित तरिकाले बिम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ ।

समग्रमा उपन्यासले नारी स्वतन्त्रताको सन्देश बोकेको पनि पाइन्छ । यस उपन्यासको विषयवस्तु कुनै अलौकिक नभईकन आफ्नो वरपर समाजको वास्तविक घटना र समाजका नारी जातिले दिनहुँ जस्तो भोगेका पीडा व्यथा र चीत्कार रहेको छ । यस उपन्यासको विषयवस्तु मौलिक रहेको छ । जुन कुरा हामीले दिनहुँ हाम्रो समाजमा सुनेका, देखेका, भोगेका कुरालाई नै संवादका रूपमा यस उपन्यासमा पढ्न पाउँछौँ ।

### ४.१.११ शीर्षकीकरण

यस उपन्यासको शीर्षक कथावस्तुको आधारमा उचित रुपमा चयन गरिएको छ । यस उपन्यासको कथावस्तुमा द्रौपदीको रुपमा सारिकालाई बनाइएकोले शीर्षक प्रतीकात्मक बन्न सफल भएको छ । शीर्षक आफै प्रतीकात्मक बनेकाले यस उपन्यासमा महिलाले समाजमा भोग्नु परेका पीर व्यथा हिंसालाई चुस्त दुरुस्त देखाइएको छ । यस उपन्यासको शीर्षकीकरण महाभारतको पञ्च पाण्डवका श्रीमती द्रौपदी झैं प्रतीकात्मक रुपमा सारिकालाई देखाइएको छ । त्यसैले यस उपन्यासको शीर्षकीकरण समुचित तरिकाले राखेको पाइन्छ ।

### ४.१.१२ अतिरञ्जनात्मक प्रवृति

**द्रौपदी** उपन्यासमा अतिरञ्जनात्मक कल्पना पनि पाइन्छ । यसले एकातिर उपन्यासको स्तर खस्काएको छ भने अर्कातिर उपन्यासमा अविश्वसनीयताको सृर्जना भएको छ । उपन्यास वर्णनात्मक शैलीमा लेखिएको हुनाले पढिरहुँ र सुनिरहु जस्तो लाग्दछ । शूक्ष्म यौन दृष्टि यो उपन्यास एक घटना प्रधान र यथार्थवादी उपन्यास हो र उपन्यासकारले आफ्नो विचारलाई उपन्यासको चरित्रका माध्यमबाट प्रष्ट्याउन खोजेका छन् । नायिका सारिकालाई उपन्यासकारको सामाजिक दर्शन र विद्रोहको स्वर मुखरित गर्ने मुख पात्रको रूपमा आएकी छ । **द्रौपदी** उपन्यासमा रचनाको महन्वपूर्ण प्रवृत्ति यौन मनोविज्ञान तथा मनोविश्लेषणलाई आधार मान्नु लेखकीय आग्रह हो । यस उपन्यासमा प्रत्यक्ष रूपमा कुनै सैद्धान्तिक आग्रह नराखे पनि परोक्ष रूपमा आफ्नो लेखकीय दृष्टिकोण व्यक्त गरेका छन् ।

यस उपन्यासमा मानव मनमा रहेका शूक्ष्म तन्तु यौनइच्छालाई उपन्यासकार राजेन्द्र थापाले बुझेर सरल रूपमा प्रस्तुत गरेका छन् । मानव मनभित्रको अन्तर कुन्तरमा रहेका यौन चाहनालाई बुझेर सारिका तथा उत्तमलालको यौन भावनाका बारेमा राम्रो सँग प्रस्तुत गर्न सफल भएका छन् । यही पक्षले नै यो उपन्यास सफल देखिन्छ ।

### ४.१.१३ उपन्यासको संगठन तथा निष्कर्ष

**द्रौपदी** उपन्यास नायिक सारिकाको केन्द्रियतामा लेखिएको उपन्यास हो । यसको कथावस्तु सारिकाको जीवन जीउने क्रममा पुरुषहरूसँग गरेका सङ्गतहरू र जीवनमा हरेक मोडमा आफू विभिन्न व्यक्तिहरूबाट बलत्कृत भएको अवस्थाको चित्रण गरिएको छ ।

उपन्यासको संगठनात्मक पक्ष बलियो देखिन्छ । उक्त **द्रौपदी** उपन्यास ३८ परिच्छेदमा संरचित छ भने २४० पृष्ठ रहेको छ ।  उपन्यास वर्णनात्मक शैलीको तृतीय पुरुष ढाँचामा लेखिएको छ । उपन्यासको परिच्छेद भित्र वर्णन संवाद र उपकथाहरू रहेका छन् । पात्रहरू पनि उचित मात्रामा मात्र राखिएको छ  । अनावश्यक पात्रहरूको वर्णन गरिएको छैन् । लैङ्गिक विभेदीकरणका कुराहरू प्रष्ट रूपमा प्रस्तुत गरिएको पाइन्छ । नारीले समाजमा कति दुःख कष्ट भोग्नु पर्छ भन्ने कुरा छर्लङ्ग देखाइएको छ ।

यस उपन्यासमा माया र सारिकाकी काकीमा अस्तित्वप्रतिको तीव्र चेतना र सामाजिक सोच रहेको कुरा प्रस्तुत गरिएको छ । यस उपन्यासकी प्रमुख महिला पात्र सारिकाले धेरै निराश र उदास भएका वेला आत्महत्या गर्ने कुरा समेत सोचेकी छ र यहाँ माया, डा. अनु र रमाले आफ्नो अस्तित्वको कुरा उठाएका छन् । मायाले छोरा र छोरीमा भिन्नता नगरी उनीहरूको लालन पालन र पढाएमा समान खालको व्यवहार गरेकी छ । उत्तम लालले सारिकालाई जनरजस्ती गर्न खोज्दा रमाले देख्छे र उसलाई उत्तमलालको पन्जाबाट पचाउँछे र उत्तमलाललाई कराउँछे तब उत्तमलाले "हे मुर्ख, घरमै बस्न पाइन्छ भने दश घरसम्म को जान्छ ? बाहिर गर्दा त दुर्घटनाको डर हुन्छ मोरी घरमा सेप...... हा हा हा" ( पृ.१७५) भनेको छ । रमाले सारिका आफ्नै बुहारी हो भनेर् सम्भाउँदा उत्तमले "समात्ने आफ्नै बुहारी ने हो त नि, अर्काका बुहारी मसात्न थाल्यो भने त ठोकि हाल्छन् नि ? आफ्नैलाई समात्ने पो, तै चुप मै चुप, वुभिस्?" (पृ.१७५) भनेको छ ।

यसरी उपन्यासमा नारिका हितमा भनेर सञ्चालन भएका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयको गोष्ठी फाइभ स्टार होटलमा आयोजन गर्ने तर काम र आवश्यक कुराको छलफल भन्दा ककटेल सहितको डिनर खानाको बढी महत्व हुने कुरालाई पनि देखाइएको छ । जुन हाम्रो समाजमा रहेको एकदमै नराम्रो विसङ्गत पक्ष हो । सारिकाले "जन्म्या घर एभ्रीथिङ आफ्नो भनेर हुर्किन्छ, तर त्यो नथिङ आफ्नो विहे पछिको घर भन् एभ्रीथिङ आफ्नो घर भो । तर त्यहाँ नि नथिङ् निजी" ( पृ.१४५) भनेर नारी अस्तित्वको कुरा उठाएकी छ । यस उपन्यासमा सारिका, माया र रमाले आफ्नो जीवनमा भएका अनेक दुर्घटनाले गर्दा बेला बेलामा जीवनप्रति नै विसङ्गतिबोध गरेका छन् ।

यस उपन्यसमा बलात्कारी पुरुष मानसिकतालाई प्रमुख रूपमा देखाइएको छ । उत्तमलालले बिहेको पहिलो रातमा आफ्नी श्रीमती रमालाई 'ए छिटो लुगा फुकाल, गहना पनि फुकाल, फुलीले पनि घोच्छ निकाल" (पृ.४७) भनेको छ र उसले रमालाई हिंस्रक तरिकाले प्रयोग गरी यौनचाहना मेटाएको सन्दर्भमा यौन अश्लीलताका कुराहरू आएका छन् । त्यसै गरी सारिकालाई पनि उत्तमलालले आफ्नै घरभित्र कहिले खाना पकाउँदै, कहिले एक्लै बसिराखेको वा कुनै काम गर्दा गर्दै पनि समात्छ । उसले आफ्नै घरभित्र आफ्नै वुहारीलाई बलात्कार गरेको हुन्छ । यस उपन्यासमा उत्तमलाल यस्तो पात्र हो । जसले महिला देख्नै हुँदैन र महिलाको छाया देख्दा पनि ऊ कामुक हुन्छ । ऊ जीवनमा उनान्सय प्रतिसत समय यौनको

बारेमा सोचेर बिताउँछ । उसले बाटोका खाते केटीहरूलाई समेत छोडेको छैन । त्यसै गरी चुनुमायाले कुबेरलाई अश्लील शव्द प्रयोग गरेर ऊ सानै हुँदा यौन शोषण गरेकी हुन्छे । धैरै फोहोर कुरा बोल्छे ।

यसै गरी यस उपन्यासकी महिला पात्र सारिका जो ७/८ वर्षको समयदेखि बिहे अघि नै कहिले ठेकेदार काका, लक्ष्मण दाइ, मुनिदा जस्ता व्यक्तिबाट बलात्कृत हुन्छे र बिहेपछि आफ्नै जेठाजुबाट आफ्नै घरभित्र बर्षौंसम्म बलात्कृत भइराख्छे । यसरी यस उपन्यासको मुख्य विषयवस्तु नै बाल बलात्कार, घरभित्र हुने बलात्कार र महिला अस्तित्वका बारेमा घुमेका हुँदा विषय परिस्थिति र सन्दर्भका क्रममा त्यसै सन्दर्भसित सम्बन्धित रहेका अश्लील शव्द परिवेश र परिस्थितिका आधारमा प्रस्तुत भएका छन् । पुरुषको यौन मानसिकतालाई पनि यस उपन्यासमा सूक्ष्म तरिकाले केलाएको छ र यसरी उपन्यासको विषयवस्तु अनुसार पुरुष बलात्कारीको मानसिकता, महिला बलात्कारीको मानसिकतालाई सूक्ष्म रूपले केलाउन खोज्दा यस उपन्यासमा अश्लील सन्दर्भ अरु उपन्यासहरूको तुलनामा अलि व्यापक रूपमा रहेको छ ।

यस उपन्यासमा नियतिको सर्वोपरि अस्तित्वलाई अङ्गीकार गर्दै आफ्नो जीवनको पराजयलाई स्विकारिएको देखाइएको छ । सारिकाले आफ्नो वाल्य कालको क्रममा कहिले घर, कहिले मामाघर र कहिले काकाको घरमा गएर आफ्नो बाल्यकाल बिताउँछे । ऊ आफ्नै घरभित्र जेठाजुबाट पटक पटक बलात्कार हुँदा पनि उक्त कुरा श्रीमान्लाई भन्दिन । ऊ आफ्नो भाग्य नै यस्तै रहेछ भने्र चित्त बुझाउँछे । रमा आफ्नो श्रीमान्को नराम्रो व्यवहारले विरामी र अपाङ्गताको नाटक गरेर जीवन बिताइ रहेकी हुन्छे र मैले यस्तो जीवन भोग्नुको कारण नियतिलाई नै यही मञ्जुर थियो होला भनेकी छ ।

मायालाई पनि उसको श्रीमान्ले कुनै पनि कुरामा सहयोग गर्दैन । ऊ बिरामी भएर अपरेसन गर्ने अवस्थामा पुग्दा पनि भौतिक तथा आर्थिक कुनै खालको सहयोग गर्दैन । बरु उल्टै मायाबाट ऊ सहयागको अपेक्षा राख्छ ।

सारिकालाई बाल्य कालदेखि नै बेहोस् हुने, कराउने र चिच्चाउने तथा पछि **द्रौपदी** बनी जेठाजुप्रति बलात्कारको प्रतिकार गर्ने घटनाक्रम सारिकाको जिन्दगीको अनौठो नियति बनेको छ । यस

उपन्यासका नारी पात्रले आफ्नो जीवनमा भोगेका दुःख पीडा व्यथा र जीवनका अप्ठ्यारा परिस्थितिलाई आफ्नो जिन्दगीको नियति ठानी सहजै स्विकारेको भेटिन्छ ।

श्रीमान्ले दिनहुँको कुटपिटलाई भाग्यको खेल ठानी रमाकी आमाले श्रीमान्ले पिटेर हातै भाँचि दिँदा पनि पुलिसको अगाडि झुठो बयान दिई श्रमिान्को रक्षा गरेकी छ । यस कारण यस उपन्यासमा नियतिवाद प्रमुख रूपमा आएको भेटिन्छ । उपन्यासको वैचारिक निष्कर्ष पनि नियतिवादमै आश्रित देखिन्छ र सारिका, रमा, माया जस्ता अनेक पात्रहरूले जीवन आफूले सोचे झै सञ्चालन गर्न समर्थ भएका छैनन् । जीवनको गोरेटो आफूले सोचे भन्दा अरु परिस्थितिले वा नियतिले कोर्दै लगेको हुन्छ । र मानिस त्यसैमा डोरिन बाध्य हुन्छ भन्ने कुरा  यस उपन्यासमा देखिन्छ ।

यस उपन्यासमा समाजको रक्षक बनेर बाहिरी खोल ओढेका पुरुष पात्रहरू नै भित्रि बास्तविक रूपमा भक्षक भइराखेका छन् । उत्तमलाल जो बाहिरी समाजमा नारी अस्मिता संरक्षणी समाजमा नारी अस्मिता संरक्षण समाजको संस्थापक अध्यक्ष बनेको छ । जसले घरेलु हिसाबाट नारीहरू कसरी बच्ने भन्ने पुस्तक लेखेको छ । उसले नै आफ्नो घरभित्र आफ्नै बुहारीलाई दिनहुँ बलात्कार गरेको छ । आफ्नी श्रीमतीलाई कुटपिट र यौनहिंसा गरी अपाङंग बनाएको छ (पृ.११८) । यसरी समाजको लागि रक्षक भई भक्षकको काम गरिराखेको छ ।

सम्पूर्ण देश र जनताको शान्ति सुरक्षा र रक्षाको लागि स्थापित भएको पुलिस नै यस उपन्यासमा भक्षक भएको देखाइएको छ र सारिका यात्राका रूपमा ट्याङ्कर ड्राइभरबाट बलात्कार भएर पुलिस चौकीमा रिपोर्ट लेख्न जाँदा पानीमा बेहोसीको औषधी मिसाएर खुवाउँछन् र पुलिसले नै उसको बलात्कार गर्छन् (पृ.१५५) । जहाँ संरक्षक मानिएका पुलिस नै भक्षक भएका छन् ।

यसरी यस उपन्यासमा तिमी मेरी छोरी हौ भनेर ठेकेदार काकाले सारिकाको बलात्कार गरेका छन् । आफ्नो घरमा ट्युसन पढ्न आएकी मामाकी छोरीलाई लक्ष्मणले बलत्कार गरेको छ । लाहुरे मामाले भान्जी पर्ने सारिकालाई यात्राका क्रममा नराम्रो व्यवहार गरेको छ र उनीहरू नै यस उपन्यासमा भक्षक भएर देखा परेका छन् ।

यस उपन्यासकी प्रमुख नारी चरित्र सारिका माइती नेपालसँग सम्बद्धन भएर काम गरेकी छ र माइती नेपाल मार्फत जर्मन र अमेरिका पुगेकी उपल्लो तहमा रहेर काम गरेकी छ । ऊ नेपाल आएपछि त्यतिकै बस्दिन । उसले जग्गाको कारेबार गरेकी छ । ऊ स्वनिर्भर छ । सारिकाले कमाई गरेर आफ्ना बाबुआमालाई आर्थिक सहयोग गरेकी छ । जागिर खाएर र बिजनेस गरेर प्रशस्त पैसा कमाएकी छ । सारिका अन्य व्यक्तिसँग आश्रित भएएर बसेकी छैन ।

यस उपन्यासकी अर्की महिला पात्र मायाले पनि आफ्नो घर खर्च र छोरीको पढाई खर्च आफै जागिर गरेर पुऱ्याएकी छ । त्यतिमात्र होइन उसले आफ्नो अपरेसन खर्च समेत आफैँले उठाएकी छ । माया आफ्नो जीवन निर्वाहका लागि आफ्नो पनिसँग निर्भर रहेकी छैन ।

यस उपन्यासमा हेरक नारी पात्रहरूले आफ्नो जीवन आफै धानिरहेका देखिन्छन् । त्यसैगरी सारिकाको बहिनी पनि जागिर गरेर स्वनिर्भर बनी आफ्नो जीवन राम्रोसँग निर्वाह गरेकी छ । यस उपन्यासका नारीपात्रहरू सारिका, माया, सारिकाको बहिनी, डा.अनु राई आत्मनिर्भर छन् । यसले गर्दा उनीहरू आफ्नो इच्छा अनुसार आफ्नो जीवन स्वतन्त्र पनि देखिएका छन् ।

पितृसतात्मक समाजमा पुरुषको प्रभुत्व हुन्छ । यस उपन्यासमा पनि प्रशस्त शहर र गाउँमा पुरुषको प्रभुत्व भएको पाइन्छ । यस उपन्यासमा पनि सारिका र माया दुबैका आमाले छोराहरूलाई मात्र माया गर्ने, छोरालाई मात्र स्कुल पठाउँने, छोरीहरूलाई मेलापन, घाँसदाउरा र गोठाला पठाउने गर्दछन् । उनीहरूका आमाहरूले सारिका र मायालाई खाँदा बस्दा हिँड्दा सधै तिमीहरू छोरी जाति हौ यसो गर्न हुँदैन, उसो गर्न हुँदैन भनी कराई राख्छन् (पृ.९३) ।

यसैगरी यस उपन्यासमा सरल प्रकारले विभिन्न आफन्तजन पुरुषपात्र बाट सारिकाको वलात्कार भएको पाइन्छ । यसो हुनुमा पितृसतात्मक समाजको प्रभुत्व बढ्नु हो । सारिकाले आफू दश बर्षकी हुँदा ठुलीआमाको छोरा लक्ष्मण दाइबाट बलत्कुत हुनु, फुपुलाई भन्दा त नै अगतिली होस् भन्दै गाली गर्नु पुरुषलाई समाजमा उच्च बनाउँनु हो । पुरुषले जे गरे पनि नारीले नै चूप लागेर सहनु पर्छ भन्न खोजिएको छ । त्यसैगरी उत्तमलालले आफ्नी श्रीमती, भाइ बुहारीलाई अनेक प्रकारले बलत्कार गर्दा पनि सही बसेका ती नारीहरू परिवार तथा समाजमा खोलेर भन्न सक्दैनन् किनकी आफ्नै बेइजती हुने डरले

गर्दा, पुरुषको त इज्जत जाने होइन आखिर महिलाको नै इज्जत जाने त होनी, समाजले महिलालाई नै दोष देखाउँछ भनी खण्डन गर्नु पनि पुरुष प्रंधान देश भएको कारणले गर्दा हो ।

डीएसपीले सानी केटी माथि गरेको बलाकृत घटनालाई प्रेसले गर्मी मासमा पुरुषहरूमा उत्तेजना बढ्नु प्राकृतिक सत्य हो भनी हाइलाइटमा समाचार बनाएर महिलाई दोष थुपारेको घटना, सारिकालाई मामाको छोराले रेप गर्‍यो भन्दा उसकी आमाले त उत्ताउली भन्दै गाली गर्नु, ठेकेदार काकाले सारिकालाई पिसाप फेर्ने ठाउँमा छुन्छ भन्दा इज्जत जाने डरले तिमीलाई त छोरी मान्छ, ऊ साभ्रो छ भन्नु आदि सवै घटनाहरू बाहिर ननिस्कनु भनेको पुरुषप्रधान देश भएको कारणले गर्दा हो ।

यसरी यस उपन्यासमा पुरुष प्रभुत्वावादी समाजको सानो भन्दा सानो कुरालाई नाटकीय ढंगबाट कलात्मक रूपमा देखाइएको छ ।

## ४.२ नेपाली उपन्यास परम्परामा राजेन्द्र थापाको योगदान र द्रौपदी उपन्यासको स्थान

नेपाली साहित्यमा राजेन्द्र थापाले धेरै विधामा कलम चलाएका छन् । जस्तै : गीत, नाटक, कविता, उपन्यास आदी । नेपाली साहित्यको इतिहासमा गद्यख्यानको परम्परा शक्तिवल्लभ अर्यालद्धारा अनुदित 'महाभारत विराटपर्व' (१८२७) बाट सुरु भइको पाइन्छ भने त्यसैगरी नेपाली साहित्यको इतिहासमा उपन्यासको स्वच्छन्दतावादी धारा 'भ्रमर' (१९९३) सामाजिक यथार्थवादी धारा मुलुकबाहिर (२००४) साथै ऐतिासिक यथार्थवादी धारा डायमनशमशेर राणाको "बसन्ती" (२००६) आधुनिक उपन्यासको प्रारम्भ 'रूपमति' उपन्यास भएको पाइन्छ भने विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यमा भित्राएको फायडको यौन मनोविज्ञान तथा मनोविश्लेषण सिद्धान्तमा आधारित भएर उपन्यास लेखन कार्यलाई निरन्तरता नभएता पनि यस सिद्धान्तलाई आधातिर भएर उपन्यास लेख्ने श्रेय उपन्यासकार राजेन्द्र थापा र उनको (**द्रौपदी** २०७०) लाई जान्छ ।

आधुनिक उपन्यास भन्नाले हाल भैरहेको समाजभित्रका गतिविधिलाई समेटिएर लेखिएको कथावस्तु भन्ने बुझिन्छ । त्यस्तै यस उपन्यास **द्रौपदी** पनि भरिपूर्ण यौन मनोविज्ञानमा आधारित उपन्यास हो । विश्वेश्वरप्रसाद कोइराला पछिका प्रखर यौनमनोविज्ञानका उपन्यासकार भन्दा पनि

अत्युक्ति नहोला । थापा आधुनिक यथार्थ तथा यौन मनोविज्ञान र मनोविश्लेषणप्रति सजगता र औपन्यासिकता निर्वाहको दृष्टिले पनि उल्लेखनीय छ। आधुनिक पृष्ठभूमि, घटनाहरू र पात्रमा निर्भर यस उपन्यासको प्रमुख पात्रका रूपमा सारिका हो भने यसैको आडमा प्रकारित वर्तमान परिप्रेक्षमा यसको आधुनिक यथार्थ हो । माया प्रेमको केन्द्रीयतामा आघात प्रत्याघातमय वातावरणले उपन्यासलाई गति आवेग र द्वन्द्व दिइको छ। अनि प्रतिशोध र प्रतिद्वन्द्विताको वैयक्तिक महत्वको त्यस यथार्थलाई देखाउन खोजेका छन् । कुशल भाषिकशिल्प र औपन्यासिक शिल्पको संयोग कारणबाट यो उत्कृष्ट आधुनिक यथार्थवादी उपन्यासको रूपमा देखाएको छ । यसले उपन्यासकार राजेन्द्र थापालाई एक कुशल उपन्यासकारका रूपमा स्थापित गर्न सकिन्छ।

आधुनिक उपन्यास क्रम "रूपमति" उपन्यासबाट सुरु हुन र सँगसँगै आधुनिक यथार्थवादी उपन्यास तथा यौन मनोविज्ञान तथा मनोविश्लेषणमा आधारित भएर लेखिएको उपन्यास तथा यसमा वर्तमान युवायुवतीले बोल्ने तथा वास्तविक भाषाशैलीलाई उपन्यासकार थापाले उनको दुइवटै उपन्यास खेलौना र **द्रौपदी** उपन्यासमा सुन्दर तरिकाले उतारेका छन् । यौन मनोविज्ञान तथा मोविश्लेषणलाई आधार बनाउँदै तथा वर्तमान युवापुस्ताले पूरातनवादी सोच तथा विचारलाई यसरी परिमार्जन तथा परिसकार गर्दै लान खोजेको छ भन्ने कुरा यसमा पाउन सकिन्छ। **द्रौपदी** (२०७०) ले महिलाहरूलाई दासी बनाउँने नेपाली परम्परा तथा सन्तान उत्पादन गर्ने मेसिनको रूपमा लिने र महिलाहरूलाई घरायसी काममा मात्र सीमित राख्ने नेपाली परम्परा विरुद्ध दह्रो रूपमा आधुनिक युवायुवतीले कसरी त्यसको प्रतिपाद गर्न सक्छन् र घरेलु हिंसालाई आजका नारीहरूले कसरी उजागर गरेका छन् भन्ने कुरा नायिका सारिका, सहायक पात्र रमा, माया र डा. अनु मार्फत देखाउँन खोजिएको छ।

समग्रमा भन्नुपर्दा थापाको यो द्रोपदी उपन्यासले नेपाली उपन्यास परम्परामा आधुनिक उपन्यास लेखन तथा त्यसमा पनि आधुनिक यथार्थवादी तथा यौन मनोविज्ञान तथा मनोविश्लेषणलाई आधार बनाई उपन्यास लेख्ने संस्कृति विकासमा भावी पुस्तालाई तथा यौन मनोविज्ञान तथा मनोविश्लेषणमा आधारित भई अध्ययन तथा विश्लेषण गर्न चाहनेहरूलाई सहयोग गर्नेछ।

*

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

नेपाली साहित्यमा उल्लेखनिय योगदान दिन सफल साहित्यकार थापाको **द्रौपदी** उपन्यासको औपन्यासिक तत्वका आधारमा विश्लेषणमा केन्द्रित रहेको प्रस्तुत शोधपत्रमा पाँच परिच्छेद रहेका छन् । विशेषतः यौन मनानेविज्ञान तथा मनोवित्रानलाई केन्द्रब्न्दि बनाएर लेखिएको यस उपन्यास खेलौना आधुनिक, यथार्थवादी उपन्यास हो । परिच्छेद एक अन्तर्गत शोध परिचय रहेको छ । उक्त परिच्छेदमा शोधकार्यको शीर्षक, शोधार्थी, विषय परिचय, समस्या कथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्व, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि र शोधकार्यको रूपरेखालाई प्रस्तुत गरिएको छ । जस अन्तर्गत सारांशमा यस उपन्यासको कृतिपरक अध्ययन अन्तर्गत गरिने अध्ययनको सारतत्व बुझ्न सकिन्छ ।

परिच्छेद दुईमा उपन्यास सिद्धान्त रहेको छ र जस अर्न्तगत उपन्यासको परिचय, व्युत्पति र अर्थ, उपन्यासको स्वरूप, उपन्यास रचनाका आधारभूत तत्वहरूको सङ्क्षिप्तमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

परिच्छेद तिनमा साहित्यकार राजेन्द्र थापाको औपन्यासिक यात्रा तथा प्रवृत्ति रहेको छ । जस अन्तर्गत थापाको सङ्क्षिप्त जीवनी-जन्म, बाल्यकाल, शिक्षा-दिक्षा, ब्रतबन्द, विवाह, दाम्पत्य जीवन छोराछोरी, जागिर तथा वैवाहिक र पारिवारिक स्थिति, प्रेरणा, प्रभाव र पृष्ठभूमिका, साहित्यमा प्रवेश, साहित्य सेवा, पुरस्कार तथा मानसम्मान, थापाका साहित्यिक कृतिहरू, थापाका विधागत विविधता र औपन्यासिक यात्रा, थापाका मूलभत प्रवृत्ति, थापाको साहित्यिक योगदान तथा मुल्याङ्कन र निष्कर्षको व्याख्या तथा विश्लेषण गरिएको छ ।

परिच्छेद चारमा **द्रौपदी** उपन्यासको औपन्यासिक तत्वका आधारमा विश्लेषण गरिएको छ । जस अन्तर्गत औपन्यासिक उपकरणका आधारमा **द्रौपदी**को कथासार, कथानकको रूपरेखा, पात्र र चरित्र

चित्रण, पात्र परिचय, द्वन्द्व, कथोपकथन, संवाद, देश, काल र वातावरण, भाषाशैली, विचार कौतूहलता, उद्देश्य, उपन्यासको संगठन, नेपाली उपन्यास परम्परामा राजेन्द्र थापा र उनको **द्रौपदी** उपन्यासको स्थानको बारेमा संङ्क्षिप्त व्याख्या तथा विश्लेषण गर्ने कार्य गरिएको छ ।

विशेषगरी परम्परादेखि चल्दै आएको पितृसतात्मक नारीका विपक्षमा रहेकाले त्यसको त्यहाँ विरोध गरिएको हुन्छ । यसमा नारी मुक्तिका लागि स्वयम् नारी नै सक्रिय हुनुपर्ने देखाइएको छ । पाँच छ वटा सत्य घटना र सत्य पात्रहरूलाई समावेश गरी उक्त उपन्यास तयार पारेका छन् । यस उपन्यासम नेपाली समाजभित्र रहेको घरेलु हिंसा र त्यसबाट उत्पन्न हिस्टेरिया रोग उत्पन्न भएको कथा प्रस्तुत गरिएको छ । यो बहुआयामिक बनेको छ ।

## ५.२ निष्कर्ष

साहित्यकार थापा गीत र गजलसँगै उपन्यासको क्षेत्रमा पनि कलम चलाएको उनको खेलौना र **द्रौपदी** उपन्यासबाट प्रष्ट हुन्छ । उनले नेपाली साहित्यको विविध विधामा कलम चलाउने समकालीन गर्दा विद्यालय स्तरीय कविता प्रतियोगितामा भाग लिई द्वितीय स्थान हासिल गरी मेडल समेत प्राप्त गरे । यो सफलमा नै उनको साहित्य क्षेत्रको प्रवेशको पहिलो खुड्किलो साबित भयो । त्यसपछि उनी लामो सैनिक जीवनमा प्रवेश गरे । उनले कठिनपूर्ण सैनिक जीवनमा पनि साहित्यमा कलम चलाई नै रहे ,। थपाका औपन्यासिक कृतिहरूमा खेलौना पहिलो र **द्रौपदी** दोस्रो उपन्यास हो । उनका उपन्यासमा काल्पनिक विषयवस्तु भेटिदैन । थयार्थ घटना, समाजमा चलिआएको कुरिती, कुप्रथा, र समाज भित्रको कथाव्यथालाई समेटिएको पाइन्छ । उनी पुरुष भएपनि उनका कृतिमा नारी समानतालाई विशेष जोड दिइएको पाइन्छ । आफ्नो हकहितका लागि सम्पूर्ण नारी जाति एक हुनुपर्दछ भन्ने प्रवृतिगत भाव उपन्यासकार थापाका उपन्यासमा देख्न पाइन्छ । वि.सं २००६ सालमा लेखेका क्षितिजको खोजीमा विविध कारणले पाण्डुलिपिमा मात्र सीमित भएपनि पत्रकार सुवर्ण आचार्य मोडल स्मिता थापाको “मलाई लोग्ने हाइन, लोग्ने मानिस चाहिन्छ” भन्ने अन्तर्वार्ता पढेपछि त्यसै अन्तर्वातालाई मुख्य आधार बनाउँदै वि.सं २०६९ सालमा पूनः उपन्यास लेखनलाई निरन्तरता दिने क्रममा **द्रौपदी** उपन्यास लेखेर आफू उपन्यासकार पनि रहेको कुरालाई स्पष्ट पारेका छन् । उनका उपन्यासहरूमा यथार्थ तथा व्यवहारिक

कथावस्तुमा अनेक कथा जेडिएर अत्यधिक कल्पनाले प्रश्रय पाएको पनि छ । विशेषगरी समाजमा रहेको विकृति विसङ्गतिलाई टपक्क टिपेर आफ्ना उपन्यासमा प्रस्तुत गरेका छन् । आधुनिक युवायुवतीहरूको यौन मनोविज्ञान तथा मनोविश्लेषणको चित्रण गरेर आफूले भोगेका कथावस्तुलाई आधार बनाइएको छ । यसैगरी **द्रौपदी** उपन्यासको एउटा महत्वपूर्ण स्वर परम्परित पितृसतात्मक समाजको नारी विरोधी सोचलाई परिवर्तन गर्नु हो । यस उपनयासमा सारिका, रमा, माया र डा.अनुका माध्यमबाट परम्परित नारी विरोध र लैङ्गिक उत्पीडनको सोचलाई परिवर्तन गर्नुपर्ने कुराहरू आएका छन् भने पुरुषहरू पनि यौनका दृष्टिले हिनताबोध भएको देखाइएको छ । उत्मम लाल कहिले पनि यौनसन्तुष्टि हुन नसक्नु, उनका भाई कुवेरले आफ्नो श्रीमतीलाई यौनसुख दिन नसक्नु पुरुषको कमजोरीबारे यस उपन्यासमा राम्ररी प्रष्ट्याइएको छ ।

औपन्यासिक उपकरणका आधारमा **द्रौपदी** उपन्यासलाई हेर्दा जम्मा ३८ परिच्छेद र २४० पृष्ठमा विभाजित भएको मझौला खालको उपन्यास हो । यसको कथावस्तुलाई हेर्दा यौवन अवस्थाको यौन चाहना र यौन इच्छा पुरा हुन नसक्दाको परिणामलाई कथामा सरल रूपले देखाउन खोजिएको छ भने विशेष गरी नारी मनको भावना र नारीको पीडादायक कथा व्यथालाई प्रस्तुत गरिएको छ । यसको मूल कथानक काल्पनिक भए पनि यथार्थ तथा व्यवहारिक मनोविज्ञान तथा मनोविश्लेषणको प्रस्तुत सशक्त रूपमा आएको छ ।

**द्रौपदी** उपन्यास वर्णनात्मक शैलीमा लेखिएको र सरल भाषाका कतिपय अश्लिल भाषाको पनि उपन्यास हो । उपन्यासमा हिन्दी, अंग्रेजी, नेवारी, नेपालको पश्चिमतिरको दार्चुलेली भाषाका शव्दहरूको प्रयोग पनि प्रशस्त मात्रामा भएको पाइन्छ । यथार्थ कथावस्तुमा काल्पनिक उपकथाहरू जोडेर उपन्यासलाई नाटकिय बनाउनका साथै विभिन्न किसिमका प्रतीक र पूर्व सङ्केतको प्रयोगले उपनयासलाई उत्कृष्ट बनाएको छ । उपन्यास भाषिक प्रयोगका दृष्टिले सफलर सुन्दर बन्नुमा अनुकरणात्मक शव्द र उपमाको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको छ । कथानकमा सत् र असत् पक्षको संवाद देखाइएको छ ।

यस उपन्यासमा यस उपन्यासकी मुख्य नायिका सारिका ९ वर्षको हुँदा आफ्नै ठुलीआमाको छोराबाट बलात्कृत भएकी छ भने अलि ठूली भएपछि बाबुकी साथी ठेकेदार काकाबाट बलात्कृत हुन्छे । पछि

विवाह भैसकेपछि पनि आफ्नै जेठाजुबाट पटक पटक बलत्कृत हुन्छे । हाम्रो नेपाली समाजमा एउटा नारी बाल्यकालदेखि जीवनको हरेक क्षणमा आफ्नै आफन्त तथा अन्य पुरुषपात्रबाट सुरक्षित छैन भन्ने कुरा यस उपन्यासले चित्रण गर्न सफल भएको छ । यस उपन्यासले समकालीन नेपाली समाजको मध्यम वर्गीय नारीको स्थितिलाई प्रस्तुत गरेको छ ।

निष्कर्षमा भन्नुपर्दा यस उपन्यासमा असत् पात्रको हार र सत् पात्रको जित भएको देखाएको छ । सारिकाले आफूलाई घरभित्रै पटक पटक बलात्कार गर्ने जेठाजु उत्तमलाललाई सर्प समातेर टोकाएर उसको ज्यान लिएकी छ । उपन्यासको सुखान्त अन्त्य गरिएको छ ।

यस उपन्यासको माध्यमबाट उपन्यासकारले आफ्नो विचारलाई उपन्यासको चरित्रका माध्यमबाट प्रष्ट्याउन खोजेका छन् । वर्णनात्मक शैलीमा लेखिएको कृतिहरूसँग तुलना गरेर स्थान निर्धारण गर्न सकिन्छ । उपन्यासकार राजेन्द थापालाई उनी यथार्थ उपन्यास लेख्ने उपन्यासकार र तिनका कृतिसँग तुलना गरी स्थान निर्धारण गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यमा भित्राएको यौन मनोविज्ञान तथा मनोविश्लेषणलाई राजेन्द्र थापा पूर्वजका उपन्यासहरू विशुद्ध यौन मनोविज्ञान तथा मनोविश्लेषणमा लेखिएको पाइदैन । थोरबहुत रूपमा आधारित भएर लेखिएको पाइन्छ । तर थापाले **द्रौपदी** उपन्यासका साथै खेलौना उपन्यास यसैमा आधातिर भएर लेखिएको उत्कृष्ट उपन्यासको रूपमा लिन सकिन्छ । उनका नेपाली साहित्यमा हालसम्म दुईवटा मात्र उपन्यास लेख्न सफल भएपनि औपन्यासिक शिल्प र कथ्य चयनका दृष्टिले सवैभन्दा उत्कृष्ट यथार्थवादी तथा यौन मनोविज्ञानमा आधारित उपन्यास **द्रौपदी** मानिन्छ । अतः उनका यस उपन्यासको अध्ययनबाट निम्न निष्कर्षहरू निकाल्न सकिन्छ :

- राजेन्द्र थापा आधुनिक यथार्थवादी उपन्यासकार हुन् ।
- थापाको **द्रौपदी** उपन्यासमा आधुनिक यथार्थवादको प्रयोग भएको पाइन्छ ।
- मूलत **द्रौपदी** उपन्यास नारी मूलक उपन्यास हो ।

- यस उपन्यासमा नारीको यौन चाहना पुरा हुन नसक्दा तथा इच्छा विपरीत हुँदा कस्तो परिणामसम्म भोग्नु पर्छ भने छर्लङ्ग देखाइएको छ ।

- यौन मनोविज्ञान तथा मनोविश्लेषणलाई यथार्थ परक ढंगबाट उक्त उपन्यासमा उतारिएको छ ।

- उक्त **द्रौपदी** उपन्यास हाम्रै समाजमा भएका तथा हुने गरेका घटनालाई उतारिएर कथाका माध्यमबाट प्रस्तुत गरिएको छ ।

## ५.३ अध्ययनका सम्भावित शोधशीर्षकहरु

- नेपाली उपन्यास परम्परामा **द्रौपदी** उपन्यासको स्थान
- **द्रौपदी** उपन्यासमा यौनमनोविज्ञान
- **द्रौपदी** उपन्यासको समाजशास्त्रीय अध्ययन
- संरचनात्मक आधारमा **द्रौपदी** उपन्यासको अध्ययन

# सन्दर्भ सूची

उपाध्याय, केशवप्रसाद, (२०४९), *साहित्य प्रकाशन पाँ.वि.सं.,* ललितपुर साझा प्रकाशन ।

उपाध्याय, डा. केशवप्रसाद (२०६४), *साहित्य -प्रकाश* सातौ संस्करण, ललितपुर : साझा प्रकाशन ।

एटम, नेत्र (२०६१), *समालोचनाको स्वरुप* ललितपुर : साझा प्रकाशन ।

थापा, राजेन्द्र (२०६९), *खेलौना,* काठमाडौं याम्बुरी बुक प्वाइन्ट अनामनगर ।

थापा, राजेन्द्र (२०७०), **द्रौपदी**, काठमाडौं : डिकुरा पब्लिकेसन ।

थापा, राजेन्द्र (२०७२, माघ १९), भेटवार्ता

पोखरेल, बालकृष्ण र अन्य (२०६०), ने*पाली बृहत, शब्दकोश* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, कृष्ण चन्द्रसिंह, (२०४६), *साझा समालोचना,* ते. वि.सं., काठमाडौं, साझा प्रकाशन

बराल, कृष्णहरि र एटम नेत्र (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज* पुलचोक : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६९), *उपन्यासको सौन्दर्भशास्त्र,* पुल्चोक : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* पुल्चोक, ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर, (२०५०), *नेपाली उपन्यासका आधारहरु,* दो.वि.सं. काठमाडौं साझा प्रकारन ।

शर्मा, मोहन राज र खगेन्द्र प्रशाद लुइटेल (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र, (२०६४), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति* (दोस्रो संसकरण, ललितपुर, साझा प्रकाशन ।

## शोधपत्र

जोशी, रामप्रसाद (२०६५), *राजेन्द्र थापाको जीवनी, व्यक्ति र कृतित्वको अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि. किर्तिपुर ।

थापा लक्ष्मी (२०७१) *नारीवादी कोणबाट **द्रौपदी** उपन्यासको विश्लेषण,* अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

## पत्रपत्रिका

अधिकारी, हरि (२०६९), काठमाडौं, नेपाल साप्ताहिक फाल्गुन ६

उपन्यास सिद्धान्त कृष्णचन्द्र प्रधान (नेपाली उपन्यासका आधारहरु) साझा

खगेन्द्र प्र. लुइटेल एकेडेमी प्रकाशन

घिमिरे, जगदिश, (२०६९), खेलौना, काठमाडौं, याम्बरी प्रकाशन

थापा, राजेन्द्र, (२०६९), खेलौना काठमाडौं याम्बुरी बुक प्वाइन्ट अनामनगर ।

थापा, राजेन्द्र, (२०६९), नेपाल समाचारपत्र, काठमाडौं, माघ २६

थापा, राजेन्द्र, (२०७०), नागरिक दैनिक, काठमाडौं बैशाख ७ शनिवार

थापा, राजेन्द्र, (२०७०), **द्रौपदी** काठमाडौं डिकुरा पब्लिकेशन ।

थापा, राजेन्द्र (२०७०), **द्रौपदी** काठमाडौं : डिकुरा पब्लिकेशन ।

थापा, राजेन्द्र, (२०७१ चैत्र २०), भेटवार्ता ।

साहित्य, परिचय, मोहन हिमांशु थापा, साझा प्रकाशन

साहित्य प्रकाश साझा केशव प्र. उपाध्याय

राजेन्द्र सुवेदी उपन्यास, इतिहास घण्टाघर पाठ्यसामाग्री

*